ग्राहक प्रति

NEW BUSINESS AGE LTD.

वर्ष २० | अंक ११६ | काठमाडौं | बिहीवार, १० माघ २०८१ | Thursday, 23 January 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com

नेपालगञ्जमा प्रादेशिक महोत्सव हुँदै २

सूर्य नेपाल वेस्टर्न ओपन शुरू निरज शीर्षस्थानमा ३

अवकाश हुने उमेर किन बढाउने ? ४

हवात्तै बढ्यो प्रशोधित खानेतेलको निर्यात ८






# करदाता पोर्टलसम्मै अनधिकृत व्यक्तिको प्रवेश

## ६ करोड रूपैयाँको कर विवरण बुझाउनुपर्ने कम्पनीको कर विवरण फेरेर १३ करोड बनाइयो

**विजय दमासे**

काठमाडौं

आन्तरिक राजस्व विभागको प्रणालीभित्र छिरेर कम्तीमा एउटा कम्पनीको कर विवरण नै हेरफेर गरेको भेटिएपछि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले दुई जनालाई पक्राउ गरेको छ ।

विभिन्न सरकारी कार्यालयको सर्भर ह्याक भएका घटना पछिल्लो समय सार्वजनिक भइरहँदा विभागको सूचनाप्रविधि प्रणालीभित्र अनधिकृत प्रवेश गरी कर विवरण नै हेरफेर गरेको पाइएको प्रहरीले जानकारी दिएको छ ।

त्यस्तो कार्यमा संलग्न सन्तोष पराजुली र पुरिन पाण्डेलाई पक्राउ गरेर अदालतबाट म्याद थप गरी थप अनुसन्धान भइरहेको सीआईबीका प्रहरी उपरीक्षक सुधीरराज शाहीले आर्थिक अभियानलाई बताए । उनका अनुसार यी दुई जना चितवनस्थित एउटा लेखापरीक्षण गर्ने कम्पनीमा कार्यरत कर्मचारी हुन् । 'हामीले उक्त कम्पनीका सञ्चालकहरूको पनि खोजी गरिरहेका छौं,' उनले भने ।

कुनै करदाताले लेखापरीक्षणका लागि जिम्मा दिएको उक्त लेखापरीक्षण गर्ने कम्पनीका मानिसले अनधिकृत रूपमा अर्को कम्पनीको पासवर्डमा पहुँच बनाई कर विवरण हेरफेर गरेको भेटिएको प्रहरीको भनाइ छ ।

'करदाताहरूले परामर्शदाता हायर गर्ने र विवरणहरू दाखिला गर्न दिने प्रवृत्ति छ,' शाहीले भने, 'परामर्शदातालाई युजर नेम, पासवर्ड दिइएको हुन्छ । परामर्शदाताले लग-इन गर्दै जाँदा अर्को करदाताको एडमिनमा गएको देखिन्छ र अडिट फर्मले असम्बद्ध कम्पनीको कर विवरण म्यानुपुलेट गरेको देखिन्छ ।'

उनका अनुसार हालसम्म एउटा मात्र कम्पनीको कर विवरण हेरफेर



- कर विवरण हेरफेरमा संलग्न भएको आरोपमा चितवनस्थित एक लेखापरीक्षण कम्पनीका दुईजना पक्राउ
- आन्तरिक राजस्व विभागको सूचनाप्रविधि सुरक्षा प्रणाली प्रश्नको घेरामा
- तर विभाग भन्छ- आईटी सूचना प्रणाली प्रभावकारी छ, घटनामा करदाता नै जिम्मेवार

गरेको भेटिएको छ । '६ करोड रुपैयाँको कर विवरण बुझाउनुपर्ने कम्पनीको कर विवरण फेरेर १३ करोड बनाएको पाइयो,' शाहीले भने, 'सम्बद्ध कम्पनीले त्यस्तो विवरण भर्दै नभरेको भनेर गुनासो दर्ता गरेपछि अनुसन्धान गर्दा अरू कसैले विवरण फेरिदिएको पाइएको हो ।'

यो घटनाले विभागको सूचनाप्रविधि (आईटी) प्रणाली सुदृढ नभएको हो कि भन्ने सन्देश गएको विज्ञहरू बताउँछन् ।

'करदाताको पोर्टलसम्मै अनधिकृत व्यक्ति छिर्नु गम्भीर विषय हो, सूचनाप्रविधि विज्ञ मनोहर भट्टराईले भने, 'यो घटना मात्र होइन, पछिल्लो समय सरकारी कार्यालयको अनलाइन सेवा सञ्चालन प्रणालीमा बारम्बार समस्या देखिने गरेको छ । यसले आईटी सिस्टम कति सुरक्षित छ भन्ने प्रश्न उब्जेको छ ।'

तर, आन्तरिक राजस्व विभागले करदाता पोर्टलसम्मै अनधिकृत व्यक्ति प्रवेश गर्नुमा करदाता नै जिम्मेवार भएको बताएको छ ।

'एकीकृत कर प्रणालीमा करदाता आफैले वा कर अधिकृतमार्फत युजर नेम, पासवर्ड तयार गर्ने व्यवस्था छ,' विभागका महानिर्देशक रामप्रसाद आचार्यले भने, 'युजरको पासवर्ड परिवर्तन गर्ने र सुरक्षित राख्ने जिम्मेवारी पूर्णरूपमा करदाताकै हुने व्यवस्था रहेकाले विभागको प्रणालीभित्र छिरेर नभई अनधिकृत व्यक्तिले करदाताको युजर नेम र पासवर्ड प्रयोग गरेर चलखेल गरेका हुन् ।'

उनले विभागको आईटी सिस्टम कमजोर नभएको दाबी पनि गरे । 'विभागको एकीकृत कर प्रणालीमा रहेका सबै करदाताका तथ्यांक, विवरण तथा अभिलेखहरू पूर्ण रूपमा सुरक्षित छन्,' महानिर्देशक आचार्यले भने ।

उनका अनुसार एक करदाताको मूल्य अभिवृद्धि करतर्फको विवरण गलत प्रविष्ट गरेको बेहोरा विभागलाई जानकारी प्राप्त हुनासाथ त्यस सम्बन्धमा विभागबाट छानबिन प्रारम्भ गरिएको थियो । 'थप कारबाहीका लागि सम्बद्ध निकाय (प्रहरी) मा लेखी पठाएको आधारमा अनुसन्धान भइरहेको छ,' उनले भने ।

अनधिकृत व्यक्तले करदाताको पोर्टलमात्रै नभई यसअघि पनि सिंहदरबारभित्रका सरकारी कार्यालयदेखि त्रिपुरेश्वस्थित राहदानी विभागको प्रणाली ह्याक गरी सर्भर नै डाउन गरिदिएका थिए । गत चैतमा यातायात व्यवस्था विभागको सर्भर डाउन भएको थियो । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा अध्यागमन कार्यालयको सर्भर डाउन हुँदा गत वैशाखमा सेवा नै प्रभावित भएको थियो ।

भन्सार विभागको 'आसिकुडा सफ्टवेयर'को सर्भर त्यसैगरी पटकपटक डाउन हुँदा सेवाग्राही मर्कामा पर्दै आएका छन् भने राहादानी विभागको सर्भर केही समयअघि डाउन हुँदा लामो समय सेवा प्रभावित बनेको थियो ।

समस्या यी केही प्रणालीमा मात्रै छैनन्, स्थानीय पञ्जीकरण, मालपोत, नापी, वैदेशिक रोजगार सम्बद्ध ठूला प्रणालीदेखि कार्यालयभित्रका आन्तरिक प्रणालीसम्म समस्याग्रस्त हुने गरेका छन् । यसले गर्दा सेवाग्राहीले लाइन बसेर पनि समयमै सेवा नपाउने र काम नभई फर्किनुपर्नेसम्मको समस्या बारम्बार दोहोरिने गरेको छ ।

'पटक-पटक सिस्टम र सर्भर डाउन हुने समस्या राष्ट्रिय एकीकृत प्रारुपमा आधारित सिस्टम डिजाइन र त्यसअनुरूपको व्यवस्थापन नगर्दाको परिणाम हो,' तत्कालीन सूचनाप्रविधि उच्चस्तरीय आयोगका उपाध्यक्षसमेत रहेका भट्टराईले भने, 'प्रणालीमा आउने समस्याको जिम्मा कसैले नलिने हुनाले सेवाग्राही मर्कामा परेका छन् ।'

# एक दशकदेखि साधारणसभा नगरेको कम्पनीको बजार पूँजीकरण सर्वाधिक

**प्रजिता बुढाथोकी**

काठमाडौं

पछिल्लो ११ वर्षदेखि वार्षिक साधारणसभा नगरेको र ५ वर्षदेखि लेखापरीक्षण पनि नगराएको एक कम्पनीको बजार पूँजीकरण अहिले सर्वाधिक रहेको छ । धितोपत्रको दोस्रो बजारमा सूचीकृत उक्त कम्पनी हो- विशाल बजार कम्पनी लिमिटेड ।

यसको बजार पूँजीकरण बुधवार २ खर्ब ३३ अर्ब ८६ करोड ३२ लाख रुपैयाँ कायम छ, जुन नेपाल स्टक एक्स्चेन्ज (नेप्से) मा सूचीकृत कम्पनीमध्ये सर्वाधिक हो । यसअघि सर्वाधिक पूँजीकरण भएको कम्पनी नेपाल टेलिकम (नेपाल दूरसञ्चार कम्पनी लिमिटेड)को पूँजीकरण भने बुधवार १ खर्ब ६५ अर्ब २ करोड ४० लाख रुपैयाँ कायम भएको छ । धितोपत्रको दोस्रो बजारमा नेपाल टेलिकमको १८ करोड कित्ता शेयर सूचीकृत छ ।

बुधवार धितोपत्र दोस्रो बजारको कुल बजार पूँजीकरण ४४ खर्ब २१ अर्ब १८ करोड १० लाख १७ हजार रुपैयाँ कायम भएको छ । विशाल बजार कम्पनीको शेयरमा लगानीकर्ताको आकर्षण बढेकाले नै शेयर मूल्य वृद्धि भई पूँजीकरण बढेको नेप्सेका एक उच्च अधिकारीले बताए । उक्त कम्पनीको शेयर मूल्य बुधवार बजार बन्द हुँदा प्रतिकित्ता ५ हजार ८३२ रुपैयाँ कायम भएको छ । धितोपत्रको दोस्रो बजारमा विशाल बजार कम्पनीको ४ करोड १ लाख कित्ता शेयर सूचीकृत छ ।

कम्पनीको कुल शेयरमध्ये ३ करोड ९६ लाख ८१ हजार ३३ कित्ता संस्थापकसँग र ४ लाख १८ हजार ९६७ कित्ता सर्वसाधारण शेयरधनीसँग छ । कम्पनीको शेयर संरचनामा संस्थापकतर्फ ९८ दशमलव ९६ प्रतिशत र सर्वसाधारणतर्फ १ दशमलव शून्य ४ प्रतिशत




रहेको नेप्सेले जानकारी दिएको छ । 'सर्वसाधारणतर्फ थोरै कित्तामात्र शेयर भएको र माग धेरै हुने भएकोले यसको भाउ बढेको हो,' नेप्सेका ती अधिकारीले भने ।

यस कम्पनीले आर्थिक वर्ष (आव) २०७७/७८ को दोस्रो त्रैमासम्म वित्तीय विवरण सार्वजनिक गरे पनि त्यसपछि गरेको छैन । पछिल्लो वित्तीय विवरण नै थाहा नभएको कम्पनीको शेयर मूल्य बढी सर्वाधिक बजार पूँजीकरण कायम हुनु अस्वाभाविक रहेको सरोकारवाला बताउँछन् ।

'लामो समयदेखि वित्तीय विवरण नै सार्वजनिक नगरेको कम्पनीको शेयर मूल्य अस्वाभाविक वृद्धि हुनुमा चलखेल जिम्मेवार हुनसक्छ,' पुराना लगानीकर्ता डम्बरुवल्लभ घिमिरे भन्छन्, 'सर्वसाधारणतर्फ थोरै मात्र स्वामित्व रहेको कम्पनीको शेयर मूल्यमा भएको उतारचढावमाथि नियामक निकाय र बजार सञ्चालकले ध्यानपूर्वक अनुसन्धान थाल्नुपर्छ । नत्र लगानीकर्ता जोखिममा पर्ने सम्भावना हुन्छ ।'

यस कम्पनीले २०७० साल चैत १४ गते आव २०६९/७० सम्मको ३३औं वार्षिक साधारणसभा सम्पन्न गरेको थियो । त्यसपछि साधारणसभा गर्न सकेको छैन । कम्पनीले गत साउनमा दुई आव २०७०/७१ र २०७१/७२ को वार्षिक साधारणसभा आह्वान गरे पनि शेयरधनीले विवाद निकालेपछि रोकिएको थियो । कम्पनीले आव २०७५/७६ सम्मको वार्षिक लेखापरीक्षण सम्पन्न

### विशाल बजार कम्पनीको धितोपत्रको अवस्था

**सूचीकृत शेयर**
४०,१००,००० कित्ता

**एक वर्षको अधिकतम मूल्य**
रू. ७,२४७

**एक वर्षको न्यूनतम मूल्य**
रू. ३,५२५

**माघ ९ को अन्तिम मूल्य**
रू. ५,८३२

**माघ ९ को कारोबार कित्ता**
१,९१०

**माघ ९ को कारोबार रकम**
रू. १ करोड ११ लाख ३३ हजार

गरिसकेको सञ्चालक समिति सदस्य राधा पोखरेलले जानकारी दिइन् ।


लामो समयदेखिको वार्षिक लेखापरीक्षण बाँकी रहेको अवस्थामा २०७६/७७ देखि २०८०/८१ सम्मको लेखापरीक्षण सम्पन्न गरी चालू आवभित्र साधारणसभा सम्पन्न गर्ने गरी काम भइरहेको समेत पोखरेलले जानकारी दिइन् ।

कम्पनीले आफ्नो अपरिष्कृत वित्तीय विवरण पछिल्लोपटक २०७७ साल पुस २० गते सार्वजनिक गरेको थियो । उक्त अवधिमा कम्पनीले आव २०७७/७८ को दोस्रो त्रैमाससम्मको वित्तीय विवरण सार्वजनिक गरेको थियो । त्यसपछिका अपरिष्कृत वित्तीय विवरण पनि कम्पनीले सार्वजनिक गरेको छैन ।


# रुसलाई ट्रम्पको चेतावनी

वासिंगटन डीसी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मंगलवार रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमा युद्ध अन्त्य गर्ने सम्झौता अस्वीकार गरे रुसमाथि नयाँ प्रतिबन्ध लगाउन सक्ने संकेत गरेका छन् । रुसी राष्ट्रपति वार्तामा नआए अमेरिकाले मस्कोमाथि थप प्रतिबन्ध लगाउने हो कि भनेर पत्रकारले सोधेको प्रश्नमा ह्वाइट हाउसमा ट्रम्पले भने, 'यस्तो हुन सक्ने सम्भावना छ ।' *एजेन्सी*


नेप्से परिसूचक




सुन (तोला)




अमेरिकी डलर




# सहुलियत कर्जा दुरूपयोगमा १५ वित्तीय संस्थाका सीईओलाई कारबाही

**अभियान संवाददाता**

काठमाडौं

सरकारले ब्याजमा अनुदान दिएको सहुलियत कर्जा दुरुपयोग भएको भेटिएपछि नेपाल राष्ट्र बैंकले १५ ओटा बैंक, वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत (सीईओ) हरूलाई कारबाही गरेको छ । राष्ट्र बैंकले चालू आर्थिक वर्ष २०८१/८२ को दोस्रो त्रैमासमा कर्जा दुरुपयोग गर्ने ७ विकास बैंक र ८ वित्त कम्पनीका सीईओलाई सचेत गराएको हो । कारबाहीमा पर्ने विकास बैंकहरूमा महालक्ष्मी, कामना सेवा, मुक्तिनाथ, सालपा, लुम्बिनी, गरिमा र सप्तकोशी डेभलपमेन्ट बैंक रहेका छन् । यसैगरी समृद्धि, पोखरा, प्रोग्रेसिभ, आइसिएफसि, जानकी, सेन्ट्रल, रिलायन्स र गुडविल फाइनान्सका सीईओ पनि कारबाहीमा परेका छन् ।

सहुलियतपूर्ण कर्जाको सदुपयोगितामाथि प्रश्न उठेपछि राष्ट्र बैंकले गतवर्ष नै विज्ञ नियुक्त गरी पुनर्कर्जा, व्यावसायिक निरन्तरता कर्जा र सहुलियतपूर्ण कर्जाको सदुपयोगिताको अध्ययन गरेको थियो । उक्त अध्ययन प्रतिवेदनमा कर्जाको दुरुपयोग भएको वा दुरुपयोगको आशंका भएको भनी कैफियत जनाइएपछि राष्ट्र बैंकले सम्बद्ध संस्थालाई स्पष्टीकरण सोधेको थियो । सम्बद्ध बैंक र वित्त कम्पनीको आन्तरिक लेखापरीक्षकले पनि केही सहुलियतपूर्ण कर्जा सदुपयोग नभएको बताएपछि राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा २ को खण्ड (क) बमोजिम सचेत गराएको जनाइएको छ ।

अघिल्लो आर्थिक वर्षको बजेटमा कर्जाको प्रभावकारिता अध्ययनका आधारमा सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यक्रमलाई पुनः संरचना

### कारबाहीमा परेका संस्था


- महालक्ष्मी विकास बैंक
- कामना सेवा विकास बैंक
- मुक्तिनाथ विकास बैंक
- सालपा विकास बैंक
- लुम्बिनी विकास बैंक
- गरिमा विकास बैंक
- सप्तकोशी डेभलपमेन्ट बैंक
- समृद्धि फाइनान्स
- पोखरा फाइनान्स
- प्रोग्रेसिभ फाइनान्स
- आइसिएफसि फाइनान्स
- जानकी फाइनान्स
- सेन्ट्रल फाइनान्स
- रिलायन्स फाइनान्स
- गुडविल फाइनान्स

**राष्ट्र बैंक स्रोतका अनुसार उत्पादन बढाउनका लागि भनेर दिएको सहुलियतपूर्ण कर्जा घरजग्गा खरीद तथा व्यक्तिगत प्रयोजनमा दुरूपयोग भएको भेटिएको छ ।**

गर्ने र चालू आर्थिक वर्षमा कर्जाको ब्याज अनुदानसम्बन्धी कार्यविधि पुनरवलोकन गर्ने घोषणा गरे पनि हालसम्म काम हुन सकेको छैन । सहुलियत कर्जा वृद्धि भए पनि यसको प्रभावकारिता नदेखिएको तथा पहुँचवालाले यसको दुरुपयोग गरेको भन्दै आलोचना भइरहेको छ । राष्ट्र बैंकले गतवर्ष नै सहुलियत कर्जाको प्रभावकारिताबारे अध्ययन गरे पनि प्रतिवेदन सार्वजनिक गरेको छैन ।

राष्ट्र बैंक स्रोतका अनुसार उत्पादन बढाउनका लागि भनेर दिएको सहुलियपूर्ण कर्जा घरजग्गा खरीद तथा व्यक्तिगत प्रयोजनमा दुरुपयोग भएको भेटिएको छ । सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधिअनुसार बैंकहरूले व्यावसायिक कृषि तथा पशुपन्छीपालन, शिक्षित युवा स्वरोजगार, विदेशबाट फर्केका युवाको परियोजना, महिला उद्यम, दलित व्यवसाय विकास, उच्च प्राविधिक तथा व्यावसायिक शिक्षा, भूकम्पपीडित निजी आवास निर्माण, कपडा उद्योग, प्राविधिक तथा व्यावसायिक र युवा स्वरोजगार गरी १० क्षेत्रमा बैंकहरूले कर्जा दिँदै आएका छन् ।

कार्यविधिमा क्षेत्रअनुसार ५ लाखदेखि ५ करोड रुपैयाँसम्म कर्जा दिन सकिने व्यवस्था रहेको छ । सहुलियत कर्जामा बैंकहरूले आफ्नो आधारदरमा अधिकतम २ प्रतिशत बिन्दुले थप गरी ब्याजदर निर्धारण गर्न पाउँछन् । उक्त कर्जामा सरकारले ५ प्रतिशत ब्याज अनुदान प्रदान गर्छ । महिला उद्यमशीलता कर्जामा ६ प्रतिशत र ५ करोड रुपैयाँभन्दा माथिको कर्जामा भने २ प्रतिशत मात्र ब्याज अनुदान दिने प्रावधान रहेको छ । आर्थिक वर्षको २०८१/८२ को मङ्सिरसम्ममा बैंक, वित्तीय संस्थाले १ लाख १३ हजार सर्वसाधारणलाई १ खर्ब ९ अर्ब रुपैयाँ सहुलियत कर्जा प्रवाह गरेका छन् । पछिल्लो १ वर्षयता सरकारबाट ब्याज अनुदान नपाएपछि बैंकहरूले नयाँ कर्जा स्वीकृति गरेका छैनन् ।



## नेपालगञ्जमा प्रादेशिक महोत्सव हुँदै

राँझा (बाँके) । उद्योग, व्यापार, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले नेपालगञ्जमा प्रादेशिक महोत्सव हुने भएको छ । नेपालगञ्ज उद्योग वाणिज्य संघको मुख्य आयोजना एवं नेपाल उद्योग वाणिज्य महासंघको आयोजना तथा कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) बाँकेको सहकार्यमा यही माघ १० देखि २२ गतेसम्म नेपालगञ्ज-१८ स्थित सडक डिभिजन कार्यालय परिसरमा महोत्सव गर्ने तयारी गरिएको नेपालगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष टङ्कबहादुर धामीले जानकारी दिए ।

'उद्योग, व्यापार, कृषि, जडीबुटी, रोजगार सूचना प्रविधि र पर्यटन, व्यावसायिक उद्यमशाला तथा कलासंस्कृतिको प्रवर्द्धन' मूल नारासहित प्रादेशिक महोत्सव आयोजना गरिएको छ,' अध्यक्ष धामीले भने, 'महोत्सव तीन लाखभन्दा बढी दर्शकले प्रत्यक्ष अवलोकन गर्नेछन् ।' नेपालगञ्ज उद्योग वाणिज्य संघले २०५६ सालदेखि निरन्तर महोत्सव आयोजना गर्दै आएको छ । *रासस*

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय कलैया, बाराका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८१/१०/१० गते बिहिबार, आर्थिक अभियान राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्यौंट नगर्नु भएकोले यस बैंकबाट पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्यौंट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले कर्जा असुलीका लागि मिति २०८०/०३/१८ गते सोमबारको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनीक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम चुक्ता तथा धितो लिलाम बिक्री नभएकोले मिति २०८१/०४/१७ गते बिहिबारको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम बिक्री नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र **बैंकको शाखा कार्यालय, कलैया बारामा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) **बैंकको शाखा कार्यालय, कलैया बारामा** दिनको ठीक १:०० (एक) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्च: यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्यौंट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा व्यक्तिगत जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताहरुको विवरण :**

**१ ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा कम्पनी ऐन, २०२१ बमोजिम मिति २०४४/८/१६ गते दर्ता नं. १०९४/०४४/०४५ मा दर्ता कायम (कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वर काठमाण्डौको मिति २०७४/९/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफम (१) बमोजिम मिति २०७४/०९/१९ गते दर्ता प्रमाण पत्रको प्रतिलिपि प्राप्त) भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय बिरगंजबाट मिति २०७०/०४/१७ (मु.अ.कर दर्ता मिति २०७०/०४/१७, अन्त: शुल्क दर्ता मिति २०७२/०४/३२) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं.६०१२३२७९० को प्रमाण पत्र प्राप्त **अरुणोदय डिष्ट्रिलरी प्रा.लि. । रजिष्ट्रर्ड ठेगाना :** पर्सा जिल्ला बिरगंज महानगरपालिका वडा नं. ७, बहुअर्वा भाठा ।

| | |
|---|---|
| **संचालक तथा जमानतकर्ता : प्रभात जयसवाल**<br>(ना.प्र.न. ११९७ जारी मिति २०५६/०३/२० जारी गर्ने कार्यालय जि.प्र.का.बारा) ।<br>ठेगाना : बारा जिल्ला दहियार गा.बि.स. वडा नं. ६ (हाल महांगढीमाई न.पा. वडा नं. ४ दहियार) ।<br>बाबु: असर्फि लाल प्रसाद जैसवाल । बाजे: मिश्रीलाल साह । | **संचालक तथा जमानतकर्ता : प्रभाकार जयासवाल**<br>(ना.प्र.न:२३४६४जारी मिति २०५४/०७/०६ जारी गर्ने कार्यालय जि.प्र.का.बारा) ।<br>ठेगाना : बारा जिल्ला दहियार गा.बि.स. वडा नं. ६ (हाल महांगढीमाई न.पा. वडा नं. ४ दहियार) ।<br>बाबु : असर्फि लाल प्रसाद जैसवाल । बाजे : मिश्रीलाल साह । |
| **संचालक तथा जमानतकर्ता : असर्फि लाल प्रसाद जैसवाल**<br>(ना.प्र.न: १०३९/२२९४१०३९ जारी मिति २०३३/०८/०६ जारी गर्ने कार्यालय जि.प्र.का.बारा) ।<br>ठेगाना : बारा जिल्ला दहियार गा.बि.स. वडा नं. ६ (हाल महांगढीमाई न.पा. वडा नं. ४ दहियार) ।<br>बाबु : मिश्रीलाल साह ।<br>बाजे : सुब्बा साह । | **संचालक तथा जमानतकर्ता : किरण देबी**<br>(ना.प्र.न:२३४५/५६२ जारी मिति २०४५/०२/०७ जारी गर्ने कार्यालय जि.प्र.का.बारा) ।<br>ठेगाना : बारा जिल्ला दहियार गा.बि.स. वडा नं. ६ (हाल महांगढीमाई न.पा. वडा नं. ०४ दहियार) ।<br>बाबु: रामनारायण प्रसाद चौधरी । बाजे: पोखन चौधरी ।<br>पती : असर्फि लाल प्रसाद जैसवाल/ससुरा : मिश्रीलाल साह । |
| **संचालक तथा जमानतकर्ता : नन्दलाल प्रसाद जयसवाल**<br>(ना.प्र.न.१५२३/११५९ जारी मिति २०३९/११/२७ जारी गर्ने कार्यालय जि.प्र.का.बारा) ।<br>स्थायी ठेगाना : बारा जिल्ला बघवन गा.बि.स. वडा नं. ३ (हाल कलैया उ.म.न.पा. वडा नं. १४) ।<br>हालको ठेगाना : बारा जिल्ला महांगढीमाई न.पा. वडा नं. ४ दहियार) ।<br>बाबु : कमलदेव प्रसाद जयसवाल ।<br>बाजे : रामअश्रे साह । | **संचालक तथा जमानतकर्ता : भागो देबी जयसवाल**<br>(ना.प्र.न.१६९१/२४९८ जारी मिति २०४६/०७/१० जारी गर्ने कार्यालय जि.प्र.का.बारा) ।<br>स्थायी ठेगाना : बारा जिल्ला बघवन गा.बि.स. वडा नं. ३ (हाल कलैया उ.म.न.पा. वडा नं. १४) ।<br>हालको ठेगाना : बारा जिल्ला महांगढीमाई न.पा. वडा नं. ४ दहियार) ।<br>बाबु : बासुदेब साह कलवार ।<br>बाजे : बालचन चौधरी/पती : नन्दलाल प्रसाद जयसवाल । |

**लिलाम विक्री हुने धितो सम्पत्तिको विवरण :**

१. असर्फि लाल प्रसाद जयासवालको नाममा मालपोत कार्यालय कलैया बारामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला लक्ष्मीनिया गा.बि.स. वडा नं. ५ नक्सा सिट नं. ५ग स्थित कि.नं. ६७० र ६७२ क्षेत्रफल ०-०-१९-० र ०-०-३-८ (बिघा) घर/जग्गा लगायत लिगलगापात समेत ..........................................१

२. असर्फि लाल प्रसाद जयासवालको नाममा मालपोत कार्यालय कलैया, बारामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला दहियार गा.बि.स.वडा नं.३ नक्सा सिट नं.३ स्थित कि.नं.७९६ क्षेत्रफल ०-२-१०-० (बिघा), ऐ.ऐ.वडा नं. ६ नक्सा सिट नं. ६ स्थित कि.नं.१०१४ क्षेत्रफल ०-५-०-० (बिघा) र ऐ.ऐ.वडा नं. ६ नक्सा सिट नं.६गा स्थित कि.नं.२५८ क्षेत्रफल ०-२-८-६ (बिघा) समेतको घर/जग्गा लगायत लिगलगापात समेत...........................................................१

३. भागो देबी जयसवालको नाममा मालपोत कार्यालय कलैया बारामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला वरियारपुर गा.बि.स. वडा नं. ९ नक्सा सिट नं.९ स्थित कि.नं. १०६९ को क्षेत्रफल ०-२-१०-० (बिघा) घर/जग्गा लगायत लिगलगापात समेत...............................१

४. नन्दलाल प्रसाद जयसवालको नाममा मालपोत कार्यालय कलैया बारामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला वरियारपुर गा.बि.स.वडा नं. ९ नक्सा सिट नं. ९ स्थित कि.नं. १३०७ क्षेत्रफल ०-१०-०-० (बिघा) घर/जग्गा लगायत लिगलगापात समेत..............१

५. ऋणी **अरुणोदय डिष्ट्रिलरी प्रा.लि.**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ...............................१

**२. ऋणी:** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७४ मंसिर ४ मा दर्ता भई दर्ता नं १७८५९४/०७४/०७५ कायम भई, नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय बिरगंजबाट मिति २०७४/०९/०६ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं.६०६८४६३४१ को प्रमाण पत्र प्राप्त **ब्लु स्टार डिष्ट्रब्युटर्स प्रा.लि. । रजिष्ट्रर्ड ठेगाना :** पर्सा जिल्ला बिरगंज महानगरपालिका वडा नं. १३ ।

| | |
|---|---|
| **संचालक तथा जमानतकर्ता : प्रभात जयसवाल**<br>(ना.प्र.न. ११९७ जारी मिति २०५६/०३/२० जारी गर्ने कार्यालय जि.प्र.का.बारा) ।<br>ठेगाना : बारा जिल्ला दहियार गा.बि.स. वडा नं. ६ (हाल महांगढीमाई न.पा. वडा नं. ४ दहियार) ।<br>बाबु: असर्फि लाल प्रसाद जैसवाल । बाजे: मिश्रीलाल साह । | **संचालक तथा जमानतकर्ता : प्रभाकार जयासवाल**<br>(ना.प्र.न:२३४६४जारी मिति २०५४/०७/०६ जारी गर्ने कार्यालय जि.प्र.का.बारा) ।<br>ठेगाना : बारा जिल्ला दहियार गा.बि.स. वडा नं. ६ (हाल महांगढीमाई न.पा. वडा नं. ४ दहियार) ।<br>बाबु : असर्फि लाल प्रसाद जैसवाल । बाजे : मिश्रीलाल साह । |
| **संचालक तथा जमानतकर्ता : असर्फि लाल प्रसाद जैसवाल**<br>(ना.प्र.न: १०३९/२२९४१०३९ जारी मिति २०३३/०८/०६ जारी गर्ने कार्यालय जि.प्र.का.बारा) ।<br>ठेगाना : बारा जिल्ला दहियार गा.बि.स. वडा नं. ६ (हाल महांगढीमाई न.पा. वडा नं. ४ दहियार) ।<br>बाबु : मिश्रीलाल साह ।<br>बाजे : सुब्बा साह । | **संचालक तथा जमानतकर्ता : किरण देबी**<br>(ना.प्र.न:२३४५/५६२ जारी मिति २०४५/०२/०७ जारी गर्ने कार्यालय जि.प्र.का.बारा) ।<br>ठेगाना : बारा जिल्ला दहियार गा.बि.स. वडा नं. ६ (हाल महांगढीमाई न.पा. वडा नं. ०४ दहियार) ।<br>बाबु: रामनारायण प्रसाद चौधरी । बाजे: पोखन चौधरी ।<br>पती : असर्फि लाल प्रसाद जैसवाल/ससुरा : मिश्रीलाल साह । |
| **संचालक तथा जमानतकर्ता : नन्दलाल प्रसाद जयसवाल**<br>(ना.प्र.न.१५२३/११५९ जारी मिति २०३९/११/२७ जारी गर्ने कार्यालय जि.प्र.का.बारा) ।<br>स्थायी ठेगाना : बारा जिल्ला बघवन गा.बि.स. वडा नं. ३ (हाल कलैया उ.म.न.पा. वडा नं. १४) ।<br>हालको ठेगाना : बारा जिल्ला महांगढीमाई न.पा. वडा नं. ४ दहियार) ।<br>बाबु : कमलदेव प्रसाद जयसवाल ।<br>बाजे : रामअश्रे साह । | **संचालक तथा जमानतकर्ता : भागो देबी जयसवाल**<br>(ना.प्र.न.१६९१/२४९८ जारी मिति २०४६/०७/१० जारी गर्ने कार्यालय जि.प्र.का.बारा) ।<br>स्थायी ठेगाना : बारा जिल्ला बघवन गा.बि.स. वडा नं. ३ (हाल कलैया उ.म.न.पा. वडा नं. १४) ।<br>हालको ठेगाना : बारा जिल्ला महांगढीमाई न.पा. वडा नं. ४ दहियार) ।<br>बाबु : बासुदेब साह कलवार ।<br>बाजे : बालचन चौधरी/पती : नन्दलाल प्रसाद जयसवाल । |

**लिलाम बिक्री हुने धितो सम्पत्तिको बिवरण :**

१. असर्फि लाल प्रसाद जयासवालको नाममा मालपोत कार्यालय कलैया बारामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला दहियार गा.बि.स.वडा नं.३ नक्सा सिट नं.३ स्थित कि.नं. ६३३ को क्षेत्रफल ०-१३-५-० (बिघा) घर/जग्गा लगायत लिगलगापात समेत.........................................१

२. भागोदेबी जयसबालको नाममा मालपोत कार्यालय कलैया बारामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला बरियारपुर गा.बि.स. वडा नं.९ नक्सा सिट नं.९ स्थित कि.नं. १३०६ क्षेत्रफल ०-६-०-० (बिघा) घर/जग्गा लगायत लिगलगापात समेत............................................१

३. प्रभाकर जयसवालको नाममा मालपोत कार्यालय कलैया बारामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला निजगढ गा.बि.स. वडा नं.८ नक्सा सिट नं ८क स्थित कि.नं.१०६६ को क्षेत्रफल ०-०-१६-० (बिघा) घर/जग्गा लगायत लिगलगापात समेत...............................................१

४. किरण देबी जयसवालको नाममा मालपोत कार्यालय कलैया बारामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला दहियारा गा.बि.स.वडा नं.३ नक्सा सिट नं. ३ स्थित कि.नं.७६६ क्षेत्रफल ०-५-०-० (बिघा), ऐ.ऐ. वडा नं. ६ नक्सा सिट नं. ६गा स्थित कि.नं.२३६ क्षेत्रफल ०-१-३-८ (बिघा) र ऐ.ऐ. भवानिपुर गा.बि.स.वडा नं. ६ नक्सा सिट नं.६ स्थित कि.नं. ३०६१ र ३०६९ क्षेत्रफल ०-०-४-४ र ०-०-१-६ (बिघा) को घर/जग्गा लगायत लिगलगापात समेत...........................१

५. ऋणी **ब्लु स्टार डिष्ट्रब्युटर्स प्रा.लि.**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ...............................१

**पुनश्च:**

१. **बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोल पत्रफारम बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय कलैया, बारा**बाट प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिमलाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय कलैया, बारा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-४७८८५००, फ्याक्स नं. ०१-४७८०५८८**

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

**Delight Climate Pvt. Ltd.** द्वारा बिक्रि वितरण गरिदै आएका निम्न विवरणका मालवस्तुहरूको अधिकतम खुद्रा विक्रि (MRP) सर्वसधारणलाई जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

Since 2009"
DELIGHT CLIMATE(P)LTD.
Pulchowk, Lalitpur,Nepal/ Regd No:- 68189/066/067
Corporate: Kathmandu-10, Baneshwor,
VAT no: 303884857 Tell: 9851027910

| सि.नं. | पैठारीकर्ताको नाम, ठेगाना | स्थायी लेखा नम्बर | सामानको नाम | ब्राण्ड | मोडेल | क्षमता | अधिकतम खुद्रा विकि मूल्य |
|---|---|---|---|---|---|---|---|
| 1 | **Delight Climate Pvt. Ltd.** | 303884857 | Air Conditioner | MBO | MBO-12KWB | 1.0 TR | 66,600.00 |
| Note: The above prices are inclusive of VAT. | | | | | | | |

## ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारे ३५ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८१/१०/१०**

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीले विभिन्न कर्जा शिर्षकमा उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार समयमा तिर्न बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज, तथा अन्य लेना रकम नबुझाई वित्तीय संस्थासँग भएको कर्जासँग सम्बन्धित सम्झौताहरु उल्लंघन गर्नु भएकोले ऋणकर्जा उपभोग गरे वापत वित्तीय संस्थालाई तिर्न बुझाउन पर्ने सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत वित्तीय संस्थाको कर्जा चुक्ता भुक्तान नगर्नु भएकोले तपाई तपसिलमा उल्लेखित ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्नुहुन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ दिनभित्र** यस वित्तीय संस्थामा सम्पर्क राखी आफूले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, व्याज, पेनाल व्याज, तथा अन्य लेना रकम चुक्ता भुक्तान गर्नुहोला । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा ऋणकर्जा वापत वित्तीय संस्थालाइ तिर्न बुझाउन पर्ने सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी नगरेमा यस वित्तीय संस्थालाइ कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री गरी संस्थाको लेना रकम असुलउपर गरिने तथा लेना बाँकी रहेमा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित अन्य कानून अनुरुप ऋणी तथा जमानीकर्ताहरुको अन्य चल अचल जाय जेथा श्री सम्पत्तीबाट बाँकी लेना रकम असुल उपर गरिने र कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा नाम समावेस गर्न सिफारीस गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| **१. ऋणीको नाम: श्री एस बि ट्रेडर्स**<br>दर्ता न. : १३०४१/०७९/८०<br>दर्ता कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, बारा<br>दर्ता मिति : २०७९/१०/११<br>स्थायी लेखा न. ६१९३१२२३१<br>फर्मको ठेगानाः जितपुर सिमरा उ.म.न.पा.वडा -०७, बारा<br>**कर्जा शिर्षक : व्यापार कर्जा**<br>**शाखा कार्यालय : जितपुर शाखा**<br>**जमानीकर्ता/ प्रोप्राइटरको विवरण**<br>**नाम : मिन्टु श्रीवास्तव**<br>बाबु : योगेन्द्र प्रसाद श्रीवास्तव<br>ससुरा : सुरेश प्रसाद श्रीवास्तव<br>पति : मुकेश कुमार श्रीवास्तव<br>ठेगाना : लक्ष्मीपुर सु -०५, सर्लाही<br>हाल : जितपुर सिमरा उ.मा.न.पा.वडा -०७, बारा<br>ना.प्र.नं. : १९३०३४/७, सर्लाही<br>जारी मिति : २०७०/०१/२० | **क) नाम : मुकेश कुमार श्रीवास्तव**<br>बाबु : सुरेश प्रसाद श्रीवास्तव<br>बाजे : जनक प्रसाद श्रीवास्तव<br>ठेगाना : भ. जितपुर -३, बारा<br>हाल : जितपुर सिमरा उ.मा.न.पा.वडा -०७, बारा<br>ना.प्र.नं. : ३०७९/११३१, बारा, जारी मिति : २०६३/११/२२<br>**ख) नाम : मन्जु देवी श्रीवास्तव**<br>बाबु : हरिन्द्र प्रसाद श्रीवास्तव<br>पति : सुरेश प्रसाद श्रीवास्तव<br>ससुरा : जनक प्रसाद श्रीवास्तव<br>ठेगाना : भवानीपुर जितपुर-०३, बारा<br>हाल : जितपुर सिमरा उ.मा.न.पा.वडा -०७, बारा<br>ना.प्र.नं. : ४९८८, बारा, जारी मिति : २०६३/०४/३०<br>**ग) नाम : सुरेश प्रसाद श्रीवास्तव**<br>बाबु : जनक प्रसाद श्रीवास्तव<br>बाजे : रघुबिर श्रीवास्तव<br>ठेगाना : चोर्नी-०८, पर्सा<br>हालः जितपुर सिमरा उ.मा.न.पा.वडा -०७, बारा<br>ना.प्र.नं. : २१८११५३३, पर्सा, जारी मिति : २०५३/०५/२६ |

**धितो राखिएको सम्पतिको विवरण :जग्गा**

| जग्गाधनीको नाम | जिल्ला | गा.बि.स/ न.पा | वडा नं | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (बि.क.धु.क) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| सुरेश प्रसाद श्रीवास्तव | बारा | भ.जितपुर | ०३ | - | ३६५५ | ०-०-३-५१/२ (घर समेत) | सो जग्गामा निर्माण भएका तथा पछी भविष्यमा निर्माण हुने सम्पूर्ण संरचनाहरु तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |
| मन्जु देवी श्रीवास्तव | बारा | भ.जितपुर | ०३ | - | ३८७४ | ०-०-५-० | |

| ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| **२) ऋणीको नाम : पुजा किराना पसल**<br>दर्ता न. : १०८३/०६५/६६<br>दर्ता कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, बारा<br>दर्ता मिति : २०६५/१२/२८<br>स्थायी लेखा न. : ३०३५५६१९६<br>फर्मको ठेगाना : भ.जितपुर -०३, बारा<br>**कर्जा शिर्षक : व्यापार कर्जा**<br>**शाखा कार्यालय : जितपुर शाखा**<br>**३) ऋणी/जमानतकर्ता/प्रपोराइटरको नाम : प्रमोद कुमार तेली**<br>बाबु : लाल मन साह तेली<br>बाजे : सर्युग साह<br>पत्नि : शोशिला देवी साह<br>ठेगाना : बागेश्वरी तित्रौना - ०३, पर्सा<br>हाल : जितपुर सिमरा उ.म.न.पा. -०७, बारा<br>न.प्र.न. : ३४३००६/१६०, पर्सा<br>जारि मिति : २०६३/१२/०९<br>**कर्जा शिर्षक : व्यक्तिगत कर्जा**<br>**शाखा कार्यालय : जितपुर शाखा** | **क) नाम : लालमन साह तेली**<br>बाबु : सर्युग साह<br>बाजे : अनवत साह तेली<br>ठेगाना : बा. तित्रौना -०३, पर्सा<br>हाल : जितपुर सिमरा उ.मा.न.पा.वडा -०७, बारा<br>ना.प्र.नं. : ०४४९०४५०, पर्सा, जारी मिति : २०४५/०२/१३<br>**ख) नाम : शारदा देवी तेलीन**<br>पति : लाल मन साह तेली<br>ससुरा : सर्युग साह<br>ठेगाना : बागेश्वरी तित्रौना-०३, पर्सा<br>हाल : जितपुर सिमरा उ.मा.न.पा.वडा -०७, बारा<br>ना.प्र.नं. : ०४४९०४५१, पर्सा, जारी मिति : २०४५/०२/१३<br>**ग) नाम : शोशिला देवी साह**<br>पति : प्रमोद कुमार तेली<br>ससुरा : लाल मन साह तेली<br>ठेगाना : पर्सागढी -०७, पर्सा<br>हाल : जितपुर सिमरा उ.मा.न.पा.वडा -०७, बारा<br>ना.प्र.नं. : ३४-०१-७४-०७२८१, पर्सा<br>जारी मिति : २०७४/०५/१९ |

**धितो राखिएको सम्पतिको विवरण** : जग्गा **धितो दिने व्यक्ति/जग्गाधनीको नाम** : शारदा देवी तेलीन

| जिल्ला | गा.बि.स/ न.पा | वडा नं | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (बि.क.धु.क) | कैफियत |
|---|---|---|---|---|---|---|
| बारा | भ.जितपुर | ०३ | - | ६६५ | ०-०-५-० | सो जग्गामा निर्माण भएका तथा पछी भविष्यमा निर्माण हुने सम्पूर्ण संरचनाहरु तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |
| बारा | भ.जितपुर | ०४ | - | १८८२ | ०-०-४१/२ | |

| ऋणीको विवरण | |
|---|---|
| **४) ऋणीको नाम : रामानन्द खाँ चौधरी**<br>बाबु : प्रेम नारायण खाँ थारु<br>बाजे : जग नारायण खाँ थारु<br>ठेगाना : फत्तेपुर गा.वि.स-०८, बारा<br>हाल : जितपुर सिमरा उ.मा.न.पा.वडा -११, बारा | ना.प्र.नं. : २६८८/१४ बारा<br>जारी मिति : २०५४/११/२६<br>**कर्जा शिर्षक : व्यक्तिगत आवासिय कर्जा**<br>**शाखा कार्यालय : जितपुर शाखा** |

| जमानीकर्ताको विवरण | |
|---|---|
| **क) नाम : घनश्याम चौधरी**<br>बाबु : प्रेम नारायण खाँ थारु<br>बाजे : जग नारायण खाँ थारु<br>ठेगाना : फत्तेपुर गा.वि.स-०८, बारा<br>हाल : जितपुर सिमरा उ.मा.न.पा.वडा-११, बारा<br>ना.प्र.नं. : ३३२०६२/३५४६१, बारा<br>जारी मिति : २०६९/०३/२९ | **ग) नाम : चन्द्रकलि देवी थरुईन**<br>बाबु : सहदेव चौधरी<br>पति : प्रेम नारायण खाँ थारु<br>ससुरा : जग नारायण खाँ थारु<br>ठेगाना : फत्तेपुर गा.वि.स. ०८, बारा<br>हाल : जितपुर सिमरा उमनपा-११, बारा<br>ना.प्र.नं.: ९४६/१६१५, बारा, जारी मितिः २०४४/११/०५ |
| **ख) नाम : संगिता चौधरी**<br>बाबु : हरि नारायण खाँ थारु<br>पति : रामानन्द खाँ चौधरी<br>ससुरा : प्रेम नारायण खाँ थारु<br>ठेगाना : जितपुर सिमरा उमनपा -११, बारा<br>ना.प्र.नं. : ३३-०२-७४-०२८४६, बारा<br>जारी मिति : २०७४/०७/२२ | **घ) नाम : उषा चौधरी**<br>बाबु : रामचन्द्र चौधरी<br>पति : रामानन्द चौधरी<br>ससुरा : प्रेम नारायण खाँ थारु<br>ठेगाना : जितपुर सिमरा उमनपा-११, बारा<br>ना.प्र.नं. : ३३३०६२/९६५, बारा<br>जारी मिति : २०५३/११/१७ |

**धितो राखिएको सम्पतिको विवरण** : घर जग्गा **धितो दिने ब्याक्ती/जग्गाधनीको नाम** : रामानन्द खाँ चौधरी

| जिल्ला | गा.बि.स/ न.पा | वडा नं | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (बि.क.धु.क) | कैफियत |
|---|---|---|---|---|---|---|
| बारा | फत्तेपुर | ०८ | - | ८०० | ०-१-८-० (घर समेत) | सो जग्गामा निर्माण भएका तथा पछी भविष्यमा निर्माण हुने सम्पूर्ण संरचनाहरु तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

**नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको 'ग' वर्गको वित्तीय संस्था**
**गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.**
**प्रधान कार्यालयः गुहेश्वरी भवन, हरिहरभवन, पुल्चोक, ललितपुर**
**फोनः ०१-५४५०४०६, ५४३७४०७**
**E-mail: gmbf@gmbf.com.np/web: www.gmbf.com.np**

## चितवनबाट ११ हजार ३१३ विद्यार्थीले एसइइ दिँदै

चितवन (अस) । माध्यमिक शिक्षा परीक्षा (एसइइ)को तालिका सार्वजनिक भएसँगै चितवनमा तयारी शुरू गरिएको छ । यस वर्षको एसइइमा चितवनबाट ११ हजार ३१३ विद्यार्थी सहभागी हुँदै छन् ।

शिक्षा विकास तथा समन्वय इकाइ भरतपुरका सूचना अधिकारी तथा शाखा अधिकृत रमेश अधिकारीले गतवर्षको तुलनामा यस वर्ष एसइइ दिने विद्यार्थीको संख्या केही बढेको बताए । उनले भने, 'चितवन जिल्लाबाट एसइइका लागि रजिस्ट्रेसन फर्म भर्ने विद्यार्थी यस वर्ष ११ हजार ३१३ रहेका छन् ।' गतवर्षको भन्दा केही बढेको छ ।' उनका अनुसार गतवर्ष चितवनबाट १० हजार ६१५ विद्यार्थीले यो परीक्षा दिएका थिए । यस वर्षको एसइइको नियमित तथा ग्रेडवृद्धि परीक्षा आगामी चैत ७ देखि १९ गतेसम्म सञ्चालन हुने भएको छ । चितवनमा हुने एसइइको तयारी शुरू गरिएको शाखा अधिकृत अधिकारीले जानकारी दिए ।

गतवर्ष चैत १४ देखि २७ गतेसम्म नियमित एसइइ भएको थियो । 'यस वर्ष सात दिनअघि एसइइ परीक्षा हुन लागेको छ, तयारी द्रुत गतिमा लैजानुपर्छ,' अधिकारीले भने, जसमा पाँच हजार ९७५ अर्थात् ५६ दशमलव २४ प्रतिशत विद्यार्थी पास भएका थिए । गतवर्ष ४ हजार ७ सय ९१ जना विद्यार्थी अनुत्तीर्ण भएका थिए । चितवनमा १७ जना विद्यार्थीको चार जिपिए आएको थियो । पुनः जाँचको क्रममा चितवनमा थप एक जना चार जिपिए ल्याउने विद्यार्थी बढेका थिए ।

यसपटक पनि गतवर्षजस्तै ४२ ओटा केन्द्र रहन सक्ने समन्वय इकाइले जनाएको छ । रजिष्ट्रेसन भरेका सबै विद्यार्थीले एसइइ दिए भने गतवर्षको तुलनामा यस वर्ष एसइइ दिने विद्यार्थी ६९८ बढी हुनेछन् । गतवर्ष चितवनमा नौ ओटा संस्थागत विद्यालयका विद्यार्थीले चार जिपिए ल्याउन सफल भएका थिए भने सामुदायिक तर्फका दुईओटा विद्यालयका विद्यार्थीले चार जिपिए ल्याएका थिए । गतवर्ष जिल्लाका पाँचओटा सामुदायिक विद्यालयको नतीजा शून्य आएको थियो ।

## खानेपानी संस्थाहरू करमुक्त गर्न माग

काठमाडौं । राष्ट्रिय साना शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघले मंगलवार खानेपानीमन्त्री प्रदीप यादव र मन्त्रालयका सचिव प्रमिलादेवी शाक्य वज्राचार्यलाई एक ज्ञापनपत्र बुझाउँदै खानेपानी संस्थाहरू करमुक्त हुनुपर्ने माग राखेको छ । महासंघका अध्यक्ष खेमराज वलीको नेतृत्वको टोलीले सिंहदरबारमा मन्त्री र सचिवलाई भेटेर उक्त माग राखेको हो ।

जलवायु परिवर्तन, जनसंख्या वृद्धि, शहरीकरणलगायत विविध कारणले खानेपानीको स्रोत दिनप्रतिदिन घट्दै गएकाले भविष्यमा आउनसक्ने चुनौतीको सामना गर्न बेलैमा वैकल्पिक उपाय अपनाउनुपर्नेमा महासंघले जोड दिएको छ । स्थानीय तहबाट देखाइएको उत्साहजनक सहभागिताका कारण अहिले साना शहरी/सहरी/सहलगानी लगायतका खानेपानी आयोजना दक्षिण एसियाकै नमूना खानेपानी आयोजनामा प्रमाणित भएकाले यी खानेपानी आयोजनाको संरक्षण गर्न महासंघले ध्यानाकर्षण गराएको छ । नेपालको संविधानमा भएको प्रत्येक नेपालीलाई स्वच्छ खानेपानी तथा सरसफाइ पहुँचको हकलाई सम्मान गर्दै पूर्ण कार्यान्वयन गर्न महासंघको माग छ । खानेपानी आयोजनाको प्राविधिक/आर्थिक पक्ष सरकारको र व्यवस्थापकीय क्षेत्र समुदायको अर्थात् उपभोक्ता संस्थाहरुको भएकाले मौलिक हकको प्रत्याभूति हुने गरी खानेपानी आयोजना निर्माण हुनुपर्नेमा जोड दिएको छ । लगानी साझेदारीका सञ्चालित आयोजनाका कारण उपभोक्ता संस्थाहरू ऋणको भारमा थिचिएको सो ऋण मिनाहा गर्न अर्थ मन्त्रालयसँग समन्वय गरी दिन आग्रह गरेको छ । *रासस*



तस्वीर : रासस

**मुग्लिन-पोखरा सडक अन्तर्गत तनहुँको व्यास नगरपालिका-१२ कमलाबारी खण्डमा कालोपत्र गरेपछिको सडक । पूर्वी खण्ड अन्तर्गत हालसम्म ७५ प्रतिशत प्रगति भएको मुग्लिन पोखरा सडक योजनाले जनाएको छ ।**

## सूर्य नेपाल वेस्टर्न ओपन शुरू, निरज शीर्षस्थानमा




काठमाडौं (अस) । सूर्य नेपाल गल्फ टुर २०२४-२५ अन्तर्गतको चौथो प्रतियोगिता सूर्य नेपाल वेस्टर्न ओपनको पहिलो दिन निरज तामाङ दुई स्ट्रोकको अग्रतासहित शीर्षस्थानमा रहेका छन् । पोखराको हिमालयन गल्फ कोर्समा ४ अन्डर ६५ को स्कोरमा निरजले पहिलो दिन युवराज भुजेल र भुवनकुमार रोक्कालाई २ स्ट्रोकले पछि पारेका हुन् । २ अन्डर ६७ को स्कोरमा युवराज र भुवन संयुक्त रूपमा दोस्रो स्थानमा रहेका छन् ।

धन बहादुर थापा र सञ्जय लामा १ अन्डर ६८ स्कोरसहित संयुक्त रूपमा चौथो स्थानमा रहेका छन् । रामे मगर र जयराम श्रेष्ठ प्रतियोगिताको छैटौं, प्रदीपकुमार लामा र एमेच्योर सुन्दर राई १ ओभर ७० मा खेल पूरा गर्दै संयुक्त रूपमा आठौं स्थानमा रहेको बताइएको छ । यस्तै, विष्णु प्रसाद शर्मा र एमेच्योर सुरेश तामाङ १०औं स्थानमा रहेका छन् । ५४ होलको तीन दिने प्रतियोगितामा ३४ प्रोफेसनल र १८ एमेच्योर गल्फर प्रतिस्पर्धामा छन् । प्रतियोगिताको कुल पुरस्कार रू. ८ लाख ८२ हजार रहेको बताइएको छ । विजेताले १ लाख ५० हजार तथा दोस्रो र तेस्रो हुनेले क्रमशः १ लाख र ७२ हजार प्राप्त गर्ने बताइएको छ । शीर्ष २१ मा पर्ने गल्फरले पनि नगद हात पार्नेछन् ।

## निर्धन संस्थाको आयोजनामा भैंसी तथा गाईपालन तालीम



काठमाडौं (अस) । निर्धन संस्थाले निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडसँगको संयोजकत्वमा धनुषामा व्यावसायिक भैंसीपालन तथा गाईपालन तालीम दिएको छ । मंगलवारदेखि शुरू भएको तालीममा धनुषाधामका ३१ ग्राहक सदस्य सहभागी छन् ।

तालीमको उद्घाटन कार्यक्रममा सहभागी वडाअध्यक्ष जयनारायण यादवले तालीमले पशुपालन व्यवसायमार्फत स्थानीयको आयवृद्धि हुने अपेक्षा गरे । संस्थाका उपाध्यक्ष जनार्दन देव पन्तले तालीममा उद्यमीको क्षमता र सम्भावना अनुसार उचित शीप, स्रोत, साधन तथा बजारको पहुँच पुर्‍याउनु नै महत्त्वपूर्ण हुने र सोका लागि शीप विकास तालीम आवश्यक भएको बताए ।

निर्धन संस्थाका कार्यकारी अधिकृत अञ्जु पाण्डेले तालीमको माध्यमबाट शीप तथा ज्ञान हासिल गरेर निर्वाहमुखीबाट व्यावसायिक रूपमा पशुपालन गरी लघुउद्यमी बन्न प्रेरणा दिइन् । यसका लागि निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाले समेत वित्तीय सहयोग गर्ने प्रतिबद्धता उनले व्यक्त गरिन् ।

## सिद्धार्थ बैंकका ग्राहकलाई हार्ड रक क्याफेमा छूट

काठमाडौं (अस) । सिद्धार्थ बैंक र हार्ड रक क्याफे काठमाडौंबीच बैंकका ग्राहकलाई विभिन्न सेवामा छूट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ । सम्झौताअनुसार बैंकका ग्राहकले दरबारमार्गमा रहेको क्याफेमा बैंकको कार्ड तथा मोबाइल बैंकिङ सेवाबाट भुक्तानी गर्दा फुड र बेभरेज (नन्-अल्कोहलिक)मा १० प्रतिशतसम्मको छूट प्राप्त गर्ने बताइएको छ । यस सम्झौताले ग्राहकलाई छूटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकको छ । सम्झौताको बारेमा थप जानकारीका लागि बैंकको चौबिसै घण्टा सञ्चालनमा रहने ग्राहक सेवा केन्द्र 'सिद्धार्थ केयर'मा सम्पर्क गर्न सकिने बताइएको छ । बैंकले डिजिटल भुक्तानीको प्रयोग बढाउन र ग्राहकलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न 'सिद्धार्थ रिवार्डस' नामक लोयल्टी सेवा पनि सञ्चालनमा ल्याएको बताइएको छ ।

## आइएमई पेमा रकम प्राप्त गर्दा ५०० बोनस

काठमाडौं (अस) । डिजिटल वालेट 'आइएमई पे'ले विदेशमा कमाएको पैसा आइएमई पेको माध्यमबाट प्राप्त गर्दा रू. ५०० बोनस प्राप्त गर्ने अफर ल्याएको छ । आइएमई पेमा रकम प्राप्त गर्दा रू. १० हजारसम्ममा रू. ७५ बोनस प्राप्त हुने बताइएको छ । त्यस्तै, कारोबारको रकम अनुसार रू. ५० हजार, १ लाख र २ लाख सम्ममा क्रमशः रू. १००, २०० र ५०० सम्म बोनस प्राप्त गर्न सकिने बताइएको छ । कारोबारमा संलग्न एकजनाले महीनाको दुई पटकसम्म बोनस प्राप्त गर्न सक्नेछन् । यो योजनामार्फत आइएमई पेमा रकम प्राप्त गर्दा बोनस मात्रै नभएर रकम सुरक्षित तवरले घरसम्म पुग्ने विश्वास समेत बढ्ने कम्पनीको अपेक्षा छ । आफन्तको पैसा आइएमई पेमा प्राप्त गर्दा आफन्तले नै बोनस प्राप्त गर्न सकिने योजना निकै उपलब्धिमूलक बन्न सक्ने आइएमई पेका प्रमुख कार्यकारी अधिकृत प्रविण रेग्मीले जानकारी दिए ।

## ब्रिटेन नेपाल चेम्बर अफ कमर्समा नयाँ समिति



काठमाडौं (अस) । ब्रिटेन नेपाल चेम्बर अफ कमर्स (बीएनसीसी)ले लन्डनमा आफ्नो वार्षिक साधारणसभा सम्पन्न गरेको छ । साधारण सभाले डा. कपिल रिजाललाई पुनः संस्थाको अध्यक्ष चयन गरेको बताइएको छ । नेपालमा द्विपक्षीय व्यापार र लगानी प्रवर्द्धन गर्न तथा नेपाल र ब्रिटेनका व्यवसायीको आपसी लाभका लागि काम गर्न बीएनसीसीको स्थापना भएको बताइएको छ । विभिन्न गतिविधि आयोजना गर्दै संस्थाले आफ्नो लक्ष्य हासिल गर्न मद्दत पुर्‍याउने, व्यापार तथा व्यवसायका बारे जानकारी गराउने र ब्रिटेन-नेपाल सम्बन्धित व्यापार समुदायसँग आफ्नो हित प्रवर्द्धन गर्दै आएको बताइएको छ ।

साधारण सभाले विराज भट्ट र इन्द्र गिरीलाई उपाध्यक्ष तथा राजेन्द्र श्रेष्ठलाई सचिवमा चयन गरेको बताइएको छ । संस्थाको कार्यसमिति सदस्यमा नदिया विलियम्स, सन्तोष मण्डल, कमल पौडेल, अन्जनी फुयाल, बीपी खनाल, वसन्त नेपाल, अनिल न्यौपाने, प्रभु न्यौपाने, दीपक श्रेष्ठ, मिचेल क्याम्पबेल, कृष्ण भट्ट, मसूद अंगिज, विकास नेपाल र प्रकाश ढुंगाना चयन भएका छन् । त्यस्तै संस्थाको मानार्थ प्रमुख कार्यकारी अधिकृतमा स्टिभ बक्ली चयन भएका छन् ।

संस्थाका अध्यक्ष रिजाल र उपाध्यक्ष भट्टले विगतका गतिविधि र उपलब्धिको संक्षिप्त मूल्यांकन प्रस्तुत गर्दै भविष्यका योजना सार्वजनिक गरेका थिए । नव निर्वाचित प्रमुख कार्यकारी अधिकृत बक्लीले यूके र नेपालबीच व्यापार तथा लगानी प्रवर्द्धन गर्न आफ्नो अनुभव र विशेषज्ञता प्रयोग गर्ने आशा व्यक्त गरे ।

## हकप्रद शेयर निष्कासन गर्दै प्रभु स्टील्स एण्ड हाइड्रो इन्भेष्टमेण्ट कम्पनी




काठमाडौं (अस) । प्रभु ग्रुप्स अन्तर्गतको प्रभु स्टील्स एण्ड हाइड्रो इन्भेष्टमेण्ट कम्पनी लिमिटेडले माघ ०६ गतेसम्म कायम संस्थापक शेयरधनीको लागि १:१ (१ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयर)को अनुपातमा प्रतिशेयर रू. ५० अंकित मूल्यको शेयर निष्कासन गर्ने भएको छ । कम्पनीमा प्रभु केबलकार एण्ड टुरिजम लिमिटेड, प्रभु होल्डिङ्स एण्ड हाइड्रो डेभलपमेन्ट कम्पनी लिमिटेड र हाइड्रो होल्डिङ्स एण्ड पावर डेभलपमेन्ट कम्पनी लिमिटेडको मुख्य लगानी रहेको बताइएको छ ।

कम्पनीले जलविद्युत्, कृषि, पर्यटन, विभिन्न उत्पादनमूलक उद्योग र साहसिक पर्यटनमा लगानी गर्दै आएको छ । कम्पनीले जलविद्युत्का विभिन्न संरचनामा चाहिने मेसिन आयात गरी भण्डारण गर्ने र जलविद्युत् कम्पनीलाई आपूर्ति गर्ने उद्देश्यले पर्साको वीरगञ्ज महानगरपालिका-३१ मा तीन बिगाहा जमीन समेत खरीद गरेको बताइएको छ । कम्पनीले माथिल्लो दोर्दी खोला जलविद्युत् आयोजना २५ मेगावाट, सुपर आँखुखोला जलविद्युत् आयोजना २५ दशमलव ४ मेगावाट र बुटवलको फुलबारी पार्क देउराली डाँडामा सञ्चालनमा आएको गौतम बुद्धको कुलगुरु ऋषि कालदेवलको आश्रम एवं नुवाकोट गढी जाने सिद्धार्थ केबलकार लिमिटेडमा लगानी गरेको बताइएको छ । कम्पनीले बडीमालिका केबलकार, इच्छाकामना केबलकार र प्रभु जलविद्युत् विकास कम्पनीमा समेत लगानी गर्ने प्रतिबद्धता गरी लगानी बढाइरहेको कम्पनीका कार्यकारी अधिकृत दिलप्रसाद अधिकारीले बताए ।


**अधिकतम खुद्रा विक्रि मूल्य (MRP) प्रकाशनका सूचना**

यस फर्मले भियतनामबाट आयात गरिएको Terracotta Tiles-Unglazed Clay Tiles को अधिकतम खुद्रा मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जनकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| S.N. | Product Name | Size | Imported From | MRP |
|---|---|---|---|---|
| 1 | Floor Tiles Light Red | 300 x 300 mm | Vietnam | 2,015.00 per sq. m. |
| 2 | Floor Tiles Light Red | 200 x 200 mm | Vietnam | 2,140.00 per sq. m. |

Seller Name: Rajendra & Birendra Traders    Exim code: 3033770120140NP
Address: Tripureshwor, Kathmandu    Tel no.: 015354578

**Note: Price List Valid for 6 months only.**



**NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.**

**एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रियस्तरको कार्यक्षेत्र भएको)
कर्पोरेट कार्यालयः बनेपा, काभ्रेपलाञ्चोक, फोन नं.: +९७७-०११-६६००३४, ९८२०८१२३४५
ईमेलः info@nicasialaghubitta.com, वेबसाइटः www.nicasialaghubitta.com

**ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**प्रकाशित मिति : २०८१।१०।१० (आर्थिक अभियान राष्ट्रिय दैनिकबाट प्रकाशित)**

यस लघुवित्त वित्तीय संस्थाबाट तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति सुरक्षण वापत् धितो राखी वा नराखी तपसिलका ऋणीले लिएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र यस लघुवित्त वित्तीय संस्थामा सम्पर्क राखी लघुवित्त वित्तीय संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानुन तथा यस लघुवित्त वित्तीय संस्थासँग गरेको लिखत बमोजिम धितोमा रहेको वा नरहेको चल अचल सम्पत्ति लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीय संस्थाको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै उक्त चल अचल श्रीसम्पती लिलाम बिक्रीवाट समेत लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| क्र.स | शाखा कार्यालय | ऋणीको नाम, ना.प्र.नं.र जिल्ला | ऋणीको तिनपुस्ते विवरण पति/पिता,ससुरा/बाजे | व्यक्तिगत जमानीकर्ताको नाम,ना.प्र.नं.र जिल्ला | व्यक्तिगत जमानीकर्ताको तिनपुस्ते विवरण पति/पिता,ससुरा/बाजे |
|---|---|---|---|---|---|
| १ | बटेश्वर | सकिला खातुन, १७३०८७/१७३, धनुषा | कलाम उदिन नदाफ, चौधरी मिया | कलाम उदिन नदाफ, १७३०८७/६३, धनुषा | चौधरी मिया, रामवरण मिया |
| २ | बटेश्वर | सैलो देवी, १७३१०१/८२, धनुषा | राज किशोर खत्वे, राजीन्द्र खत्वे | राज किशोर खत्वे, ३६९८३०४६, महोत्तरी<br>राजीन्द्र खत्वे, ३६९७२१११, महोत्तरी | राजीन्द्र खत्वे, राम खेलावन खत्वे<br>राम खेलावन खत्वे, खटर खत्वे |
| ३ | बटेश्वर | गिना देवी, १७३०९०/१३४१, धनुषा | सुरेश ठाकुर वरही, मुनि ठाकुर वरही | सुरेश ठाकुर वरही, ८११३५४५३/१९३८, धनुषा | मुनि ठाकुर वरही, रमेश्वर ठाकुर |
| ४ | बटेश्वर | इन्द्र देवी मडंल, १७३०८५/१६४, धनुषा | प्रविण कुमार मण्डल, रसिलाल मण्डल | प्रविण कुमार मण्डल, ८८२१३७८१, धनुषा | रसिलाल मण्डल, रामा मण्डल |
| ५ | बटेश्वर | फुल कुमारी देवी विश्वकर्मा, १७१०९०/४४३, धनुषा | सन्तोष कुमार विश्वकर्मा, विर बहादुर विश्वकर्मा | सन्तोष कुमार विश्वकर्मा, ८४१, धनुषा | विर बहादुर विश्वकर्मा, कबिरमान विश्वकर्मा |
| ६ | बटेश्वर | रिना देवी महतो, १७११००/६०३, धनुषा | वीर कुमार महतो, राम सेवक महतो | वीर कुमार महतो, १७११००/१०,धनुषा | राम सेवक महतो, कारी महतो |
| ७ | देवदह | बिवा श्रीपाली वि.क, ३६-०१-७०-१०३११, नवलपरासी | सुरेश कुमार श्रीपाली वि.क, टेक बहादुर वि.क | सुरेश कुमार श्रीपाली वि.क, ६४७०५, नवलपरासी | टेक बहादुर वि.क, थाहा नभएको |
| ८ | देवदह | शोभा केवट, ३७-०१-७२-०६४६७, रुपन्देही | सुग्रीम केवट, राम केवट | सुग्रीम केवट, ३७१००२/१/२३५२६, रुपन्देही | राम केवट, सहदेव केवट |
| ९ | देवदह | जिनसरी गुरुङ्ग, ३७३००३/१६२५, रुपन्देही | खेम बहादुर गुरुङ्ग, डिल सिहं गुरुङ्ग | खेम बहादुर गुरुङ्ग, ३७-०२-७४-०५८७३, रुपन्देही | डिल सिहं गुरुङ्ग, खड्क बहादुर गुरुङ्ग |
| १० | देवदह | रीता श्रेष्ठ, ३७-०२-७१-०९४१०, रुपन्देही | अमित कुमार श्रेष्ठ, मिन प्रसाद श्रेष्ठ | सजिस कक्षपति, ३७२०३०/६४१७९, रुपन्देही | हंश राज कक्षपति, इश्वरी कक्षपति |
| ११ | दुधौली | शुस्मिता अधिकारी दनुवार, १४-०२-७५-०२०६३, उदयपुर | विनोज अधिकारी दनुवार, श्रीचन अधिकारी दनुवार | विनोज अधिकारी दनुवार, १४-०२-७५/०२०२२, उदयपुर | श्रीचन अधिकारी दनुवार, हन्सु दनुवार |
| १२ | गढवा | संगिता गिरी, २०१०५४/१७४४/७०००, सिन्धुली | खुमान गिरी, नारायण गिरी | खुमान गिरी, ५२२००७/१२६६, दाङ | नारायण गिरी, चन्द्र गिरी |
| १३ | हापुरे | रिणा भण्डारि, ५५-०१-७४-०५२४१, सल्यान | मोतिलाल भण्डारी, ज्ञानेन्द्र बहादुर भण्डारी | मोतिलाल भण्डारी, २६८३४, सल्यान | ज्ञानेन्द्र बहादुर भण्डारी, पिताम्बर भण्डारी |
| १४ | हापुरे | यमुना दमाई, ५२२०३७/२७५३, दाङ | हरि दमाइ, कृष्णे दमाइ | हरि दमाइ, १००९/२५४५, दाङ | कृष्णे दमाइ, कल्लु दमाइ |
| १५ | जामुनेबजार | भद्रकली बुढा, ५५०१३४/१६६७२, सल्यान | सुके बुढा, नोखे बुढा | सुके बुढा, ५५१३५५७, सल्यान | नोखे बुढा, कालु बुढा |
| १६ | कविलास | गोमा तामाङ, २५-०१-७५-०३००७, नुवाकोट | गुन बहादुर तमाङ्ग, गोपाल तमाङ्ग | गुन बहादुर तमाङ्ग, २५३०५२/६६०, नुवाकोट | गोपाल तमाङ्ग, पुर्ण बहादुर तमाङ्ग |
| १७ | खजुरा | मनिसा कुमारी गीरी, ७१००४/२४, बाजुरा | याम प्रकाश वुढा, विनोद कुमार वुढा | याम प्रकाश वुढा, ६६३०३९/१९६, बाँके | विनोद कुमार वुढा, कृष्ण बुढा |
| १८ | खजुरा | सायरा बानो हलवाई, ६६-०१-७०-०२०९४, बाँके | रईस अहमद हलवाई, अब्दुल जलील हलवाई | रईस अहमद हलवाई, २४२३, बाँके | अब्दुल जलील हलवाई, आजी अब्दुल हलवाई |
| १९ | पर्सा | पवित्रा श्रेष्ठ, ९११७/०६२, चितवन | सुजन कुमार श्रेष्ठ, जगत नारायण श्रेष्ठ | सुजन कुमार श्रेष्ठ, ३५२८६३/०४४, चितवन | जगत नारायण श्रेष्ठ, सन्त नारायण श्रेष्ठ |
| २० | पर्सा | सीता देवी गान्धारी, ४/२४९१, चितवन | डिल बहादुर गान्धारी, सुसे | सरस्वती गान्धारी, ३५-०१-७२-०४४३५, चितवन | सन्जे गान्धारी, थाहा नभएको |
| २१ | पर्सा | सरिना मगर, २६-०१-७४-११०२३, धादिङ | रबिन्द्र मगर, सोवर्णसिं मगर | रबिन्द्र मगर, २६१/३१०७०, धादिङ | सोवर्णसिं मगर, नैना सिं मगर |
| २२ | परवानीपुर | साहबु नेशा, ३४-०१-७२-०८१८७, पर्सा | हारुन अंसारी, रोजदिन मिया अंसारी | हारुन अंसारी, ३४-०१-७०-०७५१८, पर्सा | रोजदिन मिया अंसारी, थाहा नभएको |
| २३ | परवानीपुर | अञ्जली लामिछाने,३३२०८१/३६५७०, बारा | भोजराज लामीछाने, गोविन्द प्रसाद लामीछाने | भोजराज लामीछाने, ३३२०८१/३१३७४, बारा | गोविन्द प्रसाद लामीछाने, नरनाथ लामीछाने |
| २४ | परवानीपुर | बबिता श्रेष्ठ, २५-०१-७०-११५४५, नुवाकोट | बाबु राम श्रेष्ठ,संकर लाल श्रेष्ठ | बाबु राम श्रेष्ठ, २५३०५७/१०३१, नुवाकोट | संकर लाल श्रेष्ठ, काजीमान श्रेष्ठ |
| २५ | परवानीपुर | चन्द्रवती देवी, ३३३०७९/२५२, बारा | जय सहनी गोढी, रामश्रे सहनी गोढी | जय सहनी गोढी, ३३१३३२/११५९१८००, बारा | रामश्रे सहनी गोढी, अलगु सहनी |
| २६ | परवानीपुर | पासपति थरुनी, ५२७/१३४४, बारा | रामनाथ चौधरी, शंकर चौधरी | रामनाथ चौधरी, २१३८, बारा | शंकर चौधरी, टेक नारायण चौधरी |
| २७ | परवानीपुर | उशा कुमारी साह कानु, ०५८८३३३७, पर्सा | सुदामा प्रसाद कानु, रामेश्वर साह कानु | अर्जुन साह कानु, ३३-०२-७८-०१९६५, बारा | सुदामा प्रसाद कानु, रामेश्वर साह कानु |
| २८ | फारीपर्सा | नागेन्द्र चौधरी, २९१७३२३८, सर्लाही | राम प्रताप चौधरी, ढोङ्ग चौधरी | रेखा देवी चौधरी, १९-०१-७१-००८३४, सर्लाही | नागेन्द्र चौधरी, राम प्रताप चौधरी |
| २९ | फारीपर्सा | रफिदा खातुन, ३६०७६०७६, धनुषा | मो.मोतीवुल शेष, शेष आस मो. शेष मिया | मो.मोतीवुल शेष, ७४७१२७१२, धनुषा | शेष आस मो. शेष मिया, रसुल शेष |
| ३० | फारीपर्सा | सन्तोषीया कुमारी देवी, ७००५२१९८, सर्लाही | नरेश राय, चन्द्र राय | नरेश राय, ७००५२१२२, सर्लाही | चन्द्र राय, भीखारी राय |
| ३१ | फारीपर्सा | मालती देवी, १९१०३०/८०४, सर्लाही | रामेसर ठाकुर बडही, पन्नेलाल ठाकुर बडही | रामेसर ठाकुर बडही, ७१४३५५०२, सर्लाही | पन्नेलाल ठाकुर बडही, तेजनन्दन ठाकुर बडही |
| ३२ | फारीपर्सा | सोनाली कुमारी, १९-०१-७३-००४८७, सर्लाही | संजय महतो कोईरी, हुसेनी महतो कोईरी | संजय महतो कोईरी, १९-०१-७१-०५१०६, सर्लाही | हुसेनी महतो कोईरी, सोनफी महतो |
| ३३ | पुनर्वास | महेश्वरी शाही, ७५२०२०/१२१३, कञ्चनपुर | गगन बहादुर शाही, दिप बहादुर शाही | वसन्ती देवी शाही, ७५२०२०/३४०, कञ्चनपुर | गोविन्द बहादुर शाही, दिप बहादुर शाही |
| ३४ | पुर्विचौकी | दुर्गा सोप, ६८-०१-७८-०६५५९, डोटी | दिपक सोप, बृजमान सोप | दिपक सोप, ६८-०१-७२-०२५९२, डोटी | बृजमान सोप, इन्द्रमान सुनार |
| ३५ | रामापुर | सवित्रा सुनार, ३७२०३८/४५२९४, रुपन्देही | रामु सुनार, शशिराम सुनार | रामु सुनार, ३३२२४, रुपन्देही | शशिराम सुनार, हस्त सुनार |
| ३६ | सिम्ली | कमला कामी, ५६१०३४/२६५, रुकुम | दलजित कामी, खडके कामी | दलजित कामी, ९०(०१२)/२०५८, रुकुम | खडके कामी, शेर बहादुर कामी |
| ३७ | सितापाईला | आशा गुरुङ्ग, ४४३०३८/५४, गोरखा | रतन बहादुर गुरुङ, भीम बहादुर गुरुङ | रतन बहादुर गुरुङ, ५४७०४, गोरखा | भीम बहादुर गुरुङ, चन्द्र बहादुर गुरुङ |
| ३८ | सितापाईला | भवानीश्वरी पलिखेल, ८/५४, भक्तपुर | अनिल भक्त मल्ल, कमलचन्द प्रधानाङ्ग | अनिल भक्त मल्ल, ९२२४, काठमाण्डौ | कमलचन्द प्रधानाङ्ग, राम भक्त प्रधानाङ्ग |
| ३९ | सितापाईला | मनमाया गोतामे, ३५१८५/०४४, चितवन | दल बहादुर गोतामे, भव दत्त गोतामे | चन्द्र काली गोतामे, ३५३, चितवन | दल बहादुर गोतामे, कर्ण बहादुर थापा |
| ४० | सितापाईला | मन्जु देवी दास, ७६०८७६९९, सप्तरी | सत्य नारायण दास, गेना लाल दास | सत्य नारायण दास, ७६०८६५२७, सप्तरी | गेना लाल दास, मेया लाल दास |

**नोट : ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानीकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको छ ।**

साथी सँगै सबल बन्दै



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**दोश्रो पटक प्रकाशित मिति २०८१।१०।१०**

यस कम्पनीको मिति २०८१/०९/२५ मा बसेको साधारण सभाको निर्णयानुसार साविकको कम्पनी **सोनि टेक नेपाल प्राईभेट लिमिटेड** (Soani Tech Nepal Private Limited)(दर्ता नं. १४९७४७) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने गरी कम्पनी रजिष्ट्राको कार्यालयको मिति २०८१/१०/०४ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **अल्पिनिस्ट स्टुडियोस् प्राईभेट लिमिटेड** (Alpinist Studios Private Limited) कायम गरिएको जानकारी गराईन्छ ।

आर्थिक विकासका लागि महिला सशक्तीकरणभन्दा प्रभावकारी कुनै उपकरण छैन ।

**- कोफी अन्नान**

सम्पादकीय

# दोहोरो करमुक्ति सम्झौतामा बेवास्ता

**वैदेशिक लगानीका लागि आवश्यक ठानिएको दोहोरो करमुक्ति सम्झौता गर्न सरकारले उदासीनता देखाएको छ । २०१९ मा बंगलादेशसँग उक्त सम्झौता भएयता कुनै पनि देशसँग यस्तो सम्झौता भएको देखिँदैन । त्यस्तै वैदेशिक लगानीका लागि आवश्यक मानिने बिप्पा अर्थात् अर्थात् द्विपक्षीय लगानी प्रवर्द्धन तथा सुरक्षा सम्झौता गर्न पनि सरकारले तदारुकता देखाएको छैन ।**

**करदाताहरूलाई दोहोरो करबाट मुक्ति दिलाउन दुई देशबीच दोहोरो करमुक्ति सम्झौता गर्ने विश्वव्यापी प्रचलन रहेको छ । आर्थिक वृद्धिका लागि विदेशी लगानी आवश्यक ठानेर सबैजसो देश लगानीको वातावरण निर्माण गर्न क्रियाशील देखिन्छन् । नेपालले पनि विदेशी लगानीका लागि उच्च प्राथमिकता दिएर दुईदुईपटक लगानी सम्मेलनसमेत आयोजना गरेको छ । तर, दोहोरो करमुक्ति तथा बिप्पा सम्झौता नभएकाले पनि अपेक्षित मात्रामा लगानी आउन नसकेको देखिन्छ ।**

**एउटै आय वर्षमा एकभन्दा बढी देशमा कारोबार गर्‍यो भने आफू बासिन्दा भएको देशमा एवं कारोबार गरेको देशमा समेत गरी दुवै देशमा कर तिर्नुपर्ने हुन्छ । आफू बासिन्दा रहेको देशमा बसोवासको आधारमा र लगानी गरेको देशमा आयको स्रोतका आधारमा दोहोरो कर तिर्नुपर्छ । यस्तो अवस्थामा करदातालाई दोहोरो करको भारबाट मुक्ति दिलाउन अर्को देशमा कर तिरेको भए त्यो मिलान गर्न पाउने व्यवस्था हुन्छ । दोहोरो करमुक्ति सम्झौता भएमा विदेशी लगानीकर्ता आकर्षित गर्न सहज हुन्छ ।**

**त्यस्तै कानून बनाएर वा मानेर एक देशको लगानी अर्को देशमा हस्तान्तरण गर्दा त्यसको सुरक्षाका लागि दुई देशबीच गरिने सम्झौता बिप्पा हो । तर, नेपालले बिप्पा सम्झौता गर्न तयारी गरे पनि हालसम्म यस्तो सम्झौता भएको मुलुक ज्यादै न्यून हुनु विडम्बना नै हो । यद्यपि बिप्पा र दोहोरो करमुक्ति**

> **लगानीको वातावरण बनाउने भनेरै अहिले अध्यादेशमार्फत केही कानून परिवर्तन गरिएका छन् । तर, बिप्पा र दोहोरो कर मुक्ति सम्झौताको प्रक्रिया पनि उत्तिकै प्राथमिकताका साथ अघि बढाउनु जरूरी छ ।**

**सम्झौता हुँदैमा विदेशी लगानी आइहाल्छ भन्ने होइन । फ्रान्ससँग ४ दशकअघि बिप्पा सम्झौता भए पनि हालसम्म त्यहाँबाट खासै लगानी भित्रिएको देखिँदैन ।**

**हालसम्म ११ ओटा देशसँग मात्रै दोहोरो करमुक्ति सम्झौता भएको छ । भारतले यस्तो सम्झौता ८० भन्दा बढी मुलुकसँग गरेको देखिन्छ । चीनले सयभन्दा बढी मुलुकसँग यस्तो सम्झौता गरेको पाइन्छ । सरकारले वैदेशिक लगानीका लागि यस्ता सम्झौता गर्ने नीति नलिएको होइन । तर, नीतिअनुसार काम भएको छैन ।**

**लगानीको वातावरण तयार पार्न आवश्यक आधारभूत काममा ध्यान नदिने अनि विदेशी लगानी ल्याएर विकास गर्छौं भन्दै भाषण गर्ने र कागजी योजना बनाउने प्रवृत्ति नेपालमा हाबी छ । यस्तो प्रवृत्ति आर्थिक विकासका लागि घातक छ ।**

**खासमा नेपालमा वैदेशिक लगानीलाई सहर्ष स्वीकार्ने मनोवृत्ति नै देखिँदैन । विदेशी भन्नेबित्तिकै चर्को राष्ट्रवाद उरालेर विरोध गरिहाल्ने प्रवृत्ति छ । त्यही भएर तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले भारतसँग बिप्पा सम्झौता गरे पनि यसको व्यापक विरोध भयो र सर्वोच्चमा मुद्दासमेत पर्‍यो । तर, सर्वोच्चले सरकारको पक्षमा फैसला दिएको थियो । चीनले नेपालसँग बिप्पाका लागि ताकेता गरे पनि त्यसमा सम्झौता हुन सकेको देखिँदैन ।**

**बिप्पा र दोहोरो करमुक्ति सम्झौताका लागि विभिन्न देशले चासो व्यक्त गरेका छन् । तर, नेपालले नै यस्तो सम्झौता गर्ने कामलाई प्राथमिकता दिन सकेको छैन । यो प्रवृत्तिकै रूपमा उदाएको छ । मुलुकमा लगानीको वातावरण बनाउन यस्ता पक्षमा सरकार गम्भीर बन्नैपर्छ । लगानीको वातावरण बनाउने भनेरै अहिले अध्यादेशमार्फत केही कानून परिवर्तन गरिएका छन् । तर, बिप्पा र दोहोरो कर मुक्ति सम्झौताको प्रक्रिया पनि उत्तिकै प्राथमिकताका साथ अघि बढाउनु जरुरी छ ।**

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## निर्यात गर्ने ३० उद्योगलाई नगद प्रोत्साहन

सरकारले चालू आर्थिक वर्ष २०६९/७० को ३ महीनामा ३० ओटा निर्यातमूलक उद्योगलाई प्रोत्साहन रकम दिएको छ । आफ्ना उत्पादन विभिन्न मुलुकमा निर्यात गर्ने ती उद्योगलाई नगद प्रोत्साहनस्वरूप करीब १३ करोड रुपैयाँ उपलब्ध गराइएको उद्योग विभागले बताएको छ । 'प्रोत्साहन रकमका लागि ६० ओटा उद्योगले निवेदन दिएका थिए,' विभागका निर्देशक रामशरण चिमोरियाले भने, 'प्रक्रिया तथा कार्यविधिको मापदण्ड पुर्‍याउने ३० उद्योगलाई नगद सुविधा उपलब्ध गराइएको हो ।' सरकारले गत आवदेखि निर्यातमूलक उद्योगलाई नगद प्रोत्साहन दिने व्यवस्था गरेको हो । सोअनुसार कुनै पनि उद्योगले भारतबाहेकका देशमा निर्यात गरेर आर्जन गरेको परिवर्त्य विदेशी रकमबराबरको २ प्रतिशत नेपाली रुपैयाँ नगद प्रोत्साहनस्वरूप प्राप्त गर्दछन् ।

उनीहरूलाई मूल्य अभिवृद्धिको कर (भ्याट)को ४ प्रतिशत रकमसमेत फिर्ता गरिने कार्यविधिमा उल्लेख छ । कार्यविधिअनुसार विभागको सिफारिशमा ती उद्योगलाई राष्ट्र बैङ्कले नगद प्रोत्साहन दिएको हो । यसरी नगद प्रोत्साहन पाउनेमा सबैभन्दा बढी दलहन उद्योग छन् । गलैंचा निर्यात गर्ने एउटै उद्योगले करीब रू. १ करोडसम्म नगद पाएको विभागले बताएको छ ।

**वर्ष ८, अंक ८५, बिहीवार २८ मङ्सिर, २०६९**

# अवकाश हुने उमेर किन बढाउने ?

## सबै सेवामा अवकाश उमेर ६५ वर्ष बनाउनु उपयुक्त

निजामती सेवा कानूनद्वारा स्थापित देशको स्थायी सरकार हो । यसले सार्वजनिक नीति निर्माणमा राजनीतिक नेतृत्वको सल्लाहकारको र नीति कार्यान्वयनमा नेतृत्वदायी भूमिका निर्वाह गर्छ । यो जनता र सरकारलाई जोड्ने जीवन्त पुल पनि हो । यस्तो महत्त्वपूर्ण सेवामा रहने कर्मचारीहरू पनि स्थायी हुनुपर्ने मान्यता रहेको छ । स्थायीको अर्थ आजीवन सेवामा रहने भन्ने पनि होइन ।

त्यसैले सेवा गर्न पाउने उमेरको हद तोकिएको हुन्छ । निश्चित उमेरपछि व्यक्तिको उत्पादकत्वमा पनि कमी आउने भएकाले सेवामा उच्च उत्पादकत्व भएका कर्मचारीहरूलाई मात्र राख्नका लागि नै नेपालमा निजामती कर्मचारीको अवकाशको उमेर २०४९ सालमा ५८ वर्ष कायम गरिएको थियो । तर, अरू सरकारी बेतनधारीभन्दा निजामती कर्मचारीको अवकाश उमेर कम रहेको छ । न्यायाधीशहरू ६५ वर्ष, शिक्षकहरू ६० वर्षसम्म सेवामा रहने गरेका छन् ।

कर्मचारीको अवकाश हुने उमेरले राज्यले बेहोर्नुपर्ने पेन्सनबापतको वित्तीय दायित्व र नयाँ भर्ना हुने कर्मचारीको सरकारी सेवा प्रवेशलाई पनि असर गर्ने गर्छ । सरकारको खर्च कम हुने गरी र नवप्रवेशीलाई विज्ञापन रोकेर हतोत्साहित नगर्ने गरी अवकाशको उमेर तोकिनुपर्छ । विगत ३० वर्षमा नेपालीको औसत आयु बढेकाले कर्मचारीको अवकाशको उमेर बढाउन उपयुक्त हुने दाबी पनि गरिएको छ । तर, यसरी उमेर बढाउँदा एकैचोटि बढाउन नहुने तर्क पनि प्रमाणमा आधारित छ ।

विगत कही वर्षदेखि चर्चामा रहेको संघीय निजामती सेवा विधेयकमा कर्मचारीको निवृत्त हुने उमेर ५८ वर्षबाट ६५ वर्ष बनाउनुपर्ने गरी राज्य व्यवस्था समितिमा तर्कसंगत बहसहरू भएका छन् । विधेयकको मस्यौदामा विगत १० वर्षमा सहमति हुन नसक्दा विधेयक पारित हुन नसकेको अवस्था छ । विगतमा अमुक व्यक्तिलाई फाइदा हुने गरी दबाबमा कानूनी व्यवस्था गर्ने नीति-निर्मातालाई देशले भोगेको छ । असहमतिको विषय अवकाशको उमेर मात्र नभएर प्रदेशको सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति र सरुवा कसले गर्ने भन्ने पनि रहेको छ । यो विषय प्रशासनिक संघीयताको कार्यान्वयनसँग सम्बद्ध रहेकाले पनि पेचिलो बनेको छ ।

तर, संघीय ऐन नआउँदा प्रदेश र स्थानीय तहका कर्मचारीको व्यवस्थापनमा अलमल भएको र स्थायी सरकार अस्थिर बनेकाले यो ऐन शीघ्र जारी हुनुपर्ने माग पनि रहेको छ । यसमा सरकार र व्यवस्थापिका थप उदासीन भयो भने यसलाई कर्मचारीतन्त्रलाई कमजोर बनाउने प्रपञ्चकै रूपमा बुझिने विज्ञहरूको राय छ । यसले सरकारको कार्यसम्पादनमा गम्भीर असर पार्ने निश्चित छ ।



> **जर्मनीमा अवकाश उमेर ६५ बाट ६७ पुर्‍याउँदा १८ वर्ष लागेको थियो यसमा पहिलो १२ वर्ष प्रतिवर्ष १ महीनाको दरले र पछिल्लो ६ वर्ष प्रतिवर्ष २ महीनाको दरले अवकाश उमेर बढाइएको थियो ।**
>
> **- डा. लोकनाथ भुसाल**

निजामती कर्मचारीको अवकाशको उमेर बढाउँदा देशलाई उच्च कार्यसम्पादन र वित्तीय रूपमा पनि फाइदा हुने तर्क गरिएको छ । नेपालीको औसत आयु बढेको सन्दर्भमा कर्मचारी पनि ढिलो उमेरसम्म सक्रिय रहने भएकाले ५८ वर्षमा नै अवकाश गर्दा उनीहरूले निष्क्रिय जीवन बिताउनु पर्दा देशको उत्पादनशील जनशक्तिको अनुपयोग हुने स्पष्ट छ । अनुभवी र खारिएका कर्मचारीको सेवाबाट देश वञ्चित हुनुपर्छ । कम उमेरमा अवकाशमा जाँदा उनीहरूलाई पेन्सन दिनुपर्ने र नयाँ नियुक्त हुनेलाई तलब पनि दिनु पर्दा राज्यकोषमा दोहोरो व्ययभार पर्ने भएकाले पनि अवकाशको उमेर बढाउन उपयुक्त हुने देखिन्छ । त्यसो त २०४९ साल अगाडि २०१३ र २०२१ सालको निजामती सेवा ऐनमा अवकाशको उमेर ६० वर्ष नै थियो । त्यतिबेला अवकाश हुने उमेर ५८ वर्षमा झार्नु राजनीतिक रणनीति थियो । विद्यमान बदलिँदो परिवेशमा उच्च कार्यसम्पादन र राज्य कोषको सदुपयोग तथा बचतलाई अवकाशको उमेर निर्धारण गर्ने आधार बनाउनु उपयुक्त हुनेछ ।

अहिले अवकाशको उमेर २ वर्षले बढाउन लगभग सबै पक्ष सहमति भएका छन् भने केहीले ६५ वर्ष कायम गरिनुपर्ने विश्वसनीय तर्क गरेका छन् । वास्तवमा दीर्घकालीन सोचका साथ अब अवकाशको उमेर ७ वर्ष थपेर ६५ वर्ष पुर्‍याउनु उपयुक्त हुनेछ । औसत आयु ७२ वर्ष पुगेको र सन् २०३० सम्म ७४ वर्ष पुग्ने अनुमान रहेकाले कर्मचारीहरूले ६५ वर्षसम्म मज्जाले काम गर्न सक्छन् । विश्वभर अवकाशको उमेर ६५ वर्षकै हाराहारीमा रहेको छ । विकसित देशमा यस्तो उमेर ७५ वर्षसम्म पनि रहेको छ ।

> **जनसांख्यिकीय लाभ प्राप्त गर्न नसक्दा विगतमा गुमाएका वर्षलाई अवकाशको उमेर बढाउनाले क्षतिपूर्ति पनि गर्ने छ । अस्थिर राजनीति र शासन प्रणालीलाई स्थिर बनाउन पनि यसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ । विज्ञका विचार र विश्वव्यापी प्रमाणले नीति निर्माणमा स्थान पाएको अनुभूति मिल्नेछ ।**

दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)का नेपालबाहेक सबै मुलुकमा पनि कर्मचारीको उमेर ६० वर्षभन्दा नै माथि नै रहेको छ र यस्तो उमेर थप बढाउने चर्चा पनि चलेको छ । त्यसो त संवैधानिक निकायहरू र सर्वोच्चका न्यायाधीशहरूको क्रमशः नियुक्ति हुन पाउने र अवकाश हुने उमेर ६५ वर्ष रहेको छ । शिक्षक र स्वास्थ्यकर्मीहरू ६० वर्षमा सेवा निवृत्त हुने गरेका छन् भने उच्च अदालतका न्यायाधीशहरू ६३ वर्षमा अवकाश हुने व्यवस्था छ । अब सबै सरकारी बेतनधारीको अवकाशको उमेरमा रहेको भेदभाव अन्त्य गरी एकरूपता ल्याउन ६५ वर्ष बनाउनु नै न्यायपूर्ण हुनेछ ।

तर, यसरी ६५ वर्ष बनाउँदा एकैचोटि बनाउनु उपयुक्त हुँदैन । बढ्ने ७ वर्षलाई १२ महीनाले गुणा गर्दा ८४ महीना हुन्छ । यसलाई चारले भाग गर्दा २१ हुन्छ । यसको मतलब अवकाश हुने उमेर आगामी २१ वर्षसम्म प्रतिवर्ष ४ महीनाका दरले बढाएर ६५ वर्ष पुर्‍याउनुपर्छ । जर्मनीमा अवकाश उमेर ६५ बाट ६७ पुर्‍याउँदा १८ वर्ष लागेको थियो यसमा पहिलो १२ वर्ष प्रतिवर्ष १ महीनाको दरले र पछिल्लो ६ वर्ष प्रतिवर्ष २ महीनाको दरले अवकाश उमेर बढाइएको थियो ।

सबैको हितलाई ध्यान दिएर सुझबुझपूर्ण तवरले बनाउने नीतिको यो शायद मानक नै होला । यसमा सेवामा रहेका र सेवा प्रवेश गर्न चाहने सबैको हितलाई सन्तुलन गरिएको छ । यसमा कोही बेखुशी हुनुपर्ने अवस्था छैन । अवकाश हुने ४ महीना ढिलो गरेर अवकाशमा जान्छ र सेवामा प्रवेश गर्ने पनि प्रत्येक वर्ष ४ महीनाले मात्र ढिलो गरी सेवामा प्रवेश गर्न पाउँछ । नवप्रवेशीलाई पनि यसले प्रत्येक वर्ष लोक सेवा तयारी गर्न प्रतिकूल प्रभाव पार्दैन ।

यस्तो व्यवस्थाले नीति निर्माणमा स्वार्थ समूहको चलखेलको अन्त्य भएको आभास दिनेछ । राज्यको वित्तीय भार पनि क्रमशः घट्दै जान्छ । यसमा नेतृत्वको पाकोपन र दूरदर्शिता प्रदर्शन हुनेछ । केही अध्ययनहरूले पनि युवा कामदार र स्वस्थ बूढा कामदारको उत्पादकत्वमा फरक नहुने देखाएका छन् । त्यसैले यस्तो व्यवस्थाले सबै बहालवाला कर्मचारी र निजामती सेवामा प्रवेशका लागि लोक सेवा आयोगको तयारी गरिरहेका युवाहरूको हितलाई सन्तुलित तवरले सम्बोधन गर्नेछ ।

अन्त्यमा, संसद्को राज्य व्यवस्था समितिमा विचाराधीन संघीय निजामती सेवा ऐन अविलम्ब संसद्बाट पारित गरी सबै तहको सार्वजनिक प्रशासनलाई व्यवस्थित गरिनु जरुरी छ । यसबाट प्रशासनिक संघीयतालाई बल मिल्नेछ । ऐन जारी नगरेर स्थायी सरकारलाई समसामयिक नबनाउने विगत १० वर्षको अभ्यासको अन्त्य हुनुपर्छ । यस्तो ऐनमा अवकाशको उमेर ६० होइन ६५ वर्ष बनाउनुपर्छ । सबैको सचेतनाको स्तर बढेको समाजमा अब जर्मनीलगायत देशले अभ्यास गरिसकेको विधिसम्मत र वैज्ञानिक आधार लिई सबै सरोकारवालाको हितलाई सन्तुलन गर्नुको विकल्प छैन । ५८ वा ६० वर्षमै सेवाबाट हटाएर परिपक्व र खारिएका कर्मचारीको सेवाबाट देशलाई वञ्चित गरी राष्ट्रिय उत्पादकत्वमा कमी आउन दिनु हुँदैन । अन्य सेवा र निजीक्षेत्रले पनि यसबाट सिक्नेछ र सबैले ढिलो उमेरसम्म काम गरी अर्थतन्त्रको विकासमा योगदान गर्नेछन् । जनसांख्यिकीय लाभ प्राप्त गर्न नसक्दा विगतमा गुमाएका वर्षलाई यसले क्षतिपूर्ति पनि गर्नेछ । अस्थिर राजनीति र शासन प्रणालीलाई स्थिर बनाउन पनि यसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ । विज्ञका विचार र विश्वव्यापी प्रमाणले नीति निर्माणमा स्थान पाएको अनुभूति मिल्नेछ ।

*लेखक योजना आयोगमा कार्यरत छन् ।*


# आईटीको सक्षम जनशक्ति तयार पार्न लाग्नेछौं

भारतले १९९१ देखि कम्प्युटर इन्जिनीयरिङ, तत्सम्बन्धी पढाइ र सफ्टवेयर एडप्ट गरेको रहेछ र त्यसको काम पनि सन् १९९१ देखि थालिसकेको रहेछ । हाम्रोमा राजनीतिक परिवर्तनपछि काम गर्ने जमाना शुरू भयो भन्ने भन्दा पनि अलिक सत्ताको रापझाप जस्तो कुरा र सत्ता भनेको स्वादको विषय भन्ने खालको परिस्थिति बढी भयो । त्यसले गर्दा हामीले वाञ्छित सफलता प्राप्त गर्न सकेनौं । तैपनि त्यस बेलादेखि यस क्षेत्रमा काम गर्नुपर्छ है भन्ने सोच बनायौं ।

सत्ताका लागि तानातान गर्दागर्दै पनि हामीले डिजिटल नेपालको अवधारणा ल्यायौं । डिजिटल नेपालको कार्यान्वयनका लागि फ्रेमवर्क पनि बनायौं । यी सबै कुराका दुई तीनओटा पाटा थिए । यसका लागि हरेकसँग पुग्ने पहुँच र क्षमता बढाउनुपर्छ । यो व्यवसायका लागि आवश्यक छ । यो विकासका लागि हो । यो सबैका लागि हो । 'आईटी फर अल, आईटी फर बिजनेश, आईटी फर एजुकेशन, आईटी फर इन्फर्मेशन' भन्ने कुरा हामीले बुझेका छौं । अर्थात् आईटी सबैका लागि, आईटी व्यवसायका लागि, आईटी शिक्षाका लागि र आईटी सूचनाका लागि हो । अहिलेको एआईको जमानामा एआई अथवा आईटी भनेको सबैथोक हो । यस्तो भइसक्यो । अब आईटीविना त केही पनि हुँदै हुँदैन । कसैले मोबाइल घरमा छोडेर आएको छैन होला, मोबाइल साथमै हुन्छ । यस्तो भइसक्यो अरू चिज छुटेर केही हुँदैन, मोबाइल छुट्नुभएन । मोबाइल छुट्यो भने सूचना र जानकारी छुटिहाल्छ । त्यसकारण यस्तो अद्यावधिक भइरहनुपर्ने अवस्था दुनियाँको बनेको छ कि एकछिन छुट्यो भने केके भइसकेको हुन्छ, थाहा पाइएन, बर्बाद भइसकेको जस्तो हुन्छ, मैले त त्यो थाहा पाइन भनेर । त्यो अरूको मुखबाट ढिला थाहा पाइयो जस्तो हुन्छ । प्रत्यक्षदर्शी कोही हुँदैन, दोस्रो स्रोतबाट नै हो थाहा पाउने ।

यस सन्दर्भमा हामीले नेपालको विकास र नेपालीको विकास गर्ने मुख्य कुरा भनेको आईटीको दक्ष र सक्षम जनशक्ति हो । त्यसो भएर हामीले यी कुरालाई एकदम तीव्रताका साथ अगाडि बढाउनु छ । हाम्रा युवालाई दक्ष बनाउनु छ, सक्षम बनाउनु छ । युवाहरूमा रहेको, यहाँ केही गर्न सकिँदैन भन्ने चिन्ता जाहेर गर्नु र त्यसमा अलिकति आशा जागेको कुरा गर्नु ठीक हो । मैले अघिल्लोपटक प्रधानमन्त्री हुँदा पनि मुख्य कुरा आशा जगाउने काम, विकास हुनसक्छ, हाम्रै पालामा विकास हुनसक्छ, हामी गर्न सक्छौं भनेर बताउने गरेको थिएँ ।

मैले हाम्रा पूर्वजका कहानी सुनाउने गरें, हाम्रा पूर्वज यस्ता महान् थिए, यस्ता नवप्रवर्तक थिए, यस्ता अनुसन्धाता थिए भनेर । ज्ञान यहाँ शुरू भयो र विस्तार भयो । गणित यहाँ शुरू भयो र विस्तार भयो । खगोलशास्त्र यहाँ शुरू भयो र विस्तार भयो । ज्ञान भनेकै यहाँ शुरू भयो र विस्तार भयो । दुई चार शताब्दी हामी अलिकति पछाडि पर्‍यौं । अब समय फेरिएको छ । अब पालो एशियाको हो । अब पालो हाम्रो हो । अब पालो नेपालको हो । नेपालले गर्न नसक्ने भन्ने छैन । त्यसकारण अब नेपालले गर्न सक्छ र उपयुक्त समय आएको छ । यो समयलाई, यो समयले हामीलाई उपलब्ध गराएको अवसरलाई हामीले उपयोग गर्न सक्नुपर्छ, त्यसलाई प्रयोग गर्न सक्नुपर्छ र अगाडि बढ्न सक्नुपर्छ। अब हामीले नेपाललाई दक्षिण एशियाको आईटी हब बनाउन सक्नुपर्छ ।



> **मान्छे भोकै छ भने केको आधुनिकीकरण हुन्छ ? अनि छोराछोरी कसरी पढाउँछ ? कसरी निकाल्छ आईटी इन्जिनीयर ? कमसे कम आईटीको प्रयोग गर्न सक्ने त हुनु पर्‍यो नि ।**
>
> **- केपी शर्मा ओली**

हाम्रो उत्पादन हामीले बेच्न सक्नुपर्छ । हाम्रो उत्पादन हामीले जनताका घरघरमा पुर्‍याउन सक्नुपर्छ, उनीहरूको जीवनस्तर बढाउन त्यसलाई प्रयोग गर्नुपर्छ, उनीहरूको आयस्तर बढाउनका प्रयोग गर्नुपर्छ । उनीहरूलाई रोजगारीका अवसर बढाउनुपर्छ । सबै आईटी इन्जिनीयर हुनसक्छन् भन्ने कुरा होइन । यहाँहरूको उत्पादनका लागि सरकार पनि एउटा आफै बजार हो । सरकार आफैले पनि उत्पादन गर्छ । अहिलेसम्मको स्थिति के छ भने, हामीले सफ्टवेयरको युग झन्डैझन्डै गुमायौं नै । भारतले जुन कुराको ठूलो फाइदा लियो, हामी देख्दादेख्दै पछाडि पर्‍यौं । कृषिमा पनि भारतले सन् १९६५ देखि ६८ मा हरित क्रान्ति भनेर परिवर्तन ल्यायो । उसले १९९८ मा ल्याइसकेको चिज हामी अहिले बल्ल २०२५ मा चर्चा गर्दै छौं अथवा ल्याउँदै छौं । अर्थात् ३० वर्ष हामी यसै पछाडि परेका छौं । यो त ३० भन्दा पनि ६० वर्ष भइसक्यो । हरित क्रान्ति हामीले ६० वर्ष अगाडि गर्नुपर्दथ्यो तर ७० वर्ष अगाडि राणा शासनबाट भर्खर उम्किएका थियौं । पिँजडाबाट बाहिर मात्रै निस्किएका थियौं । अब हामी पिँजडामुक्त छौं वा खुला आकासमा हामी जे पनि गर्न सक्छौं । हामीले हाम्रा युवाहरूलाई सक्षम र दक्ष बनाउनुपर्छ । हाम्रा युवाहरू प्रतिभामा कम छैनन् । हाम्रा पुर्खाहरूको जेनेटिक मेमोरी यस्तो छ कि अहिलेभन्दा हजार वर्ष अगाडि भाष्कराचार्यले पृथ्वीको गोलाई नापेका थिए, घरमै बसेर । कसरी नापे होलान् ? तौल नापेका थिए, कस्तो तराजु थियो होला ? गुरुत्वाकर्षणको सिद्धान्त हजार वर्ष अगाडि पत्ता लगाएका थिए । १२१० मा पुस्तक प्रकाशित भएको थियो । त्यो कुरालाई हामीले बाहिर प्रचार गर्न सकेनौं । अहिले हामी पढ्दै छौं, गुरुत्वाकर्षण सिद्धान्तका जनक न्युटन भनेर । संस्कृतमा वेद भनेको विज्ञान हो । हाम्रा पूर्वजहरूले विज्ञान भनेर त्यति बेला आविष्कार गरे, दर्शनका बारेमा लेखे । विज्ञान भनेको प्रविधिले सृजना गर्ने हो । विज्ञान र प्रविधि हाम्रा पुर्खाहरूले उहिले शुरू गरिसकेको चिजमा हामी फेरि फर्किएर पुग्दै छौं । हामी अरूले बनाएको मोबाइल चलाउँछौं, अरूको सफ्टवेयर चलाउँछौं, अरूका एप्स चलाउँछौं । अहिले भर्खर हामीले नागरिक एपजस्ता कुराहरू निकालेर, चालक अनुमतिपत्र (ड्राइभिङ लाइसेन्स)लगायत चिजहरू त्यसैमा समेटेर लान सकिने गरी हामीले विकास गरेका छौं । अब हामी एकै दिन कम्पनी दर्ता, भ्याट दर्तादेखि अरू चिजहरू घरमै बसेर गर्न सकिने प्रणाली विकास गर्दै छौं । म यो गर्न चाहन्छु भनेर काम दर्ता गर्न सक्ने प्रविधिको शुरू गर्दै छौं र त्यो छोटो समयभित्र हामी ल्याउनेछौं ।

> **जसले आजको समयलाई बुझ्दैन उसले प्रगति गर्दैन । अहिलेको समय बुझ्नका लागि एआई बुझ्नुपर्छ, आईटी बुझ्नुपर्छ । अबको समय आईटी, विज्ञान तथा प्रविधिले नेतृत्व गर्छ ।**

जसले आजको समयलाई बुझ्दैन उसले प्रगति गर्दैन । अहिलेको समय बुझ्नका लागि एआइ बुझ्नुपर्छ, आईटी बुझ्नुपर्छ । आईटी बुझिएन भने समय कसरी बुझियो त ? अबको समय आईटी, विज्ञान तथा प्रविधिले नेतृत्व गर्छ । अब हामीले हरेक क्षेत्रमा विज्ञान तथा प्रविधिको प्रयोगद्वारा परिवर्तन गर्नुपर्छ । आधुनिकीकरण गर्नुपर्छ । देशलाई आधुनिकीकरण कसरी गर्ने, गरीब देशलाई सम्पन्न कसरी बनाउने, गरीबी नहटाई कसरी आधुनिकीकरण हुन्छ ? आधुनिकीकरण के हो ? गरीबी त हट्नुपर्‍यो नि, खान पाएको छैन, के को आधुनिकीकरण ? यदि मान्छे भोकै छ भने केको आधुनिकीकरण हुन्छ ? अनि छोराछोरी कसरी पढाउँछ ? कसरी निकाल्छ आईटी इन्जिनीयर ? कमसेकम आईटीको प्रयोग गर्न सक्ने त हुनु पर्‍यो नि । त्यसकारण यसका लागि हामी केही गर्ने उद्देश्यका साथ अगाडि बढेका छौं ।

*प्रधानमन्त्री केपी शर्मा ओलीले 'आईटी मिट अप विथ प्राइम मिनिस्टर' कार्यक्रममा गर्नुभएको सम्बोधनको सम्पादित अंश ।*

पाठक पत्र

## ट्रम्पको पुनरागमनले नेपाललाई असर नपार्ला ?

अमेरिकामा डोनाल्ड ट्रम्पले राष्ट्रपतिको शपथ लिएपछि विश्वमा एक किसिमको त्रास फैलिएको छ । उनले अमेरिका पहिलो भन्ने नीति लिएर विश्व स्वास्थ्य संगठनबाट अमेरिका बाहिरिएको घोषणा गरेका छन् । त्यस्तै पेरिस सम्झौताबाट पनि निक्लिएको घोषणा गरेका छन् । यसले विश्वमा एक किसिमको तरंग ल्याएको छ ।

नेपालले कार्बन व्यापारबाट पैसा पाउने भन्दै एउटा रुख पनि छिसिक्क छुन नपाइने नियम बनाएको छ । रुख काट्न स्वीकृति नपाउँदा कयौं आयोजनाको काममा ढिलाइ भएको छ । वातावरणसम्बन्धी मूल्यांकन र अध्ययन नगरी कुनै पनि आयोजना अघि बढाउन पाइँदैन । तर, विश्वमा बढी कार्बन उत्सर्जन गर्ने मुलुक अमेरिका भने विश्वको तापमान जोगाउने अभियानबाट नै पछि हटेको छ । अब अमेरिकाले पैसा नदिए पनि नेपालले कहाँबाट कार्बन व्यापारको पैसा पाउँछ ? अर्को अमेरिकाले विद्युतीय सवारीलाई हैन, पेट्रोल डिजेलका सवारीसाधनलाई नै जोड दिने भएको छ । उसले उत्खनन नगरेको पेट्रोलियम भण्डार उत्खनन गर्ने भएको छ । उसलाई विश्वको चिन्ता छैन, आफ्नो प्रभुत्वको चासो छ । यस्तोमा नेपालले वातावरण भनेर विकासका सबै काम रोक्नुलाई बुद्धिमानी मान्न सकिन्न ।

वातावरणप्रति पूरै उपेक्षा गर्न सकिन्न । त्यो अलग कुरा हो । तर वनजंगलै वनजंगल भएका मुलुकमा विमानस्थल बनाउन जंगल छुन नपाइने, जलविद्युत् आयोजना बनाउँदा त्यहाँ पनि रुख काट्न नपाइने, सडक बनाउँदा पनि रुख छुन मन्त्रालयको स्वीकृति चाहिने जस्तो अतिसंरक्षणवादी नीति हानिकारक छ भन्ने देखिन्छ । हिमालको हिउँ नेपालका कारण पग्लिएको हैन । त्यसैले पानीको स्रोत जोगाउन पोखरीहरु बनाउने, जलभण्डारहरू बनाउने जस्ता कार्य गर्नुपर्छ । अमेरिकाले जसरी आफ्नो विकासलाई मात्रै प्राथमिकता दिएको छ नेपालले पनि विकासलाई पहिलो प्राथमिकतामा राखेर काम गर्नुपर्छ । स्रोतको उपयोग नगर्ने हो भने विकास गर्न सकिँदैन । त्यसैले प्राकृतिक स्रोतको दोहन गर्न डराउनु हुँदैन । तर, त्यसले पार्ने प्रभावबारे सतर्क भएर योजना चाहिँ बनाउनु पर्छ । हामीले जति नै वन संरक्षण गरे पनि विश्वतापमानको असर भोग्न बाध्य छौं भने विकास रोक्नुको अर्थ के ? अतः नेपालले पनि अमेरिकी नीतिले पार्ने प्रभावबाट बच्ने गरी नीति लिन आवश्यक छ । अरू देशले तयारी गरिसके हामी चाहिँ तयारी गर्नुपर्छ भन्ने सोचमा समेत छैनौं । योभन्दा दुर्भाग्य के हुन्छ ?

*दिनेश बास्तोला*
*महाराजगन्ज, काठमाडौं ।*

# मधेश प्रदेशमा माछा र दूधको उत्पादन बढ्यो



तस्वीर : रासस

**वीरगञ्जको अलौं-सिर्सियास्थित वीरगञ्ज भन्सार कार्यालयको एकीकृत जाँच चौकी (आईसीपी)को मुख्य प्रवेशद्वारमा मंगलवार लामबद्ध मालवाहक सवारीसाधन ।**

वीरगञ्ज (पर्सा) । मधेश प्रदेशमा आर्थिक वर्ष २०८०/८१ मा ४५ हजार ५७१ मेट्रिक टन माछा उत्पादन भएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन (मधेश प्रदेश) अनुसार आर्थिक वर्ष २०७९/८० को तुलनामा २०८०/८१ मा मधेश प्रदेशका ८ जिल्लामा माछा उत्पादन ५ दशमलव शून्य ४ प्रतिशतले वृद्धि भएको हो ।

राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष २०७९/८० मा मधेश प्रदेशमा माछाको उत्पादन ४३ हजार ३८६ मेट्रिक टन रहेको थियो । मधेश प्रदेशमा भएको कुल माछा उत्पादनमा बारा जिल्लाको हिस्सा सबैभन्दा धेरै छ । कुल उत्पादनमा यो जिल्लाको हिस्सा २२ दशमलव ४३ प्रतिशत छ । पर्सा जिल्लामा भएको माछा उत्पादनको हिस्सा सबैभन्दा कम ७ दशमलव ९९ प्रतिशत छ ।

पर्साको पकहाँमैनपुर गाउँपालिकामा व्यावसायिक ढंगले दिपेन्द्र माछापालन उद्योग सञ्चालन गर्दै आएका दीनानाथ साहले माछा उत्पादन बढे पनि माछाको उचित बजार मूल्य नपाएको गुनासो गरे । 'विगतमा भारतबाटै माछाको आयात धेरै हुने गर्थ्यो । अहिले कम्तीमा पनि यहाँ माछाको उत्पादन बढिरहेको छ,' उनले भने, 'माछाको भुरा र माछापालनसम्बन्धी प्राविधिक ज्ञानको अभाव भने खड्किरहेको छ ।'

**राष्ट्र बैंकको प्रतिवेदनले माछा उत्पादन मात्रै नभएर यस प्रदेशमा दूधजन्य पदार्थको उत्पादनमा समेत वृद्धि भएको देखाएको छ ।**

राष्ट्र बैंकको प्रतिवेदनले माछा उत्पादन मात्रै नभएर यस प्रदेशमा दूधजन्य पदार्थको उत्पादनमा समेत वृद्धि भएको देखाएको छ । आर्थिक वर्ष २०८०/८१ म मधेश प्रदेशमा दूध उत्पादन १ दशमलव ९३ प्रतिशतले वृद्धि भई ६ लाख ५४ हजार १२३ लिटर पुगेको छ । मधेश प्रदेशका ८ जिल्लामा उत्पादन हुने दूधमा सबैभन्दा बढी योगदान सिरहाको रहेको छ । प्रदेशको कुल दूध उत्पादनमा यो जिल्लाको योगदान २० दशमलव ४४ प्रतिशत छ । सबैभन्दा कम सप्तरी जिल्लाको योगदान ७ दशमलव ८३ प्रतिशत छ ।

त्यस्तै मधेश प्रदेशमा मासु उत्पादन २ दशमलव ९८ प्रतिशतले वृद्धि भई १ लाख ४३ हजार ६ सय ७० मेट्रिक टन पुगेको छ । मधेश प्रदेशमा अण्डा उत्पादन पनि बढेको देखिन्छ । आर्थिक वर्ष २०७९/८० को तुलनामा मधेश प्रदेशमा अण्डा उत्पादन पनि २ दशमलव ७९ प्रतिशतले वृद्धि भई १० करोड ६९ लाख ३९ हजार गोटा पुगेको छ । *रासस*

# गोदाममा मल छ, किसानले पाउँदैनन्

सिरहा । लहानस्थित कृषि सामग्री कम्पनी लिमिटेडको गोदाममा रासायनिक मल मौज्दात हुँदा पनि किसानले पाएका छैनन् । मधेस प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले स्थानीय तहलाई वितरण गर्ने मलको परिमाण एकीन नगर्दा किसानले मल नपाएका हुन् ।

कृषि सामग्री कम्पनी लिमिटेड लहानका शाखा प्रबन्धक दीपराज पौडेलले मधेश प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्थानीय तहलाई वितरण गर्ने मलको परिमाण एकीन नगर्दा रासायनिक मल वितरणमा ढिलाइ भएको बताए । 'प्रदेश सरकारबाट जग्गाको क्षेत्रफलअनुसार सम्बन्धित मन्त्रालयले स्थानीय तहलाई वितरण गर्ने रासायनिक मलको मात्रा लेखी पठाउनुपर्ने हुन्छ,' उनले भने, 'मन्त्रालयबाट पत्र आउन ढिला भएको कारण समस्या परेको हो । पत्र प्राप्त हुनासाथ मल वितरणको प्रक्रिया अगाडि बढ्छ ।'

**प्रक्रियागत त्रुटिका कारण गहुँमा रासायनिक मल हाल्ने 'पिक' समय हुँदासमेत कृषकले पाएका छैनन् ।**

लहानस्थित कृषि सामग्री कम्पनीले कोशी प्रदेशका खोटाङ, ओखलढुंगा, सोलु र मधेश प्रदेशको सिरहामा रासायनिक मल वितरण गर्दै आएको छ । प्रबन्धक पौडेलका अनुसार कोशी प्रदेशले आफ्ना जिल्लामा पठाउनुपर्ने मलको परिमाण उल्लेख गरी पठाइसकेकाले कोशी प्रदेशका ती जिल्लामा माघ पहिलो हप्ताभित्रै मल वितरण गरिसकिएको छ ।

प्रक्रियागत त्रुटिका कारण गहुँमा रासायनिक मल हाल्ने 'पिक' समय हुँदासमेत कृषकले पाएका छैनन् । तर, कम्पनीको गोदाममा हाल ५०० मेट्रिक टन डिएपी र ७०० मेट्रिक टन युरिया मल मौज्दात रहेको कार्यालयले जनाएको छ । *रासस*

# मध्यपहाडी लोकमार्गले सुगम बन्दै तेह्रथुम



तेह्रथुम । कोशी प्रदेशको पहाडी जिल्ला तेह्रथुमलाई मध्यपहाडी (पुष्पलाल) लोकमार्गले सुगम बनाउन थालेको छ ।

लोकमार्गको कुल लम्बाइ १ हजार ८७९ किलोमिटरमध्ये ११७ किलोमिटर तेह्रथुममा पर्छ । जिल्लाको आठराई गाउँपालिका-६ स्थित तमोर नदीको माझिटारबाट तेह्रथुम प्रवेश गर्ने लोकमार्ग जिल्लाकै पुरानो शैक्षिक केन्द्र चुहानडाँडा, आठराई क्षेत्रको पुरानो व्यापारिक केन्द्र संक्रान्ति, फेदाप, सदरमुकाम म्याङलुङ हुँदै पर्यटकीय बजार वसन्तपुर भएर अघि बढेको हो ।

आर्थिक वर्ष २०६४/६५ देखि निर्माण शुरू भएको मध्यपहाडी लोकमार्गले जिल्लावासीलाई यातायात सेवाको सहज पहुँचमा जोडेको हो । लोकमार्ग बन्नुअघि आठराई क्षेत्रका स्थानीयले छिमेकी जिल्ला पाँचथरको फिदिमबाट खाद्यान्नसहित दैनिक उपभोग्य वस्तु ढाकरमा बोकेर ल्याउनुपर्ने बाध्यता थियो । त्यतिबेलाको एक दिनको बाटो लोकमार्ग बनेपछि एक घण्टामा छोटिएको आठराईका नरेन्द्र इङनामले बताए ।

लोकमार्ग नहुँदा प्रशासनिकसहित अन्य कामका लागि सदरमुकाम म्याङलुङ एक दिन पैदल हिँडेर आउनुपर्थ्यो । अहिले लोकमार्गको बाटो भएर सवारीसाधनमा जाँदा तीन घण्टामा पुगिने आठराई-१ का वडाध्यक्ष रोहित कन्दङवाले जानकारी दिए ।

लोकमार्गले जिल्लाको आठराई, फेदाप, लालिगुराँसलगायत पालिकालाई सदरमुकाम म्याङलुङसँग प्रत्यक्ष जोडेको छ भने अन्य पालिकाबासीलाई पनि सदरमुकाम पुग्न सहज भएको छ । जिल्लाका उत्पादनलाई बाहिर जिल्ला पठाउन र जिल्लाका बजारसम्म पुऱ्याउन सुविधा भएको तेह्रथुम उद्योग वाणिज्य संघका अध्यक्ष राजिव ढुंगानाले बताए ।

पाँचथरको चिवाभञ्ज्याङबाट मध्य पहाडैपहाड बैतडीको झुलाघाट जोड्ने लोकमार्गअन्तर्गत तेह्रथुममा २४ दशमलव ४ किलोमिटरबाहेक सबै सडक कालोपत्र भइसकेको छ ।

फेदाप गाउँपालिकास्थित यावरा-पञ्चमी हुँदै खोरङ्वा खोलासम्मको खण्ड कालोपत्र हुन बाँकी रहेको मध्यपहाडी लोकमार्ग फिदिम पाँचथर कार्यालयका इन्जिनियर राजनारायण सरदारले जानकारी दिए । सोमध्ये १० किलोमिटर कालोपत्रको काम भइरहेको उनले बताए । बाँकी खण्डको कालोपत्रका लागि भने बजेट सुनिश्चितता भइनसकेकाले अन्योल बढेको उनको भनाइ छ । *रासस*

# दिवा खाजाका लागि विद्यालयको कौसीमा तरकारीखेती





गलकोट (बागलुङ) । बागलुङ नगरपालिका-९ को तित्याङ माध्यमिक विद्यालयको कौसीमा यतिबेला आलु, बन्दा, काउली र ब्रोकाउली फलेका छन् । उत्पादित तरकारी विद्यालयकै चमेना गृहमा दिवा खाजाका लागि प्रयोग भइरहेको छ । विद्यार्थीले अतिरिक्त क्रियाकलापअन्तर्गत विद्यालयको कौसीमा विभिन्न प्रकारका तरकारी फलाएका हुन् । यी तरकारी उनीहरूले आफै पकाउँछन् भने केही र विक्री गर्छन् ।

तीन वर्षपहिले प्रत्येक विद्यार्थीले ५० रुपैयाँ संकलन गरेर ५० ओटा गमला किनेका थिए । गमलामा मौसमअनुसारको तरकारी रोप्थे । फलेपछि शिक्षक विद्यार्थीले बाँडेर खान्थे । विद्यालयले विद्यार्थीलाई उत्पादनसँग जोड्न र स्थानीय पाठ्यक्रमअनुसार अध्यापनका लागि 'स्थानीय उत्पादन' शीर्षकमा ५० पूर्णांकको प्रयोगात्मक सिकाइका लागि तरकारीखेतीमा प्रोत्साहन गरेको थियो । तित्याङका विद्यार्थीले गमलामा तरकारीखेती गरेको जानकारी पाएपछि सामाजिक क्षेत्रमा सक्रिय रहेको संस्था सिवाइसीले शिक्षक विद्यार्थीसँग छलफल गरेपछि कक्षा ६ देखि १० सम्मका १६ जना विद्यार्थीलाई समेटेर 'थ्री जिरो क्लब' गठन गरेको थियो ।

सिवाइसीले जिल्लाका ३५ भन्दा बढी विद्यालयमा 'शून्य गरीबी, शून्य बेरोजगारी र शून्य कार्बन उत्सर्जन' (थ्री जेरो) नामक क्लब गठन गरी विद्यार्थीलाई व्यावसायिकतामा जोड्दै आएको छ ।

तीन वर्ष पहिलेदेखि प्रयोगात्मक कक्षाका लागि गमलामा तरकारीखेती गर्दै आएका विद्यार्थीलाई गत साउनमा सिवाइसीले बीउविजनसहित कृषि सामग्री उपलब्ध गराएको थियो । मल, तरकारीको बीउ र नर्सरी व्यवस्थापनका लागि विभिन्न उपकरण समेत सिवाइसीले उपलब्ध गराएको थियो । त्यसयता पक्की भवनको छतमै नर्सरी स्थापना गरेर तरकारी फलाइरहेका छन् । दिवा खाजामा उनीहरूले आफैले उत्पादन गरेको तरकारी समेत प्रयोग गर्दै आएका छन् । विद्यार्थीले विद्यालयमा मात्र होइन घर-घरमा तरकारीखेती गर्न शुरू गरेका छन् ।

कक्षा शिक्षक बिदामा बसेको समय, दिउँसो खाजा खाने समय र आवश्यकता परेको बेला छुट्टीको दिन विद्यार्थीहरू उत्साहित भएर विद्यालय आउँछन् । उनीहरू दिनभरी नर्सरी र तरकारी खेतीमा रमाउँछन् । विद्यालयको थ्री जिरो क्लबका संरक्षक तथा शिक्षक भूपेन्द्रबहादुर खड्का भन्छन्, 'क्लबले यटपटक काउली, ब्रोकाउली र विभिन्न प्रकारका सागका विरुवा उत्पादन गरेर विद्यार्थीलाई वितरण गरेको छ ।'

कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने १०० जना विद्यार्थीलाई विभिन्न हिउँदे तरकारीका बिरुवा वितरण गरिएको उनको भनाइ छ । विद्यार्थीले विद्यालयमा मात्रै नभई घरमा समेत आफै तरकारीखेती गरिरहेको क्लबका अध्यक्ष सनिसा क्षेत्रीले बताइन् ।

'विदेशमा पढ्दै काम गर्दै गर्ने गरेको सुनिन्छ, यहाँ पनि व्यवहारिक शिक्षाको कुरा हुन्छ,' शिक्षक खड्काले भने, 'देश सुहाउँदो, हाम्रो भूगोल सुहाउँदो व्यावसायिक कृषि प्रणालीलाई थप व्यवस्थित गर्दै विद्यार्थीलाई उत्पादनसँग जोडेर सानो उमेर मै उद्यमी बन्ने प्रेरणा प्रदान गर्नु स्थानीय उत्पादन कार्यक्रम र क्लबको उद्देश्य हो ।'

यस अभियानलाई बागलुङ नगरपालिका वडा नम्बर ९ ले पनि सहयोग गर्दै आएको अध्यक्ष क्षेत्रीले बताइन् । विद्यालयका प्रधानाध्यापक कुमार उपाध्यायका अनुसार तरकारी उत्पादन र विक्रीका लागि दुईओटा थ्री जिरो क्लब छन् । एउटा क्लबले उत्पादनको र अर्काले विक्री वितरणको काम गर्छ ।

विद्यालयको हरेक शुक्रवार हुने अतिरिक्त क्रियाकलाप र विभिन्न विशेष कार्यक्रममा विद्यार्थीले आफूले उत्पादन गरेका तरकारीका परिकार बनाउँछन् र विद्यालयमै शिक्षक र विद्यार्थीलाई विक्री गर्छन् । विक्रीबाट भएको आम्दानी तरकारीको बीउ, मल खरीदमा खर्चने गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मनबहादुर थापाले बताए । *रासस*

# स्थानीय तहमा कृषि एम्बुलेन्स तयारी

बलेवा (बागलुङ) । किसानको घरबारीबाट कृषि उपज संकलन गरी बजारसम्म पुऱ्याउन जैमिनी नगरपालिकाले कृषि एम्बुलेन्स सञ्चालनमा ल्याउने तयारी गरेको छ । सरकार र नगरको साझेदारीमा एम्बुलेन्स खरीदको तयारी गरिएको जनाइएको छ ।

कृषि एम्बुलेन्स खरीद प्रक्रिया अन्तिम चरणमा रहेको नगरका उपप्रमुख हरिहर शर्माले बताए । संघीय सरकारको कृषि तथा पशुपक्षी विकास मन्त्रालयको २५ लाख रुपैयाँ अनुदान र जैमिनी नगरपालिकाको २५ लाख रुपैयाँ लगानीमा कृषि एम्बुलेन्स गर्न लागिएको हो ।

स्थानीय बजार साँघुरो रहेको र टाढाको ठूलो बजारसम्म कृषिजन्य उत्पादन पुऱ्याउन किसान आफैलाई ढुवानीमा कठिन हुने भएकाले नगरले कृषि एम्बुलेन्सको अवधारणा ल्याएको हो । नगरको योजनालाई सरकारले महत्त्व दिएरै साझेदारी गरेको कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले बताए । देशभरका इच्छुक स्थानीय तहसँग साझेदारी गरेर किसानलाई हित हुने गरी कृषि एम्बुलेन्स सञ्चालनको योजना बनाइने उनले बताए ।

स्थानीय तहमा उत्पादित तरकारी, अदुवा, बेसार, फलफूल, रैथाने बाली, माछा, मह, मासु, दही, छुर्पीलगायत वस्तु कृषि एम्बुलेन्समार्फत बजार पुऱ्याउने नगरको लक्ष्य रहेको शर्मा बताउँछन् । 'समूह वा फार्ममा आवद्ध किसानले उत्पादन गरेका फसल बजारसम्म लैजाने काम कृषि एम्बुलेन्सले गर्छ,' शर्माले भने, 'सञ्चालन कार्यविधि तयार गरेर किसानलाई फाइदा पुग्ने गरी नगरभर एम्बुलेन्स परिचालन हुनेछ ।' नगरले एम्बुलेन्स सञ्चालनसँगै किसानलाई उत्पादन बढाउन पनि प्रोत्साहन गर्ने योजना बनाएको छ । बजारको अभावमा किसानको उत्पादन खेर जान नदिने र किसानलाई व्यावसायिक बनाउन नगरले एम्बुलेन्सको योजना ल्याएको शर्माले बताए । बागलुङ नगरपालिकाले चालू आर्थिक वर्षको नीति तथा कार्यक्रममा कृषि एम्बुलेन्स सञ्चालन गर्ने घोषणा गरेको छ । कृषिजन्य उत्पादन बढाउने, बाँझो जग्गाको उपयोग गर्ने नीतिअनुसार कृषि एम्बुलेन्स सञ्चालनको घोषणा गरेको नगरले प्रक्रिया भने थालेको छैन । *रासस*

## प्राविधिक नहुँदा पशुसेवा केन्द्र बन्द

जुम्ला । पशु प्राविधिक नहुँदा तिला गाउँपालिका-८ स्थित जुम्लाकोटको पशुसेवा केन्द्र बन्द भएको छ ।

उक्त पालिकाको वडा नम्बर ८ र ९ भेडाबाखा पालन गर्ने क्षेत्र हो । पशुसेवा केन्द्र बन्द भएपछि त्यहाँका पशुपालक सेवा लिनबाट वञ्चित भएको स्थानीय भेडापालक नौसेर रावतले गुनासो गरे । पालिकाको केन्द्रमा रहेको पशुसेवा शाखाबाट सेवा प्रवाह गर्न टाढा भएको र जुम्लाकोटमा स्थापना भएको पशुसेवा केन्द्र लामो समयदेखि बन्द हुँदा पनि सञ्चालन गर्ने विषयमा सम्बन्धित निकाय गम्भीर नभएको रावतको भनाइ छ ।

तिला गाउँपालिकाको पशुसेवा शाखा प्रमुख सुपारीदेवी भट्टराईका अनुसार २०७६ सालमा प्राविधिक सहायक लक्ष्मण बुढ्थापा कर्मचारी समायोजन भएर सरुवा भएपछि सो पदमा कर्मचारी नआउँदा समस्या भएको हो ।

२०७६ देखि २०८० सालसम्म कार्यालय सहयोगीले सेवा केन्द्र खोल्दै आएका थिए । कार्यालय सहयोगी पनि सेवानिवृत्त भएपछि सेवा केन्द्र एक वर्षदेखि बन्द छ । उक्त सेवा केन्द्रका लागि प्राविधिक सहायक लोकसेवामार्फत माग गरिएको गाउँपालिकाले जनाएको छ । करारमा कार्यालय सहयोगी राख्न विज्ञापन गरिसकेकाले आगामी फागुनदेखि कार्यालय सहयोगी भर्ना गरी सेवा केन्द्र खुलाइने तिला गाउँपालिका अध्यक्ष मोतिलाल रोकायाले बताए । *रासस*

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
**संघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय**
**कालिगण्डकी कोरीडोर (बेनी जोमसोम कोरला सडक योजना)**
**जोमसोम, मुस्ताङ**

**आर्थिक प्रस्ताव खोल्ने सुचना**

**प्रकाशित मिति : २०८१/१०/१०**

यस कार्यालयको मिति २०८१/०७/०५ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सुचना नं ००१ /०८१/८२ अनुसार दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावहरु खोली सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५९, ६०, ६१ ,६२ र ६३ बमोजिम परिक्षण गरी योग्यताको सबै आधारमा सफल हुने देहाय बमोजिमका सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताहरुका आर्थिक प्रस्ताव तपसिलको स्थान, मिति र समयमा खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| Contract No | Description of Works | Successful Bidders |
|---|---|---|
| KCBJKRP/337011184/ 081/82-01 | Dismantling and Transportation of Raghughat Bailey Bridge and Maintenance works of Raghughat Bridge | B.K-K.C JV<br>Mahaprabhudev-BRT-Saya JV<br>Mangaladevi Subas Construction Pvt. Ltd.<br>Sundaradevi-Dupcheshwor Subham Builders JV<br>EW-AC-SC JV<br>B&B-Public JV<br>Muktinath Nirman Sewa Pvt. Ltd.<br>GSC-PUKAR J.V.<br>Amit Builders<br>BUDDHA-HIMALAYAN-TANDABESHWOR JV<br>United Shine - Railing JV |
| KCBJKRP/337011184/ 081/82-02 | Construction of Remaining works of Kaiku Khola Bridge (1 x 20) and Its Approaches. | Nepal Mega-S. K J/V<br>M/S ACHARYE-RS JV<br>K.K.J-BBNS JV<br>Ganesh Kunda Infrastructure and Builders Pvt. Ltd.<br>JCNS - TCPL Joint Venture<br>Kangri Nirman Sewa<br>B.K.-K.C-G.C. JV<br>I. S. Nirman Sewa P. Ltd.<br>Muktinath Nirman Sewa Pvt. Ltd.<br>Amit/Sharma JV |
| KCBJKRP/ 337011184/ 081/82-03 | Construction of Remaining works of Larjung Khola Bridge (1 x 20) and Its Approaches. | Ralukadevi Construction Company Pvt. Ltd.<br>ACHARYE-RS JV<br>Deep Sharma JV<br>MY Construction & Builders<br>S.K. Dhawalagiri Nirman Sewa Pvt. Ltd. |

**आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान: २०८१/१०/१८ गते दिनको १०:०० बजे, कालिगण्डकी कोरीडोर (बेनी जोमसोम कोरला सडक योजना) जोमसोम, मुस्ताङ**

**योजना प्रमुख**

कृषि विकास बैंक लि
जनशक्ति ब्यवस्थापन विभाग
मुख्य कार्यालय, काठमाण्डौ

## वैकल्पिक उम्मेदवारहरूलाई नियुक्तिको लागि सिफारिस गरिएको सूचना

सूचना प्रकाशन मिति : २०८१/१०/०९

यस बैंकको पदपूर्तिका लागि लोक सेवा आयोगबाट संचालित खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षामा सफल भई अन्तर्वार्तामा सम्मिलित उम्मेदवारहरुको लिखित परीक्षा र अन्तर्वार्ताको कुल प्राप्ताङ्कका आधारमा पदपूर्ति समितिको निर्णयानुसार नियुक्तिका लागि सिफारिस भएका मध्ये रिक्त भएको पदमा पदपूर्ति समितिको मिति २०८१/१०/०९ गतेको निर्णयानुसार वैकल्पिक उम्मेदवारहरुलाई नियुक्तिको लागि सिफारिस गरिएको सूचना बैंकको Website (www.adbl.gov.np) मा मिति २०८१/१०/०९ गते प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क.सं. | विज्ञापन नं. | तह | पद | सेवा | सिफारिस समूह | बैकल्पिक योग्यतक्रमबाट सिफारिस पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | २६/२०७९-८० | ४ | लेखपाल | प्रशासन | खुला | ३ |
| २ | २६/२०७९-८० | ४ | लेखपाल | प्रशासन | मधेशी | १ |

सदस्य सचिव
पदपूर्ति समिति
**कृषि विकास बैंक लि.**

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

## तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८१/१०/१० गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पत्ति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालय: ताप्लेजुङ्ग**

**१. ऋणीको विवरण**

लाल वहादुर श्रेष्ठको नाति, विष्णुलाल श्रेष्ठको छोरा ताप्लेजुङ्ग जिल्ला, फुङलिङ गा.वि.स/न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **हरिनन्द नेवार (श्रेष्ठ) (ना.प्र.प.नं. ६१४९५/७७७२, ताप्लेजुङ्ग)**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

विष्णुलाल श्रेष्ठको बुहारी, हरिनन्द नेवार (श्रेष्ठ) को पत्नी, ताप्लेजुङ्ग जिल्ला, फुङलिङ गा.वि.स/न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **सुजना कार्की (ना.प्र.प.नं. ५४४८४/७२८३ , ताप्लेजुङ्ग)**

**२. ऋणीको विवरण**

मकरधोज लिम्बुको नाति, श्रीधोज लिम्बुको छोरा, ताप्लेजुङ्ग जिल्ला इखाबु गा.वि.स. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **नरेन्द्र लिम्बु (ना.प्र.प.नं. ०११०२०/३४३, ताप्लेजुङ्ग )**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

श्रीधोज लिम्बुको बुहारी, नरेन्द्र लिम्बुको पत्नी, ताप्लेजुङ्ग जिल्ला इखाबु गा.वि.स. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **अमिस्का लिम्बु (ना.प्र.प.नं. ०११०२०/३६०, ताप्लेजुङ्ग )**

**३. ऋणीको विवरण**

विष्णुलाल दर्जीको नाति, धर्मराज नेपाली दर्जीको छोरा, ताप्लेजुङ्ग जिल्ला, फुङलिङ गा.वि.स. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **राजु नेपाली (ना.प्र.प.नं. ६३०२८/७९०५, ताप्लेजुङ्ग)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. विष्णुलाल दर्जीको नाति, धर्मराज नेपाली दर्जीको छोरा, ताप्लेजुङ्ग जिल्ला फुङलिङ गा.वि.स. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **अशोक नेपाली (ना.प्र.प.नं. ४०७६६/५५४२ ताप्लेजुङ्ग)**
२. विष्णुलाल दर्जीको बुहारी, धर्मराज नेपालीको पत्नी, ताप्लेजुङ्ग जिल्ला, फूरुम्वू गा.वि.स. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **पुना दमाई (ना.प्र.प.नं. १२९/२३०/१ ताप्लेजुङ्ग)**
३. दलवीर दर्जीको नाति, विष्णुलाल दर्जीको छोरा, ताप्लेजुङ्ग जिल्ला, फावाखोला गा.वि.स. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **धर्मराज नेपाली (ना.प्र.प.नं. १४६६/१३५ ताप्लेजुङ्ग)**

**४. ऋणीको विवरण**

कटक वहादुर लिम्बुको नाति, गीरीराज लिम्बुको छोरा, ताप्लेजुङ्ग जिल्ला, खोक्लीङ गा.वि.स. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **सगुन लिम्बु (ना.प्र.प.नं. ०११०१७/४१४, ताप्लेजुङ्ग)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. मोतीलाल लिम्बुको नाति, कटक वहादुरको छोरा, ताप्लेजुङ्ग जिल्ला, खोक्लीङ गा.वि.स. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **गीरीराज लिम्बु (ना.प्र.प.नं. १७२६/२७९५, ताप्लेजुङ्ग)**
२. कटक वहादुर लिम्बुको नाति, गिरीराज लिम्बुको छोरा, ताप्लेजुङ्ग जिल्ला, खोक्लीङ गा.वि.स. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **सविन लिवाङ (लिम्बु) (ना.प्र.प.नं. ०११०१७/५१९, ताप्लेजुङ्ग)**
३. कर्ण वहादुर मादेनको छोरी, गीरीराज लिम्बुको पत्नी, ताप्लेजुङ्ग जिल्ला, खोक्लीङ गा.वि.स. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **दिल कुमारी लिम्बु (ना.प्र.प.नं. ४८६२२/३०७२, ताप्लेजुङ्ग)**

**५. ऋणीको विवरण**

सिद्ध बहादुर पालुङ्वाको बुहारी, खड्क बहादुर पालुङ्वाको पत्नी, ताप्लेजुङ्ग जिल्ला, फुङलिङ्ग गा.वि.स. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **सोमा देवि सुनुवार (ना.प्र.प.नं. ५०४९/२२७, ताप्लेजुङ्ग )**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. खड्क बहादुर पालुङ्वाको नाति, सिद्द बहादुर पालुङ्वाको छोरा, ताप्लेजुङ्ग जिल्ला, फुङलिङ्ग गा.वि.स. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **खड्क बहादुर पालुङ्वा (ना.प्र.प.नं. १३२/५०१२, ताप्लेजुङ्ग )**
२. जय बहादुर पालुङ्वाको बुहारी, जित बहादुर पालुङ्वाको पत्नी, ताप्लेजुङ्ग जिल्ला, खोक्लीङ गा.वि.स. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **देउमाया लिम्बु (ना.प्र.प.नं. ९०/९८६, ताप्लेजुङ्ग )**
३. डिल्ली कुमार लिम्बुको बुहारी, भिम कुमार लिम्बुको पत्नी, ताप्लेजुङ्ग जिल्ला, खेवाङ गा.वि.स. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **सुनीता लिम्बु (ना.प्र.प.नं. ०११०४३/१२२, ताप्लेजुङ्ग)**

**शाखा कार्यालय : तुलसीपुर, दाङ**

**१. ऋणीको विवरण**

लुम्बिनी प्रदेश सरकार, उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, दाङमा, प्राइभेट फर्म दर्ता ऐन, २०७६ बमोजिम मिति २०७४/०७/२३ मा दर्ता.नं. ११११४/३५४ कायम भई दर्ता भएको दाङ जिल्ला, तुलसीपुर उ.म.न.पा.वडा नं. १०, स्थित **प्रतिक सप्लायर्स प्रोप्राइटर: तिलकराम लामिछाने**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. लिलाधर लामिछानेको नाति, डिल्लीराज लामीछानेको छोरा, दाङ जिल्ला, टरिगांउ गा.वि.स./उ.म.न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **तिलक राम लामीछाने (ना.प्र.न १४३/४१३, दाङ)**
२. डिल्लीराज लामिछानेको बुहारी, तिलक राम लामिछाने पत्नी, दाङ जिल्ला, टरीगांउ गा.वि.स. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **गिता लामीछाने (ना.प्र.न १२९३/२१३४, दाङ)**

**२. ऋणीको विवरण**

बुद्धिराम बुढाथोकीको बुहारी, केशब बुढाथोकीको पत्नी, सल्यान जिल्ला, त्रिवेणी गा.पा./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **डिलमाया के.सी. बुढाथोकी (ना.प्र.प.नं. ५५-०१-७४-०२४२५, सल्यान)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. शशिराम बुढाथोकीको नाति, बुद्धिराम बुढाथोकीको छोरा, सल्यान जिल्ला, त्रिवेणी गा.वि.स/न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **केशव वुढाथोकी (ना.प्र.प.नं. ५५-०१-७०-०४१७६,सल्यान)**
२. भिउराम खत्रीको नाति, तिलके खत्रीको छोरा, दाङ जिल्ला, गोल्टाकुरी गा.वि.स/न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **टेक बहादुर के.सी. (ना.प्र.प.नं. १२२३०/१७३०, दाङ)**

# राष्ट्रिय स्तरका विकास बैंकको खुद नाफा १४ दशमलव ७८ प्रतिशत बढ्यो

| विकास बैंकको नाम | दोस्रो त्रैमाससम्मको खुद नाफा रू. हजारमा | | घटबढ प्रतिशत |
|---|---|---|---|
| | चालू आव | गत आव | |
| गरिमा | ५४९,२६६ | ५१२,५८२ | ७.१६ |
| मुक्तिनाथ | ५०३,१२२ | ४२०,०१७ | १९.७९ |
| शाइन रेसुङ्गा | ३३०,८५६ | ३७१,२०७ | -१०.८७ |
| कामना सेवा | ३२२,४९३ | २५८,९१९ | २४.५५ |
| महालक्ष्मी | २८७,४९९ | २७८,०३६ | ३.४० |
| ज्योति | २५०,१३२ | १०१,०३४ | १४७.५७ |
| सांग्रिला | १९६,५६१ | १००,२३३ | ९६.१० |
| लुम्बिनी | १४७,६१८ | २१२,२६९ | -३०.४६ |
| कुल | २,५८७,५४७ | २,२५४,२९७ | १४.७८ |

**स्रोत : दोस्रो त्रैमासिक वित्तीय विवरण**

काठमाडौं (अस) । राष्ट्रिय स्तरका आठ विकास बैंकले चालू आर्थिक वर्ष (आव)को दोस्रो त्रैमासिक वित्तीय विवरण सार्वजनिक गरेका छन् ।

उक्त वित्तीय विवरणअनुसार बैंकहरूको खुद नाफा गत आवको दोस्रो त्रैमासको तुलनामा चालू आवको सोही अवधिमा १४ दशमलव ७८ प्रतिशत वृद्धि भएको छ । आठ विकास बैंकहरूले गत आवमा कुल रू. २ अर्ब २५ करोड ४२ लाख नाफा कमाएकोमा चालू आवमा बढेर रू. २ अर्ब ५८ करोड ७५ लाख पुगेको छ ।

राष्ट्रिय स्तरका विकास बैंकहरूमध्ये गरिमा विकास बैंकले सबैभन्दा बढी रू. ५४ करोड ९२ लाख नाफा कमाएको छ । यो नाफा गत आवको तुलनामा ७ दशमलव १६ प्रतिशत वृद्धि भएको हो । सो अवधिमा यस बैंकले रू. ५१ करोड २५ लाख नाफा कमाएको थियो ।

मुक्तिनाथ विकास बैंकले रू. ५० करोड ३१ लाख नाफा कमाएको छ । प्रतिशतका आधारमा सबैभन्दा बढी नाफा ज्योति विकास बैंकले आर्जन गरेको छ । बैंकले गत आवको तुलनामा चालू आवमा १४७ दशमलव ५७ प्रतिशतले नाफा वृद्धि गरेको छ । गत आवमा बैंकले रू. १० करोड १० लाख नाफा कमाएकोमा चालू आवमा बढेर रू. २५ करोड १ लाख पुगेको छ ।

आठ बैंकमध्ये दुई बैंकको नाफा गत आवको तुलनामा घटेको छ भने बाँकी सबैको नाफा बढेको छ ।

**चिलिमे जलविद्युत कम्पनी लिमिटेड**
कपनमार्ग महाराजगञ्ज, काठमाडौं, पो.ब.नं. २५२१०
फोन नं. ०१-४३७०७७३/४३७०७९३ फ्याक्स नं. ०१-४३७०७२०
वेबसाईटः www.chilime.com.np, इमेलः chpcl@chilime.com.np

को

## नगद लाभांश वितरण सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८१/०९/२८ गते सम्पन्न भएको २८औं वार्षिक साधारण सभाबाट आ.व. २०८०/०८१ को लागि २ प्रतिशतका दरले (नियमानुसार नगद लाभांश तथा बोनस शेयरमा लाग्ने कर समेत) नगद लाभांश वितरण गर्ने निर्णय पारित भएकोमा आफ्नो हितग्राही खाता (BOID No.) मा बैंक खाता नं. अद्यावधिक गराएका शेयरधनीहरुको हकमा उक्त नगद लाभांश मिति २०८१/१०/०७ गतेदेखि सम्बन्धित शेयरधनीहरुको बैंक खातामा जम्मा गरिएको जानकारी यसै सूचना मार्फत अनुरोध छ ।

हितग्राही खातामा बैंक खाता अद्यावधिक नगराएका शेयरधनीहरु तथा हालसम्म पनि आफ्नो शेयर प्रमाणपत्रहरु अभौतिकीकरण नगराउनु भएका शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र अभौतिकीकरण गराई सो सँगसँगै हितग्राही खातामा बैंक खाता समेत अद्यावधिक गराई समयमा नै आफ्नो नगद लाभांश प्राप्त गर्नु हुन अनुरोध छ ।

साथै, आफ्नो शेयर धितो राखेका शेयरधनी महानुभावहरुको हकमा समयमा नै आफ्नो नगद लाभांश प्राप्त गर्नको लागि सम्बन्धित बैंक/वित्तीय संस्थाको स्वीकृति पत्र यस कम्पनी शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लिमिटेडमा पेश गर्नुहुन समेत अनुरोध छ ।

***नोटः*** यस कम्पनीको शेयर दाखिला खारेजी बन्द हुने दिनसम्ममा मर्जर पश्चात् गाभिने बैंक तथा वित्तीय संस्थाको खाता नं. रहेका शेयरधनीहरुको खाता नं. परिवर्तन हुने हुँदा त्यस्ता शेयरधनीहरुको लाभांशको रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट फिर्ता आउन सक्ने हुँदा यथाशक्य छिटो आफ्नो परिवर्तित नयाँ खाता नं. हितग्राही खातामा अद्यावधिक गराउनु हुन यसै सूचना मार्फत अनुरोध गरिन्छ ।

**शेयर रजिष्ट्रारः**
Siddhartha Capital Limited
Investing happiness
**सिद्धार्थ क्यापिटल लिमिटेड**
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ०१-५९७०७४७, फ्याक्सः ०१-४५२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८१/१०/१० गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय बलम्बु, काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८१/१०/२४ गते/स्थान : शाखा कार्यालय बलम्बु, काठमाडौं | २०८१/१०/२७ गते, आइतबार दिनको ३ बजे |

| क्र.सं. | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : प्राउड नेपाल ट्राभल्स एण्ड एक्सपिडिसन प्रा.लि.**<br>नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय<br>दर्ता नं. १८१६३७/०७४/०७५, दर्ता मिति : २०७४/०९/२६<br>पान नं. ६०६८०८१३६, दर्ता मिति : २०७४/१०/०७<br>ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. २९, नसिंङ चोक, **संचालक : राम बहादुर कार्की** | **नाम : सृजना निर्माण सेवा प्रा.लि.**<br>नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय<br>दर्ता नं. १४०३६५/०७२/०७३, दर्ता मिति : २०७२/०६/०६<br>पान नं. ६०३५४८०९५, दर्ता मिति : २०७२/०६/१८<br>ठेगाना : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा वडा नं. ६, दाउरा डिपो<br>**संचालक : सागर शर्मा** |
| | **ऋणी तथा जमानतकर्ताको विवरण** | |
| | **नाम : सागर शर्मा**<br>ना.प्र.नं. ४११०३७/९४, जि.प्र.का. गुल्मी, जारी मिति : २०६८/१०/१७<br>बाबुको नाम : भोजराज शर्मा, बाजेको नाम : पदम मणि शर्मा<br>ठेगाना : गुल्मी जिल्ला, हरेवा गा.वि.स. वडा नं. ९, हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ३ | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : राम बहादुर कार्की**<br>ना.प्र.नं. ४११०३७/७४०१६, जि.प्र.का. गुल्मी<br>जारी मिति : २०६५/०७/०७<br>बाबुको नाम : धन बहादुर कार्की<br>बाजेको नाम : दान बहादुर कार्की<br>ठेगाना : गुल्मी जिल्ला, हरेवा गा.वि.स. वडा नं. ९<br>हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १६ | **२. नाम : दिनेश पुन**<br>ना.प्र.नं. ५०१०३६-१२८४७, जि.प्र.का. वाग्लुङ<br>जारी मिति : २०६६/०३/०८<br>बाबुको नाम : कमानसिंह पुन<br>बाजेको नाम : नन्द लाल पुन<br>ठेगाना : वाग्लुङ जिल्ला, वरेङ गा.पा. वडा नं. ४<br>हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १६ |
| | **३. नाम : भोजराज शर्मा**<br>ना.प्र.नं. १३१९, जि.प्र.का. गुल्मी<br>जारी मिति : २०४७/९/२६<br>बाबुको नाम : पदम मणि शर्मा<br>बाजेको नाम : खिमानन्द शर्मा<br>ठेगाना : गुल्मी जिल्ला, हरेवा गा.वि.स. वडा नं. ९<br>हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ३ | **४. नाम : इन्द्रकला शर्मा**<br>ना.प्र.नं. ४१-०१-७१-००१२२, जि.प्र.का. गुल्मी<br>जारी मिति : २०७१/०१/०७<br>पतिको नाम : भोजराज शर्मा<br>ससुराको नाम : पदम मणि शर्मा<br>ठेगाना : गुल्मी जिल्ला, विसुखर्क गा.वि.स. वडा नं. ८<br>हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ३ |
| | **५. नाम : ईन्दिरा आचार्य**<br>ना.प्र.नं. ३७३०२८/२११, जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०७६/२/१३<br>पतीको नाम : सागर शर्मा<br>ससुराको नाम : भोजराज शर्मा<br>ठेगाना : रुपन्देही जिल्ला, ख. वनगाई वडा नं. १<br>हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ३ | **६. नाम : धन कुमारी तामाङ**<br>ना.प्र.नं. २५३०६०/७७८, जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०६३/१०/०९<br>पतिको नाम : इन्द्र बहादुर तामाङ<br>ससुराको नाम : ठुलो सोनाम तामाङ<br>ठेगाना : नुवाकोट जिल्ला, ककनी गा.वि.स. वडा नं. २<br>हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ३ |
| | **७. नाम : सुनिल तामाङ**<br>ना.प्र.नं. २५-१०-७५-००९२६, जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०७५/११/१७<br>बाबुको नाम : इन्द्र बहादुर तामाङ<br>बाजेको नाम : ठुलो सोनाम तामाङ<br>ठेगाना : नुवाकोट जिल्ला, ककनी गा.पा. वडा नं. २<br>हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ३ | **८. नाम : इन्द्र बहादुर तामाङ**<br>ना.प्र.नं. ८५०६४, जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०६०/०२/०६<br>बाबुको नाम : ठुलो सोनाम तामाङ<br>बाजेको नाम : सीता राम तामाङ<br>ठेगाना : नुवाकोट जिल्ला, ओखरपौवा गा.वि.स. वडा नं. ५<br>हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ३ |
| | **धितोको विवरण** | |
| | भोजराज शर्माको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, थानकोट वडा नं. ८/८ख स्थित कित्ता नं. ३१७ को क्षेत्रफल ०-३-०-० (रोपनी) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)
केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बलम्बु, काठमाडौं, फोन नं. ०१-४३१२६२२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# नेपाल लाइफ इन्स्योरेन्सको शेयर मूल्य समायोजन

काठमाडौं (अस) । बुधवार नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा नेपाल लाइफ इन्स्योरेन्सको शेयर मूल्य समायोजन भएको छ ।

कम्पनीले साधारणसभा तथा लाभांश वितरण प्रयोजनार्थ बुक क्लोज गरेसँगै नेप्सेले शेयर मूल्य समायोजन गरी नयाँ मूल्य निर्धारण गरेको हो ।

नेप्सेले कम्पनीको १० प्रतिशत बोनस शेयरको मूल्य समायोजन गरेको हो । समायोजनपश्चात् कम्पनीको शेयर मूल्य रू. ७६० दशमलव ०९ कायम भएको छ ।

नेप्सेले बुधवार कारोबार दिनको अन्तिम मूल्यका आधारमा कम्पनीको शेयर मूल्य समायोजन गरेको हो । बुधवार दोस्रो बजारमा कम्पनीको शेयर मूल्य रू. ८३६ दशमलव १० मा अन्तिम कारोबार भएको थियो । यही समायोजित मूल्यलाई आधार मानेर बिहीवार (आज)देखि दोस्रो बजारमा कम्पनीको शेयर कारोबारमा आउनेछ ।

# दुई कम्पनीको बोनस शेयर सूचीकृत

काठमाडौं (अस) । बुधवार नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा दुई कम्पनीको कुल ३३ लाख ३२ हजार कित्ता बोनस शेयर सूचीकृत भएको छ ।

साहस उर्जा लिमिटेडको २८ लाख कित्ता र सगरमाथा जलविद्युत् कम्पनीको ५ लाख ३२ हजार कित्ता बोनस शेयर सूचीकृत भएको हो ।

सगरमाथा जलविद्युत् कम्पनीले मङ्सिर १४ गते सम्पन्न वार्षिक साधारणसभाबाट पारित ४ दशमलव ७५ प्रतिशत बोनस शेयर सूचीकृत गराएको हो । सो सभाले शून्य दशमलव २५ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) पनि पारित गराएको थियो ।

त्यस्तै, साहस उर्जाको कात्तिक ४ गते सम्पन्न वार्षिक साधारणसभाले पारित ८ प्रतिशत बोनस शेयर सूचीकृत गराएको हो । सो सभाले शून्य दशमलव ४२१ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव पनि पारित गरेको थियो ।

## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति **२०८१/०५/१०** मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविकको कम्पनी **डिलिजेन्ट फार्मेसी प्रा.लि.** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तीत नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०५/१९ गतेको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **डिलिजेन्ट मेडिहेल्थ प्रा.लि.(३०३२७७)** कायम गरीएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

# २ प्रतिशत बढ्यो नेप्से

अभियान संवाददाता

काठमाडौं

साताको चौथो कारोबार दिन नेप्से परिसूचकसँगै कारोबार रकममा पनि वृद्धि भएको छ। नेप्से परिसूचक २ प्रतिशत बढेर २ हजार ६६५ दशमलव ४५ विन्दुमा पुगेको हो। अघिल्लो कारोबार दिन रू. ६ अर्ब १९ करोड बराबरको कारोबार भएकोमा यस दिन बढेर रू. ९ अर्ब २० करोड बराबरको कारोबार भएको हो।

लामो समयदेखि बजार 'साइडवेज' र 'करेक्सन'मा रहेको थियो। यस अवधिमा धेरैजसो कम्पनीको शेयर मूल्य न्यून विन्दुमा झरेको थियो। जसकारण पनि खरीदकर्ताहरू आकर्षित भएको देखिन्छ।

कारोबारमा आएका धितोपत्रमध्ये कर्पोरेट डेभलपमेन्ट बैंक र दोल्ती पावर कम्पनीको शेयर मूल्य अघिल्लो कारोबार दिनको तुलनामा १० प्रतिशतका दरले वृद्धि भएको हो। कर्पोरेट डेभलपमेन्ट बैंकको शेयर मूल्य प्रतिकित्ता रू. १ हजार ७५७ दशमलव ८० र दोल्ती पावरको रू. ९२५ दशमलव १० पुगेको छ।

बुधवार बाराही हाइड्रोपावर पब्लिक लिमिटेडका शेयरधनीले धेरै गुमाएका छन्। यस कम्पनीको शेयर मूल्य ८ दशमलव २१ प्रतिशत घटेसँगै धेरै गुमाएका हुन्। शेयर मूल्य प्रतिकित्ता रू. १ हजार ४० मा झरेको छ।

सर्वाधिक शेयर खरीदविक्रीको हिस्सा एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्टले ओगटेको छ। यस कम्पनीको रू. ६१ करोड ३६ लाख बराबरको शेयर खरीदविक्री भएको हो। शेयर मूल्य प्रतिकित्ता रू. १ हजार २०७ दशमलव ८० कायम भएको छ। सर्वाधिक शेयर खरीदविक्री हुने दोस्रोमा नेपाल पुनर्बीमा कम्पनीको रू. ४१ करोड २९ लाख बराबरको खरीदविक्री भएको हो।

कारोबारमा आएका १३ समूहगत सूचक सबै बढेका छन्। तीमध्ये 'अन्य' समूहको सूचक सबैभन्दा बढी ४ दशमलव २४ प्रतिशत वृद्धि भएको छ।

**बजार पूँजीकरण बढ्यो**

बुधवार बजार पूँजीकरण रू. ८६ अर्ब ८६ करोडले बढ्दै रू. ४४ खर्ब २१ अर्ब १८ करोड कायम भएको छ। अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४३ खर्ब ३४ अर्ब ३१ करोड थियो।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा बुधवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ। कुल कारोबारमध्ये ३६ दशमलव ३५ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. ३ अर्ब ३४ करोड ४८ लाख बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा लगानी समूह रहेको छ। उक्त समूहको रू. १ अर्ब २६ करोड ७४ लाख बराबरको धितोपत्र किनबेच भएको छ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

बुधवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ। उक्त ब्रोकरबाट रू. १ अर्ब ७३ करोड ६१ लाख बराबरको धितोपत्र किनबेच भएको हो। कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ८८ करोड ८५ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ८४ करोड ७५ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ। यस्तै, दोस्रोमा ब्रोकर नं. ३४ रहेको छ। जसबाट बुधवारको बजारमा रू. ८५ करोड २९ लाख बराबरको धितोपत्र किनबेच भएको छ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड | १,७५७.८० | १०.०० | बाराही हाइड्रोपावर पब्लिक लिमिटेड | १,०४०.०० | -८.२१ |
| दोल्ती पावर कम्पनी लिमिटेड | ९२५.१० | १०.०० | बिओके डिबेन्चर २०८६ केए | १,११५.३० | -६.९४ |
| ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १,३९८.९० | ९.८१ | रिभर फल्स पावर लिमिटेड | १,१४१.०० | -५.६२ |
| हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड | २५७.०० | ८.४८ | हिमालयन बैंक लिमिटेड बन्ड २०८६ | १,१४५.०० | -२.९९ |
| सुपर मादी हाइड्रोपावर लिमिटेड | १,३८६.०० | ८.२० | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २,७६१.१० | -२.८१ |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | ३३४.४८ | ३६.३५ |
| २ | लगानी | १२६.७४ | १३.७७ |
| ३ | अन्य | ८६.२९ | ९.३८ |
| ४ | विकास बैंक | ८१.७६ | ८.८८ |
| ५ | जीवन बीमा | ५४.१६ | ५.८९ |
| ६ | बैंकिङ्ग | ५१.५७ | ५.६० |
| ७ | वित्त | ४०.८० | ४.४३ |
| ८ | लघुवित्त | ३६.६६ | ३.९८ |
| ९ | निर्जीवन बीमा | २८.६९ | ३.१२ |
| १० | ऋणपत्र | २८.२७ | ३.०७ |
| ११ | उत्पादन तथा प्रशोधन | २०.६५ | २.२४ |
| १२ | होटल तथा पर्यटन | १५.७५ | १.७१ |
| १३ | संस्थापक शेयर | ११.२९ | १.२३ |
| १४ | व्यापार | २.०४ | ०.२२ |
| १५ | म्युचुअल फण्ड | १.१० | ०.१२ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) | अन्तिम मूल्य(रू.) |
|---|---|---|
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | ६१.३६ | १,२०७.८० |
| नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | ४१.२९ | ९२०.०० |
| हिमालयन रिइन्स्योरेन्स लिमिटेड | ३१.९६ | ८७६.०० |
| सिईडिबि होल्डिङ्ग्स लिमिटेड | २९.४२ | १,८५१.०० |
| सप्तकोशी डेभलपमेन्ट बैंक लि. | २५.०८ | १,३६५.०० |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | अन्य | २,०९०.७४ | ४.२४ |
| २ | लगानी | १०५.१७ | ३.८२ |
| ३ | विकास बैंक | ५,५१५.०८ | २.७४ |
| ४ | होटल तथा पर्यटन | ६,८८३.१३ | २.७२ |
| ५ | व्यापार | ४,४७१.४२ | २.४५ |
| ६ | जलविद्युत् | ३,७२७.१९ | २.१२ |
| ७ | जीवन बीमा | १३,०७६.६६ | १.८९ |
| ८ | बैंकिङ्ग | १,३५९.१५ | १.३२ |
| ९ | लघुवित्त | ४,९०३.५८ | १.०७ |
| १० | निर्जीवन बीमा | १२,८८३.८९ | १.०० |
| ११ | वित्त | २,६२८.७३ | ०.८९ |
| १२ | म्युचुअल फण्ड | २०.१४ | ०.४९ |
| १३ | उत्पादन तथा प्रशोधन | ७,०८०.१९ | ०.०८ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ८४.७५ | ८८.८५ | १७३.६१ |
| ३४ | ६०.६९ | २४.५९ | ८५.२९ |
| ४९ | २५.३९ | ३२.३६ | ५७.७६ |
| ४५ | २७.३० | ३०.३५ | ५७.६५ |
| ४२ | २६.८७ | २५.५४ | ५२.४१ |

**एशियाली शेयर बजारका सूचक (अपडेट : २०२५ जनवरी २२)**

| स्टक एक्सचेन्ज | सूचकको नाम | इन्डेक्स | फरक प्रतिशत |
|---|---|---|---|
| बम्बई स्टक एक्सचेन्ज | बीएसई सेन्सेक्स | ७६,४०४.९९ | ०.७५% |
| नेशनल स्टक एक्सचेन्ज | निफ्टी ५० | २३,१५५.३५ | ०.५७% |
| जापान एक्सचेन्ज ग्रुप | निक्केइ २२५ | ३९,६४६.२५ | १.५८% |
| हङकङ स्टक एक्सचेन्ज | हैंग सेंग | १९,७७८.७७ | -१.६३% |
| संघाई स्टक एक्सचेन्ज | संघाई एसई कम्पोजिट इन्डेक्स | ३,२१३.६२ | -०.८९% |

**आईपीओ अपडेट (वैदेशिक रोजगारीमा रहेका नेपाली)**

| कम्पनी | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड |
|---|---|
| दिन | २०८१ माघ ९ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | २ लाख २५ हजार |
| आवेदक संख्या | २६ हजार २४१ |
| आवेदन परेको कित्ता | ८ लाख ३९ हजार १४० |
| आवेदन परेको रकम | ८ करोड ३९ लाख १४ हजार |
| निष्कासनको तुलनामा माग | ३.७३ गुणा |
| निष्कासन बन्द हुने मिति | २०८१ माघ २२ गते |
| विक्री प्रबन्धक | एनआइएमबि एस क्यापिटल लिमिटेड |

स्रोत : सीडीएससी

**होटल तथा पर्यटन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ माघ ०९)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | तारागाउँ रिजेन्सी होटल्स लि. | ११८३ | १५३८ | ६९५.१ |
| २ | कालिञ्चोक दर्शन लिमिटेड | ११२२ | १३८१ | ७३५ |
| ३ | सिटि होटल लिमिटेड | ९२९.५ | ११६८.५ | ५५९ |
| ४ | ओरियण्टल होटल्स लिमिटेड | ९०७.२ | १२०५ | ७०४ |
| ५ | चन्द्रागिरि हिल्स लिमिटेड | ९०६ | १३६० | ७६० |
| ६ | सोल्टी होटल लिमिटेड | ५१८ | ६३६.५ | ४१६.५ |

# निक्षेपउपर हकदावीगर्ने सम्बन्धी १५ दिने सूचना

तपसिलमा उल्लिखित यस बैंकका खातावालहरुको मृत्यु भएको हुँदा निजहरुको नाममा यस बैंकको शाखा कार्यालयहरुको खातामा रहेको रकम पाउँ भनी मृतकका देहायका हकवालाहरुले आवश्यक कागजात सहित यस बैंकका सम्बन्धित शाखामा निवेदन दिनुभएको हुँदा उक्तखातावालको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ताहकदारले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र स:प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिमभई जाने जानकारी गराइन्छ।

| सि.नं | मृतकखातावालको नाम | ठेगाना | खाता नं. | शाखा | मृत्यु भएको मिति | हकदाबीगर्ने/निवेदकको नाम, ठेगाना र (मृतकसंगको नाता) |
|---|---|---|---|---|---|---|
| १ | **राजेश्वरी श्रेष्ठ**<br>(प्रोपाइटर सालिके अफसेट प्रेस)<br>बाबु : माधवानन्द वैध<br>ससुरा : पुर्ण दास श्रेष्ठ | बाग्मती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २५, न्हौखा | चल्ती खाता नं.<br>१६९०१०१७५०१४४३ | घण्टाघर | २०८१/०३/२० | बाग्मती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २५, न्हौखा बस्ने सरजु सालिके (छोरा) |
| २ | **श्याम काजी कायस्थ**<br>बाबु : डबल काजी कायस्थ<br>बाजे : मंगललाल कायस्थ | जिल्ला दोलखा कालिन्चोक गाउँपालिका वडा नं ७ | बचत खाता नं.<br>१६९१००१७५१४८५२ | घन्टाघर | २०७८/०५/११ | दोलखा जिल्ला, कालिन्चोक गाउँपालिका वडा नं ७ बस्ने लक्ष्मी कायस्थ (श्रीमती) |
| ३ | **टिका प्रसाद गुरुङ्ग**<br>बाबु : चिन वहादुर गुरुङ्ग<br>बाजे : हर्क वहादुर गुरुङ्ग | रुपन्देही जिल्ला देवदह नगरपालिका वडा नं. ७ | बचत खाता नं.<br>१०१००१७५१०४०१ | बुटवल | २०८१-०७-०८ | रुपन्देही जिल्ला देवदह नगरपालिका वडा नं. ७ बस्ने मनकला गुरुङ्ग (श्रीमती) |
| ४ | **बानु उपाध्यय**<br>बाबु : मुरली प्रसाद उपाध्यय<br>बाजे : रुद्र लाल उपाध्यय | काठमाडौं जिल्ला, काठमाडौं महनगरपालिका, वडा नं. १४ | बचत खाता नं.<br>३८१००१७५०१३३८ | कुलेश्वर | २०८१/०८/१४ | काठमाडौं जिल्ला, काठमाडौं महनगरपालिका, वडा नं. १४ बस्ने अनिशा उपाध्यय (छोरी) |
| ५ | **ज्ञानप्रसाद उप्रेती**<br>(बाजे : भवनाथ उप्रेती<br>बाबु : मणिलाल उप्रीती) | धादिङ जिल्ला, नौबिसे गाउँपालिका वडा नं. ९ | बचत खाता नं.<br>३८१००१७५०१४०७ | कुलेश्वर | २०७२/११/१८ | धादिङ जिल्ला, धुनिबेशी नगरपालिका, नौबिसे वडा नं.६ बस्ने राजा राम उप्रेती(छोरा) |
| ६ | **आदित्य लामा लोप्चन**<br>बाबु : कृष्ण बहादुर तामाङ<br>बाजे : टुल्कु तामाङ | काभ्रेपलाञ्चोक जिल्ला, बोल्देफेदिचे गाउँपालिका वडा नं १ | बचत खाता नं:<br>०३१००१७५०१४५२ | न्युरोड | २०८१/०४/३१ | काभ्रेपलाञ्चोक जिल्ला, ठूलो पर्सेल गाउँपालिका वडा नं ३ बस्ने मुनिया तामाङ (श्रीमती) |
| ७ | **किरण कुमार शर्मा**<br>बाबु : गेहेन्द्र हरी शर्मा<br>बाजे : दिवाकर शर्मा | मोरङ्ग जिल्ला, विराटनगर महानगरपालिका वडा नं १४ | बचत खाता नं:<br>०२१००१७५४४२३० | न्युरोड | २०८०/१२/०७ | मोरङ्ग जिल्ला, विराटनगर महानगरपालिका वडा नं २० बस्ने राजेश शर्मा (भाई) |
| ८ | **मन कुमारी राई**<br>बाबु : चन्द्र बहादुर राई<br>बाजे : आश धोज राई | सुनसरी जिल्ला धरान उपमहानगरपलिका वडा नं. १६ | बचत खाता नं.<br>१६१००१७५०२७२७ | धरान | २०८१/०३/२७ | सुनसरी जिल्ला धरान उपमहानगरपलिका वडा नं. १६ बस्ने यम बहादुर राई (छोरा) |
| ९ | **श्याम बहादुर थापा श्रेत्री**<br>बाबु : खड्क बहादुर थापा<br>बाजे : तिलक बहादुर थापा | नुवाकोट जिल्ला शिवपुरी वडा नं. ३ | बचत खाता नं.<br>१८६१००१७५०००६८<br>र<br>१७०१००१७५०७०१६. | कपन | २०८१/०६/०३ | नुवाकोट जिल्ला शिवपुरी वडा नं. ६ बस्ने बिमला देवी थापा (श्रीमती) |
| १० | **लखरजिया देवी धानुक**<br>बाबु : नवाब महतो धानुक<br>बाजे : भिखारी महतो | पर्सा जिल्ला बिरगंज महानगरपालिका वडा नं. २८ बगही | बचत खाता नं.<br>२१९१००१७५१२०१५ | परवानीपुर | २०८१/०५/२० | पर्सा जिल्ला बिरगंज महानगरपालिका वडा नं. २८ बगही बस्ने सिता देवी (बुहारी) |
| ११ | **टिकादेवी कार्की**<br>बाबु : भक्त बहादुर बुढाथोकी<br>बाजे : सनमन बुढाथोकी | दोलखा जिल्ला भिमेश्वर नगरपालिका वडा नं ५ | बचत खाता नं.<br>५०१००१७५०७७८२ | बालकुमारी | २०७९/०९/१८ | दोलखा जिल्ला भिमेश्वर नगरपालिका वडा नं ६ बस्ने नवराज कार्की (छोरा) |
| १२ | **शिवलाल डंगोल**<br>बाबु : मान बहादुर डंगोल<br>बाजे : शङख बिर | ललितपूर जिल्ला खोकना गा.वि.स. वडा नं ३ | बचत खाता नं.<br>५०१००१७५०२५१९ | बालकुमारी | २०८१/०४/२४ | ललितपूर जिल्ला साबिक माहालक्ष्मी नगरपालिका वडा नं ४ इमाडोल बस्ने दुर्गा डंगोल (श्रीमती) |
| १३ | **रुपा बटाला**<br>बाबु : जया बटाला<br>बाजे : प्रसादे बटाला | कैलाली जिल्ला लम्कीचुहा न.पा. वडा नं. १ | बचत खाता नं.<br>११५१००१७५००८३७ | लम्की | २०८१/०४/०९ | कैलाली जिल्ला लम्कीचुहा न.पा वडा नं. १ बस्ने पिङ्की बटाला (श्रीमती) |
| १४ | **श्रीरंग बल्लभ पन्त**<br>बाबु : टिका बल्लभ पन्त<br>बाजे : नर बल्लभ पन्त | बाग्मती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ०१, नक्साल | बचत खाता नं.<br>०११००१३३४७२०१ | तीनधारा | २०६५/०९/१३ | बाग्मती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ०१, नक्साल, नारायणचौर बस्ने किरण बल्लभ पन्त (छोरा) |
| १५ | **गीता कुमारी श्रेष्ठ**<br>बाबु : शेर नारायण श्रेष्ठ<br>श्रीमान : मेघ राज श्रेष्ठ | कास्की जिल्ला पोखरा मा.न.पा. वडा नं १ | बचत खाता नं.<br>०६११००१७५०२८४२ | बगर | २०८१/०१/१५ | कास्की जिल्ला पोखरा मा.न.पा.वडा नं १ बस्ने मेघ राज श्रेष्ठ (श्रीमान) |
| १६ | **ईश्वर मान प्रधान**<br>बुबा : गोबिन्द मान प्रधान | ललितपुर जिल्ला, ललितपुर महा( नगरपालिका, वडा नम्बर ८ | बचत खाता नं.<br>०१९१००१७५१७१४९ | पुल्चोक | २०८१/०४/२९ | ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नम्बर ८ बस्ने सानु छोरी प्रधाना (श्रीमती) |
| १७ | **रुकु विष्ट**<br>बाबु : जगत बहादुर ठकुरी<br>बाजे : नर बहादुर ठकुरी | काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा. वडा नं १२ | बचत खाता नं.<br>१२११००१७५०१७९० | बनेपा | २०८१/०५/१० | काभ्रेपलाञ्चोक जिल्ला महेन्द्रज्योती गा.वि.स वडा नं २ बस्ने प्रल्हाद विष्ट (श्रीमान) |
| १८ | **बिना खनाल**<br>बाबु : भुपेन्द्र पुरुष ढकाल<br>वाज : उपेन्द्र पुरुष ढकाल | वांके जिल्ला नेपालगंन्ज वडा नं ०३ हाल भक्तपुर जिल्ला सुर्यविनायक वडा नं ०२, | बचत खाता नं.<br>३४१००१७५१२७२१ | कौशलटार | २०७८/०७/२५ | ललितपुर जिल्ला ललितपुर वडा नं ०२, धोबीघाट बस्ने माधव प्रसाद खनाल (श्रीमान) |
| १९ | **मन राज रेग्मी**<br>बुवा : तुला राम रेग्मी<br>बाजे : हरी प्रसाद रेग्मी | कञ्चनपुर जिल्ला, बेलौरी न.पा. वडा नं. १० | २४८१००१७५०२९८१ | कलकत्ता | २०८१/०८/०८ | कञ्चनपुर जिल्ला, रामपुर बिलासीपुर वडा नं.२ हाल बेलौरी न.पा. वडा नं. १० बस्ने लक्ष्मी देवी रेग्मी (श्रीमती) |
| २० | **मुरली राज जोशी**<br>बाबु : धर्म ध्वज जोशी<br>बाजे : ईश्वरी प्रसाद | तनहुँ जिल्ला वसन्तपुर वडा नं. ५ | बचत खाता नं.<br>३६१००१७५०७६९६ | मैतिदेवी | २०८०/१०/०३ | स्थाई : तनहुँ जिल्ला बसन्तपुर वडा नं. ५ हाल : काठमाडौं जिल्ला काठमाडौं वडा नं. ९ बस्ने लिला कुमारी जोशी (श्रीमती) |
| २१ | **मान बहादर तामाङ**<br>बाबु : छन लामा<br>बाजे : गडा सिंह तामाङ | गोरखा जिल्ला मिरकोट गा.प. वडा न ५ | बचत खाता नं.<br>१८३१००१७५०७०३४ | कुमारीपाटी २ | २०८०/०७/१६ | धादिङ जिल्ला कुतल गा प वडा न ३ बस्ने मनमाया तामाङ (श्रीमती) |
| २२ | **कान्छी के सी**<br>बाबु : पदम बहादुर खड्का<br>श्रीमान : बिष्णु के सी | ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १८ | बचत खाता नं.<br>१७२१००१७५००३८० | भैंसेपाटी | २०७५/०९/३० | ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १८ बस्ने शुभद्रा के सी (बुहारी) |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
बिहीवार, १० माघ २०८१ | Thursday, 23 January 2025
आर्थिक अभियान




*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

**बुधवार 'प्रोजिल ग्रीन इनर्जी समिट'को उद्घाटन गर्दै विद्युत् नियमन आयोगका अध्यक्ष डा. रामप्रसाद धिताल ।**

# आइएमएफसँग ५ अर्ब ६० करोडको ऋण सम्झौता

काठमाडौं (अस) । नेपालको आर्थिक सुधार कार्यक्रमअन्तर्गत अन्तरराष्ट्रिय मुद्रा कोष (आइएमएफ) र नेपाली अधिकारीबीच विस्तारित ऋण सुविधा (ईसीएफ) व्यवस्थाको पाँचौं समीक्षाका लागि कर्मचारीस्तरीय सम्झौता भएको छ । सम्झौता अनुसार कोषले नेपाललाई ४ करोड ६ लाख अमेरिकी डलर (करीब ५ अर्ब ६० करोड रुपैयाँ)को वित्तीय पहुँच प्रदान गर्नेछ । यो सम्झौता आइएमएफको कार्यकारी बोर्डको अनुमोदनपछि मात्रै कार्यान्वयनमा आउनेछ ।

सन् २०२३/२४ मा शुरू भएको आर्थिक सुधार प्रक्रिया भीषण बाढीका कारण प्रभावित भए पनि आगामी आर्थिक वर्षमा सुधारको अपेक्षा गरिएको छ । बाढीपछिको पुनर्निर्माण प्रयास र सार्वजनिक पूँजीगत खर्चले अर्थतन्त्रलाई सुदृढ बनाउने विश्वास आइएमएफले व्यक्त गरेको छ । आर्थिक पुनर्निर्माणसँगै नेपालले वित्तीय क्षेत्रको जोखिम न्यूनीकरण, सम्पत्ति शुद्धीकरण सुधार र सार्वजनिक संस्थानहरूको वित्तीय पारदर्शितामा सुधार गर्न प्रमुख संरचनात्मक सुधार गरिरहेको बताइएको छ । आर्थिक वृद्धिको गति जारी रहने अपेक्षासहित बाढीपछिको पुनःस्थापना, यातायात सञ्जालको मर्मत र कृषि उत्पादनमा सुधारले समग्र आर्थिक अवस्थालाई सकारात्मक बनाउने आइएमएफले उल्लेख गरेको छ ।


# जीवन बीमा कम्पनीको व्यवसाय ८.६८ प्रतिशतले बढ्यो

**अभियान संवाददाता**
काठमाडौं

चालू आर्थिक वर्ष (आव) २०८१/८२ को पुससम्ममा जीवन बीमा कम्पनीहरूको व्यवसाय ८ दशमलव ६८ प्रतिशतले बढेको छ । नेपाल बीमा प्राधिकरणले प्रकाशित गरेको तथ्यांक अनुसार चालू आवको पुससम्ममा लघुबाहेकका १४ ओटा जीवन बीमा कम्पनीहरूले ८० अर्ब ६६ करोड रुपैयाँ बीमाशुल्क संकलन गरेका छन् । गत आवको पुससम्ममा ७४ अर्ब २२ करोड रुपैयाँ बीमाशुल्क उठाएका थिए ।

चालू आवको पुसमा मात्र कम्पनीहरूले ४ लाख ३३ हजार बीमालेख विक्रीबाट १४ अर्ब ९२ करोड रुपैयाँ बीमाशुल्क उठाएका छन् । अघिल्लो वर्ष भने ४ लाख ४२ हजार बीमालेखबाट १२ अर्ब ४७ करोड रुपैयाँ बीमाशुल्क संकलन गरेका थिए ।

चालू आवको पुससम्ममा नेपाल लाइफ इन्स्योरेन्सले सबैभन्दा बढी १७ लाख ८३ हजार ५९२ ओटा बीमालेख विक्री गरी २२ अर्ब ४५ करोड ७७ लाख रुपैयाँ बीमाशुल्क संकलन गरेको छ । सन नेपाल लाइफको सबैभन्दा कम २ अर्ब रुपैयाँ मात्र छ ।




**मङ्सिरसम्ममा जीवन बीमा कम्पनीहरूले कुल ६५ अर्ब ७४ करोड १८ लाख रुपैयाँ कुल बीमाशुल्क संकलन गरेकोमा गतवर्षको तुलनामा ६ दशमलव ४७ प्रतिशतले बढेको थियो ।**

मङ्सिरसम्ममा जीवन बीमा कम्पनीहरूले कुल ६५ अर्ब ७४ करोड १८ लाख रुपैयाँ कुल बीमाशुल्क संकलन गरेकोमा गतवर्षको तुलनामा ६ दशमलव ४७ प्रतिशतले बढेको थियो ।

आर्थिक गतिविधिमा आएको सुधारसँगै बीमा कम्पनीहरूको व्यवसायमा पनि सकारात्मक प्रभाव देखिएको प्राधिकरणका प्रवक्ता सुशीलदेव सुवेदी बताउँछन् । बैंक, वित्तीय संस्थाहरूबाट विस्तारै कर्जा प्रवाह बढ्न थालेको र यसले आर्थिक गतिविधि बढ्दा बीमा कम्पनीहरूको व्यवसाय पनि सुधार भएको उनको भनाइ छ ।

**लघुबीमाको व्यापार ५१ करोडमाथि**

यसैगरी चालू आवको पुससम्ममा लघुबीमा कम्पनीहरूले ६ लाख ६९ हजार २४४ बीमालेख जारी गरी ५१ करोड २९ लाख रुपैयाँ बीमाशुल्क उठाएका छन् । यस अवधिमा गार्डियन माइक्रो लाइफले २० करोड २० लाख रुपैयाँ, केष्ट माइक्रो लाइफले १८ करोड ६४ लाख रुपैयाँ र लिबर्टी माइक्रो लाइफले १२ करोड ४४ लाख रुपैयाँ बीमाशुल्क संकलन गरेको प्राधिकरणले जनाएको छ ।

# ह्वात्तै बढ्यो प्रशोधित खानेतेलको निर्यात



**ओमप्रकाश खनाल**
वीरगञ्ज

| चालू आवको ६ महीनामा भटमास, सूर्यमुखी तथा पाम तेलको निर्यात | |
|---|---|
| वस्तु | निर्यात (रू. अर्ब) |
| भटमासको तेल | १८ अर्ब ९१ करोड |
| सूर्यमुखी तेल | ४ अर्ब ९८ करोड |
| पाम तेल | १ अर्ब १३ करोड |

*स्रोत : भन्सार विभाग*

भारतले अन्य देशबाट आयातित कच्चा भटमासको तेल, सूर्यमुखी तेल र पाम तेलमा भन्सार आयातमा भन्सार शुल्क बढाएसँगै शून्य भन्सारको सुविधा पाएको नेपालबाट यी वस्तुको निकासी ह्वात्तै बढेको छ । यी वस्तुको प्रशोधन गरी भारत निर्यात भएको हो । चालू आर्थिक वर्षको प्रथम ६ महीनामा यो तीन वस्तुको निर्यात मात्रै २५ अर्ब रुपैयाँ पुगेको भन्सार विभागको तथ्यांक छ, जुन कुल निर्यातको २५ प्रतिशतभन्दा बढी हो । उक्त अवधिमा नेपालको कुल वस्तु निर्यात ९८ अर्ब ७८ करोड रुपैयाँ बराबर पुगेको छ ।

भारतले सन् २०२४ को सेप्टेम्बरको शुरूमै कच्चा भटमास, सूर्यमुखी तेल र पाम तेलमा लाग्दै आएको भन्सारदर शून्यबाट बढाएर २० प्रतिशत पुऱ्याएको थियो । तर, अन्य करसहित कच्चा तेल आयातमा लाग्ने जम्मा करको दर २७ दशमलव ५ प्रतिशत हुने भारतीय सरकारले बताएको छ । नेपाल-भारतबीच भएको व्यापार सन्धिअनुसार नेपालले शून्य भन्सारमा भारतमा सामान निर्यात गर्न पाउँछ । त्यसैको लाभ लिँदै नेपाली व्यापारीले यी तेल प्रशोधन गरी भारत निर्यात बढाएका हुन् । चालू आवको पहिलो ६ महीनामा भटमासको तेल सबैभन्दा धेरै १८ अर्ब ९१ करोड बराबरको निर्यात भएको छ । सूर्यमुखी तेल ४ अर्ब ९८ करोड बराबर भएको छ र बाँकी पाम तेलको निर्यात भएको छ ।

वीरगञ्ज नाकाबाट साउनदेखि पुससम्म करीब १२ अर्ब रुपैयाँको भटमासको प्रशोधित तेल निकासी भएको छ । यो नाकाबाट ११ अर्ब ९९ करोड १८ लाख रुपैयाँबराबरको यस्तो तेल निर्यात भएको वीरगञ्ज भन्सारका प्रमुख प्रशासक दीपक लामिछानेले बताए । भारततर्फको निकासी बढेसँगै भटमासको तेल निर्यात सूचीको अग्रस्थानमा पुगेको छ । प्रशोधित तेल निर्यात हुने मुख्य नाका वीरगञ्जको आईसीपी भन्सारको तथ्यांकले यस्तो देखाएको हो । बारा-पर्साका एक दर्जनभन्दा बढी उद्योगले यो नाकाबाट अर्धप्रशोधित र प्रशोधित खानेतेलको तेल निर्यात गर्छन् ।

भारतले अन्य देशबाट आयात गरिने कच्चा भटमासको तेल, सूर्यमुखी तेल र पाम तेलमा भन्सार बढाएपछि शून्य भन्सारको सुविधाका कारण नेपालबाट प्रशोधित भटमास र सूर्यमुखी तेलको निर्यात ह्वात्तै बढेको छ । भन्सार बढाए पनि पाम तेलको निर्यातमा भने ह्रास आएको भन्सार विभागले बताएको छ । वीरगञ्ज आईसीपी भन्सारले सार्वजनिक गरेको निर्यात मूल्यका आधारमा मुख्य १० वस्तुको विवरणमा भटमासको प्रशोधित तेल १ नम्बरमा परेको छ । गत आव २०८०/८१ को समीक्षा अवधिमा यो वस्तुको निकासी मूल्य ३ करोड ११ लाख रुपैयाँमात्र थियो । चालू आवको ६ महीनामा सूर्यमुखीको प्रशोधित तेलको निर्यात पनि उल्लेख्य परिमाणले बढेको छ । वीरगञ्ज नाकाबाट मात्रै बितेका ६ महीनामा ३ अर्ब २१ करोड ९१ लाख रुपैयाँबराबरको सूर्यमुखीको प्रशोधित तेल भारत निकासी भएको तथ्यांक भन्सारसँग छ । गत आवमा यो मूल्य करीब १० करोड बराबर मात्रै थियो ।

पछिल्लो समयमा भारतले ती तेलको आयातमा सीमाशुल्क बढाएसँगै नेपालबाट भारतमा प्रशोधित खानेतेलको निर्यात सहज भएको उद्योगी सुरेश रुंगटाले बताएका छन् ।

स्वदेशी उद्योगले तेस्रो मुलुकबाट अर्धप्रशोधित तेल भित्र्याएर दक्षिण एसियाली स्वतन्त्र व्यापार सम्झौता (साफ्टा)को शून्य भन्सार सहुलियतमा प्रशोधित तेल निकासी गर्दै आएका छन् ।

स्वदेशका उद्योगले अर्धप्रशोधित तेलको आयातमा १० प्रतिशत भन्सार महशुल र मूल्यअभिवृद्धि कर तिर्छन् । भारत निकासी गरेपछि भन्सारमा तिरेको सबै रकम फिर्ता पाउँछन् । भारतमा ५ प्रतिशत वस्तु तथा सेवा करमात्रै तिरेर निकासी गर्न पाउँछन् । यसरी निकासी गर्दा त्यहाँ प्रतिस्पर्धा सहज हुने उद्यमीको भनाइ छ ।

यही सहुलियत देखेर विगतमा यस्ता उद्योगमा लगानी बढेको थियो । नेपालका २५ ओटा प्रशोधित तेल उद्योगको लगानी १५ अर्ब रुपैयाँको हाराहारीमा पुगिसकेको अनुमान उद्यमी निखिल चाचानको छ ।

स्वदेशी उद्योगीले युक्रेन, इन्डोनेसिया र मलेसियाबाट अर्धप्रशोधित सूर्यमुखी, भटमास, पाम आयल भित्र्याएर प्रशोधन गरी भारततर्फ निकासी गर्दै आएका छन् । भारतले यसअघि आन्तरिक बजारमा तेलको मूल्य नियन्त्रण गर्न आयातमा शुल्क घटाएको थियो । भटमास र सूर्यमुखी तेलको ८० हजार टन परिमाणमा यस्तो शुल्क शून्य गरिएको थियो ।

अन्य आयातमा समेत शुल्क घटाएपछि नेपालबाट निर्यात करीब ठप्पजस्तै थियो । सञ्चालन खर्च जुटाउनकै लागि घाटामै भए पनि निकासी भइरहेकाले झिनो परिमाणमा गइरहेको थियो । निकासी सहज भएपछि अब भने सुधार आएको उद्योगीहरूले बताएका छन् । मूलतः तेस्रो देशबाट अप्रशोधित तेल ल्याएर नेपालमा प्रशोधनपश्चात् भारत पठाउने गरिएको छ । चालू आवको ६ महीनामा १३ अर्ब ५६ करोड रुपैयाँ बराबरको कच्चा सूर्यमुखी तेलको आयात भएको छ ।

## तथ्यांकोवाच

# प्राथमिक ब्याट्रीको विश्व आयात बजार १० अर्ब ३८ करोड अमेरिकी डलर

वर्तमान युगको अत्यावश्यक वस्तुका रूपमा परिचित प्राथमिक ब्याट्रीको बजार माग १० अर्ब ३८ करोड अमेरिकी डलर बराबर रहेको छ । यस विशाल बजार लक्षित गरी प्राथमिक ब्याट्री क्षेत्रमा नेपालले पनि आफ्नो क्षमता भ्याउने गरी उपस्थिति बढाउन सक्ने रणनीति तर्जुमा हुन आवश्यक छ ।

| आयातकर्ता मुलुक | मूल्य हजार अमेरिकी डलर | सन्तुलन | विश्व आयातमा हिस्सा (प्रतिशत) | भन्सार दर (प्रतिशत) |
|---|---|---|---|---|
| विश्व | १०,३७७,९४४ | | १०० | |
| संयुक्त राज्य अमेरिका | १,२२९,५१३ | -३०७७२३ | ११.८ | १.३ |
| भियतनाम | ८०९,७५० | -७४०७६९ | ७.८ | १५.७ |
| जर्मनी | ६५३,४६२ | -२६९६७७ | ६.३ | १.४ |
| मलेसिया | ५९२,९७३ | -३९७७६५ | ५.७ | ० |
| संयुक्त अधिराज्य | ३७८,३८४ | -२१६०५७ | ३.६ | १ |
| मेक्सिको | ३६६,००१ | -२९५५५६ | ३.५ | ० |
| फ्रान्स | ३२६,३२८ | -११४१७८ | ३.१ | १.४ |
| सिंगापुर | ३१७,५६८ | ३८८७६३ | ३.१ | ० |
| बेल्जियम | ३१२,३२२ | २२५५९२ | ३ | १.४ |
| हङकङ, चीन | ३०८,२१३ | ३७९०७ | ३ | ० |
| चीन | ३०१,५८८ | २३५६१४१ | २.९ | १०.३ |
| नेदरल्याण्ड्स | २९२,७८९ | १२४४४ | २.८ | १.४ |
| क्यानाडा | २७५,८२० | -१९८७५८ | २.७ | १.८ |
| पोल्याण्ड | २६८,९०३ | ७९७५६ | २.६ | १.४ |
| इटाली | २०७,१५३ | -१६५११५ | २ | १.४ |
| जापान | २०२,५४१ | १२३१७२ | २ | ० |
| आयरल्याण्ड | १९५,१०० | -१८७१२७ | १.९ | १.४ |
| कोरिया, गणतन्त्र | १५५,९६० | १००६६ | १.५ | ५.४ |
| रूसी संघ | १५०,५९३ | -१४८२३९ | १.५ | ७.७ |
| इन्डोनेसिया | १३३,८९१ | ३४०८९४ | १.३ | १२.५ |
| स्विट्जरल्याण्ड | १३३,६४४ | -७२७२० | १.३ | ०.४ |
| स्पेन | १२७,८६८ | -५८७४५ | १.२ | १.४ |
| अष्ट्रेलिया | १२१,६०५ | -२९९५३ | १.२ | ०.४ |
| फिलिपिन्स | ११०,३०८ | -३००८३ | १.१ | ५.३ |
| चेक गणराज्य | १०८,२४९ | -१७५६९ | १ | १.४ |
| अस्ट्रिया | ९९,२९१ | -७३८६८ | १ | १.४ |
| स्वीडेन | ९४,४५३ | -४६१७० | ०.९ | १.४ |
| भारत | ९०,२०७ | -७५४९२ | ०.९ | ९.३ |
| संयुक्त अरब इमिरेट्स | ८६,१२९ | -३७६६७ | ०.८ | ४.५ |
| नर्वे | ८५,४१३ | -६८६४० | ०.८ | ० |
| रोमानिया | ८३,४७४ | -२२५०० | ०.८ | १.४ |
| ब्राजिल | ८२,६९९ | -५७३५६ | ०.८ | ७.७ |
| डेनमार्क | ७६,२९४ | -४३२६३ | ०.७ | १.४ |
| ताइपेई, चिनियाँ | ७४,५४९ | -५६५१५ | ०.७ | ३.३ |
| टर्की | ७१,३५३ | -६६७७२ | ०.७ | २.२ |
| हंगेरी | ६८,६८१ | -३४७८१ | ०.७ | १.४ |
| थाइल्याण्ड | ५७,८४७ | २०७३६ | ०.६ | ८.३ |
| स्लोभाकिया | ५१,१८० | -३६५९० | ०.५ | १.४ |
| साउदी अरेबिया | ५०,०५७ | -४१४३७ | ०.५ | ६.७ |
| इरान | ४८,८०४ | -४८०९३ | ०.५ | ६.९ |
| युक्रेन | ४५,४२९ | -४४९०८ | ०.४ | ४ |
| इजरायल | ४१,५८४ | ६२३३९ | ०.४ | ० |
| पोर्चुगल | ४०,७३५ | -३१२३१ | ०.४ | १.४ |
| ग्रीस | ३६,४९२ | -२०७८१ | ०.४ | १.४ |
| अर्जेन्टिना | ३५,०२९ | -३५०२९ | ०.३ | १०.२ |
| न्यूजील्याण्ड | ३३,९१७ | -३३४५४ | ०.३ | ० |
| फिनल्याण्ड | ३१,५०२ | -२६८४६ | ०.३ | १.४ |
| चिली | ३०,०९२ | -२०५३३ | ०.३ | ३.२ |
| काजाकिस्तान | २७,६६५ | -२१६६१ | ०.३ | ७.७ |
| कोलम्बिया | २७,३३६ | -२६९७४ | ०.३ | ०.७ |
| पनामा | २६,६३४ | १२५३२ | ०.३ | ३.४ |
| दक्षिण अफ्रिका | २६,१५१ | -८२३ | ०.३ | ८.७ |
| पेरु | २४,३६१ | -२३९९७ | ०.२ | १ |
| नाइजेरिया | २१,७०२ | -२१६५१ | ०.२ | १८.६ |
| क्यामरुन | १९,४०६ | -१९३७४ | ०.२ | २० |
| ग्वाटेमाला | १९,१४० | -१८०५५ | ०.२ | ५ |
| इथियोपिया | १६,८७६ | -१६८७५ | ०.२ | २९.४ |
| केन्या | १६,२९३ | -१५१५१ | ०.२ | ३१.८ |
| बुल्गेरिया | १५,१६६ | -११६१६ | ०.१ | १.४ |
| लेबनान | १४,८७८ | -१२६२४ | ०.१ | ४ |
| पापुआ नयाँ गिनी | १४,७५० | -१४६१३ | ०.१ | ० |
| इजिप्ट | १४,५९७ | -९३७६ | ०.१ | २१.९ |
| क्रोएसिया | १४,४७० | -११७१८ | ०.१ | १.५ |
| सेनेगल | १४,४५७ | -१४३८८ | ०.१ | १८.६ |
| इराक | १४,३३६ | -१४२९३ | ०.१ | ... |
| डोमिनिकन रिपब्लिक | १४,००६ | -११६०२ | ०.१ | १२.१ |
| लिथुआनिया | १३,७१० | -७६४१ | ०.१ | १.४ |
| पाकिस्तान | १३,५८५ | -१३११८ | ०.१ | ९.२ |
| अंगोला | १३,०१४ | -१२८५२ | ०.१ | २ |

| आयातकर्ता मुलुक | मूल्य हजार अमेरिकी डलर | सन्तुलन | विश्व आयातमा हिस्सा (प्रतिशत) | भन्सार दर (प्रतिशत) |
|---|---|---|---|---|
| ट्युनिसिया | १२,४४९ | -९८५९ | ०.१ | २२.९ |
| कोस्टारिका | १२,३६३ | १०५८४ | ०.१ | ४.९ |
| लाटभिया | १२,३४५ | -५९४४ | ०.१ | १.४ |
| स्लोभेनिया | ११,९४४ | १७२८ | ०.१ | १.४ |
| कुवेत | ११,३८८ | -१०४७७ | ०.१ | ४.५ |
| सुडान | ११,३७३ | -११३७३ | ०.१ | ... |
| मोजाम्बिक | ११,२२४ | -१११९० | ०.१ | ६.२ |
| मोरक्को | १०,८४३ | -१०७८७ | ०.१ | २७.४ |
| कतार | १०,३४१ | -९४२१ | ०.१ | ४.५ |
| कंगो | १०,१३८ | -१०११७ | ०.१ | १३.६ |
| गिनी | ९,५१४ | -९५१३ | ०.१ | १८.६ |
| होन्डुरस | ९,३८८ | -९३५७ | ०.१ | ५.९ |
| लक्जमबर्ग | ८,८८८ | -५८०८ | ०.१ | १.४ |
| ओमान | ८,७७० | -६७८६ | ०.१ | ४.५ |
| सोमालिया | ८,७३२ | -८७३२ | ०.१ | ३३.३ |
| इक्वेडर | ८,६५० | -८६२८ | ०.१ | १५.१ |
| कम्बोडिया | ८,५०२ | -८५०० | ०.१ | ११ |
| बोलिभिया | ८,४७२ | -८४७२ | ०.१ | ११ |
| इस्टोनिया | ८,२८९ | -२२४४ | ०.१ | १.४ |
| युगान्डा | ८,२०६ | -८०७४ | ०.१ | ३१.९ |
| सर्बिया | ८,१८० | -५६२० | ०.१ | ४.३ |
| हाइटी | ८,१७२ | -८१७२ | ०.१ | ५ |
| म्यानमार | ८,१६७ | -८१६७ | ०.१ | २.८ |
| बेलारुस | ७,९६३ | -७८६५ | ०.१ | ७.७ |
| कंगो, प्रजातान्त्रिक गणतन्त्र | ७,९५६ | -७९५२ | ०.१ | १० |
| तान्जानिया | ७,७६६ | -७१९४ | ०.१ | ३२.२ |
| अल्जेरिया | ७,७१५ | -७७१३ | ०.१ | ३२.४ |
| नामिबिया | ७,५८९ | -६८५२ | ०.१ | ८.७ |
| अजरबैजान | ६,६७९ | -६६१७ | ०.१ | ४.८ |
| उरुग्वे | ६,३८४ | -६३८२ | ०.१ | ६.६ |
| जिबूती | ६,२८७ | -२७५ | ०.१ | २६ |
| टोगो | ५,९५६ | -४७२३ | ०.१ | १८.६ |
| घाना | ५,८९७ | -५८८८ | ०.१ | १८.६ |
| पाराग्वे | ५,८६८ | -५८६६ | ०.१ | ५.३ |
| निकारागुआ | ५,८३६ | -५८२९ | ०.१ | ५ |
| मेडागास्कर | ५,७०० | -५६९८ | ०.१ | १८.३ |
| एल साल्भाडोर | ५,२८२ | -५१०० | ०.१ | ४.९ |
| बोस्निया र हर्जगोभिना | ५,१०३ | -५०२८ | ० | ७.१ |
| मलावी | ४,८२२ | -४८१२ | ० | १७.२ |
| आइसल्याण्ड | ४,७८२ | -४६४१ | ० | ० |
| यमन | ४,७३४ | -४७३४ | ० | ४.६ |
| सियरा लियोन | ४,६५३ | -४६३१ | ० | १८.६ |
| बंगलादेश | ४,६२५ | -१८०८ | ० | २४.४ |
| बोत्सवाना | ४,४६८ | -३७९२ | ० | ८.७ |
| श्री लंका | ४,३६८ | -४२७५ | ० | १७ |
| जोर्डन | ४,३१३ | -३६३४ | ० | ३.९ |
| बहामास | ४,२१५ | -४१७९ | ० | २२.५ |
| जिम्बाब्वे | ४,१९१ | -४१६१ | ० | ३१.१ |
| अफगानिस्तान | ३,९७६ | -३९६८ | ० | ५ |
| मौरिटानिया | ३,८८१ | -३८८१ | ० | १९.८ |
| ट्रिनिडाड र टोबागो | ३,८७५ | -३५९८ | ० | १८.६ |
| जर्जिया | ३,८०१ | -३७६५ | ० | ० |
| साइप्रस | ३,७४७ | -३७११ | ० | १.४ |
| लिबिया, राज्य | ३,७२१ | -३७२१ | ० | ४.६ |
| ब्रुनाई दारुसलाम | ३,६५२ | -२४९५ | ० | ० |
| बहराइन | ३,५२४ | -२३५३ | ० | ४.५ |
| क्युबा | ३,४०० | -३३९२ | ० | ११.३ |
| जमैका | ३,३५७ | -३३५७ | ० | १७.३ |
| जाम्बिया | ३,२५० | -३१६३ | ० | १३.४ |
| कोट डी आइवर | ३,१९५ | -२९८६ | ० | १८.६ |
| गुयाना | ३,१३६ | -२८९४ | ० | १८.६ |
| उज्वेकिस्तान | २,९४९ | -२९०३ | ० | ८.६ |
| मोल्डोभा, गणतन्त्र | २,६६३ | -२६६३ | ० | ६.४ |
| भेनेजुएला | २,५४७ | -२५२८ | ० | १२.१ |
| बार्बाडोस | २,४५५ | -२४५२ | ० | १८.८ |
| मध्य अफ्रिकी गणतन्त्र | २,३५९ | -१७३३ | ० | १३.६ |
| लाइबेरिया | २,२७६ | -२२७६ | ० | १८ |
| माल्दिभ्स | २,२४४ | -२२४४ | ० | ५ |
| नेपाल | २,१२० | -२१२० | ० | २९.७ |

*स्रोत : आइटिसी*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित प्रधान सम्पादक : मदन लम्साल सम्पादकीय निर्देशक : केशव गौतम कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ पाञ्चायनमार्ग, थापाथली, काठमाडौं पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ इमेल : editorial@abhiyan.com.np मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर